**दश वर्षे शिक्षा योजना वेदकोट नगरपालिका, कंचनपुर (२०७८-२०८७)**

**कार्यकारी सारांश**

## १.१ पृष्ठभूमि

शिक्षा राष्ट्रको सर्वाङ्गीण विकासको आधारभूत पुर्वाधार हो । शिक्षाले मानव संसाधनको विकास गर्दै सामाजिक, आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । नेपालको संविधानले लोकतान्त्रिक, न्यायपूर्ण, समावेशी संस्कृतिको माध्यमबाट सबैका लागि न्याय, स्वतन्त्रता, समानता सहितको समाजवाद उन्मुख राष्ट्रको रुपमा विकसित गर्ने परिकल्पना गरेको छ । राष्ट्रको आर्थिक तथा दिगो विकास र स्थायित्व कायम गर्न पनि शिक्षाको महत्वपूर्ण योगदान रहेको हुन्छ । नेपालको संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीय गरी तिनैं तहका सरकारहरुको शिक्षा व्यवस्थापन सम्बन्धी कार्य एवम् अधिकार विभाजन गरेको छ । यसले उच्च शिक्षा प्रदेश र विद्यालय तहको शिक्षा स्थानीय सरकारको व्यवस्थापनमा रहने व्यवस्था गरेको छ । संविधानले निर्दिष्ट गरे अनुसारको व्यवस्था कार्यान्वयनमा सहजताका लागि नेपाल सरकारले निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, नियमावली २०७७, बालबालिकाको हक सम्बन्धी ऐन, २०७५ र राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ । उच्च शिक्षा नीति २०७२ पनि कार्यान्वयनमा रहेको छ । नेपालले सन् २०१५ मा सन २०३० सम्म पुरा गर्ने गरी संयुक्त राष्ट्र संघले निर्धारण गरेका दिगो विकास लक्ष्यमा हस्ताक्षर गरेको छ । यसको लक्ष्य ४ मा शिक्षा सम्बन्धी व्यवस्था गरेको छ । यस सन्दर्भमा संघीय तथा प्रदेश सरकारबाट निर्माण हुन लागेको शिक्षा क्षेत्र योजना २०७७ -२०८७ संग तादाम्यता राख्ने गरी वेदकोट नगरपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो । यसमा वेदकोटको समग्र शैक्षिक विकासका योजनाहरु के ? कसरी ? कसद्वारा ? कुन स्रोतसामग्रीको उपयोग गरेर ? शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने भन्ने कुरालाई मुख्य मुद्दाका रुपमा प्रस्तुत गरिएको छ । यसका साथै शिक्षामा नवीनतम सूचना सञ्चार तथा प्रविधिको प्रयोग, शिक्षकको पेसागत विकास, बालमैत्री विद्यालय वातावरण निर्माण, विद्यालय बाहिर रहेका बालवालिकाहरुलाई विद्यालय भित्र्याउने जस्ता प्राथमिक मुद्दाहरुलाई समेत समेटिएको छ ।

## १.२ वर्तमान अवस्थाः

गुणस्तरीय जीवन यापनका लागि शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाले समाजको सशक्तिकरणमा प्रत्यक्ष असर पारेको हुन्छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उच्च शिक्षालाई रोजगारमुलक तथा पहुँचमा वृद्धि गर्ने कुरा उल्लेख गरि अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई उच्च

शिक्षासम्म निःशुल्क शिक्षाको अधिकार प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ। दीगो विकास लक्ष्य (सन् २०१५-२०३०) को लक्ष्य नं ४ ले समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन शिक्षाको अवसर प्रवर्द्धन गर्ने लक्ष्य प्राप्तिमा नेपाल सरकारले राष्ट्रिय कार्यढाँचा तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यसका साथै योजनामा पुर्वीय दर्शन, स्थानीय संस्कृति, मुल्य, ज्ञान प्रणाली, इतिहास, स्वदेशी सीप, राष्ट्रियता प्रवर्द्धन तथा ज्ञान विज्ञान र प्रविधिका आधारमा शिक्षा प्रणालीको विकास गर्नु पर्ने आवश्यकता देखिएको छ। विद्यमान सामाजिक विभेद तथा अन्धविश्वासहरु हटाई न्यायपूर्ण समाज निर्माण गर्न सक्ने वैज्ञानिक सोच भएका सिर्जनशिल नागरिक तयार गर्नु आजको आवश्यकता रहेको छ। राज्य पुनर्संरचनाको प्रारम्भिक चरणमा यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि शैक्षिक संस्थाहरुको भौतिक पुर्वाधार विकास, शैक्षिक गुणस्तर वृद्धिका लागि अनुसन्धान, विशेष शिक्षाको पहुँच र गुणस्तर सुधार कार्यक्रम, उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था, क्याम्पसहरुको स्तरवृद्धिका लागि कार्यक्रम, शैक्षिक संस्था तथा समुदायमा आधारित सामुदायिक पुस्तकालय स्थापना सम्बन्धी कार्यविधि तथा मापदण्डहरु तयार गरी नगरपालिकाबाट कार्यक्रम कार्यान्वयनमा ल्याउन प्रयासरत् रहेको छ। दीगो विकास लक्ष्य संग तादाम्यता हुने गरी संघीय तथा प्रदेश सरकारले दश वर्षे (वि सं २०७७- २०८७) शिक्षा क्षेत्र योजना (Education Sector Plan) तयार गरेको छ। सहकार्य, समन्वय तथा सहअस्तित्वको संघीय संरचनाको सिद्धान्त अनुसार स्थानीय सरोकारवालाको सक्रिय सहभागितामा वेदकोट नगरपालिकाको शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने भएकोले यो १० वर्षे शिक्षा क्षेत्र योजना ( Education Sector Plan) निर्माण गरिएको हो।

## १.३ साक्षरता दरः

उपलब्ध शैक्षिक तथ्याङ्कको आधारमा नेपालको साक्षरता दर वि.स. २००७ मा २.० % , वि.स.२०१८ मा ८.९ % , वि.स.२०२८ मा १४% , वि.स. २०४८ मा ३९ % रहेको थियो भने वि.स.२०६८ को राष्ट्रिय जनगणनामा ६५.९% थियो। जस मध्ये महिलाको साक्षरता दर ५७.४ % र पुरूषको साक्षरता दर ७५.१ % रहेको छ। सुदूरपश्चिम प्रदेशको कुल साक्षरता दर ६३.५ % मध्ये महिलाको ५१.९ % र पुरूषको ७६.४ % रहेको छ (CBS, 2068) भने वेदकोट नगरपालिकाको कुल साक्षरता दर वडागत रुपमा देहायबमोजिम रहेको छ।

| साक्षर घोषणा गर्ने निर्णय भएको मिति २०७८।१२।१४ साक्षर घोषणा भएको मिति २०७८।१२।१५ | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ देखी ६० बर्ष उमेर समुहको जनसंख्या र साक्षरता घरधुरी सर्वेक्षण २०७८ अनुसार | | | | | | | | | | | | | |
| | १५ देखी ६० बर्ष उमेर समुहको जम्मा जनसंख्या | | | | १५ देखी ६० बर्ष उमेर समुहको जम्मा साक्षर जनसंख्या | | | | | | | | |
| वडा | महिला | पुरुष | तेस्रो लिंगी | जम्मा जनसंख्या | महिला साक्षर | जम्मा महिला साक्षरता प्रतिशत | पुरुष साक्षर | जम्मा पुरुष साक्षरता प्रतिशत | साक्षर तेस्रो लिंगी | तेस्रो लिंगी जम्मा साक्षरता प्रतिशत | जम्मा साक्षर | जम्मा साक्षरता प्रतिशत |
| १ | १६६२ | १६४८ | २ | ३३१२ | १५३५ | ९२ | १५६६ | ९५ | २ | १०० | ३१०३ | 95 |
| २ | १७२६ | १८२५ | ८ | ३५५९ | १६९८ | ९८ | १७३४ | ९५ | ७ | ८८ | ३४३९ | 96.62 |
| ३ | ३६९६ | २१५५ | ५ | ५८५६ | ३५०१ | ९५ | २०४७ | ९५ | ५ | १०० | ५५५३ | 95 |
| ४ | ३१७५ | १४५१ | ० | ४६२६ | ३०३५ | ९६ | १३७८ | ९५ | ० | ० | ४४१३ | 95.39 |
| ५ | २०६७ | २२५९ | ९ | ४३३५ | १९४१ | ९४ | २१९१ | ९७ | ८ | ८९ | ४१४० | 95.5 |
| ६ | १२३० | २३६४ | २ | ३५९६ | ११८८ | ९७ | २२४६ | ९५ | २ | १०० | ३४३६ | 95.55 |
| ७ | ४१७६ | २१४६ | ८ | ६३३० | ३९८९ | ९६ | २०३९ | ९५ | ७ | ८८ | ६०३५ | 9533 |
| ८ | १६०१ | १७१४ | ७ | ३३२२ | १५०३ | ९४ | १६२८ | ९५ | ६ | ८८ | ३१३८ | 94.46 |
| ९ | १९९८ | २०७३ | ९ | ४०८० | १८९८ | ९० | १९९० | ९६ | ८ | ८९ | ३८९६ | 95.49 |
| १० | ३०८७ | ३१९७ | ६ | ६२९० | ३०३३ | ९८ | ३०६६ | ९६ | ५ | ८३ | ६१०४ | 97.04 |
| **जम्मा** | **२४४१८** | **२०८३२** | **५६** | **४५३०६** | **२३३२१** | **९५** | **१९८८५** | **९६** | **५१** | **९१** | **४३२५८** | **95.5** |

घरधुरी सर्वेक्षण २०७७

## १.४ चुनौतिहरु

वेदकोट नगरपालिकाको शैक्षिक अवस्था विश्लेषण गर्दा तपशिलका चुनौतीहरु रहेका छन् ।

१. वालविकास शिक्षाको सर्वसुलभता, वालविकास केन्द्रहरुको पुनर्वितरण र सहज पहुँच तथा गुणस्तर सुधार

२. वालविकास शिक्षकको शैक्षिक योग्यता, क्षमता विकास, सेवा सुविधा, वृत्ति विकास र स्थायित्व

३. शिक्षाको गुणस्तर, शिक्षक व्यवस्थापन, विद्यालय व्यवस्थापन

४. शैक्षिक संस्था नक्शाङ्कनको आधारमा एकीकरण तथा समायोजन

५. सूचना सञ्चार तथा प्रविधिको शिक्षण सिकाइमा प्रयोग

६. विद्यालय कर्मचारीको उचित व्यवस्थापन

७. शिक्षामा लगानी, दायित्व र अपनत्व अभिवृद्धि

८. शैक्षिक योजना निर्माण तथा कार्यान्वयन

९. सिकाइ उपलब्धीको स्तरीकरण, परीक्षाफल विश्लेषण र प्रमाणीकरण

१०. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र शैक्षिक लगानी

११. तिनै तहका सरकार, दातृ निकायबीच साधनस्रोत वितरणमा समन्वय

१२. व्यावसायिक तथा प्राविधिक शिक्षाको विकास र विस्तार

१३. स्थानीय आवश्यकता समेट्ने पाठ्यक्रम पाठ्यसामग्री विकास तथा परिमार्जन

१४. शैक्षिक संस्थाहरुको नियमन र नियन्त्रण

१५. जीवनोपयोगी, मुल्य र मान्यतामा आधारित, व्यवहारिक र  सान्दर्भिक शिक्षा

१६. स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण, राष्ट्रियता प्रति सचेत र जागरुक जनशक्ति उत्पादन

१७. सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण तथा विश्वास अभिवृद्धि

१८. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका विपन्न समुदायमा शिक्षाको आकर्षण र निरन्तरता,

१९. परम्परागत सीप र प्रविधिको आधुनिकीकरण तथा संरक्षण र सम्बर्धन

२०. शिक्षण पेशामा प्रतिभाशाली जनशक्तिको आकर्षण

२१. छात्रवृत्ति, दिवाखाजा पोषण लगायत अन्य प्रोत्साहनमूलक कार्यक्रमहरुको निरन्तरता

२२. अपाङ्ग तथा लैङ्गिक मैत्री भौतिक संरचना विकास र शिक्षामा समावेशीकरण

२३. शैक्षिक संस्थाहरुमा राजनीतिक प्रभाव न्युनिकरण

२४. विद्यालयमा आधारभूत स्वास्थ्य परीक्षण संचालन आदि ।

### १.५ अवसरहरु:

१. नागरिक सचेतना अभिवृद्धि

२. पहुँचमा अभिवृद्धि

३. विद्यार्थी भर्नादर सुधार

४. लैङ्गिक समानतामा सुधार

५. संघीय संरचना तहका सरकारहरु गठन तथा कार्यारम्भ

६. स्थानीय आवश्यकता सम्बोधन गर्न सरोकारवालाको सहभागितामा शैक्षिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन

७. शिक्षामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी अभिवृद्धिका लागि संरचना तयार

८. शिक्षक व्यवस्थापनका लागि भर्ना छनौट लगायतका प्रकृयाहरुको संस्थागत सुधार

९. नीति निर्माणमा जनसहभागिता

१०.अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको लागि ऐन तथा नियमावली तर्जुमा

११. अभिभावक शैक्षिक गुणस्तरप्रति सचेत हुदै गरेको अवस्था

१२. दिगो विकासका लागि अन्तर्राष्ट्रिय साझेदारी अभिवृद्धि

१३.शिक्षकलाई पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माणको अवसर

१४.नवप्रवर्तन तथा अनुसन्धानकार्यको अवसर वृद्धि

१५.स्थानीय तथा परम्परागत ज्ञान सीपको संरक्षण र आधुनिकीकरणको अवसर

१६.सञ्चार तथा सुचना प्रविधि पहुँच विस्तार

१७.अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको संवैधानिक सुनिश्चितता

## १.६ योजना निर्माण प्रकृयाः

**शिक्षा योजना निर्माण प्रक्रिया**

यस योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था देहाय अनुसार अवलम्बन गरीएको छ :

१. विभिन्न विज्ञहरु समावेश भएको नगर शिक्षा योजना प्राविधिक समिति गठन।

२. विभिन्न विज्ञहरु समावेश भएको नगर शिक्षा योजना कार्यसमिति समिति गठन।

३. भाषा तथा विषयवस्तु सम्पादन उपसमिति गठन।

४. विद्यालयस्तरका समस्याको पहिचानका लागि आवश्यक विवरण सङ्कलन तथा समितिका सदस्यहरुलाई योजना निर्माणका विभिन्न प्रमुख क्षेत्रहरुमा अध्ययन गरी मस्यौदा तयारिको जिम्मेवारी प्रदान।

५. समिति सदस्यहरुले तयार गरेको मस्यौदाको अध्ययन तथा विष्लेषण।

६. सम्पुर्ण सदस्यहरुबाट प्राप्त प्रमुख विषयगत क्षेत्रहरु सहित नगर शिक्षा योजनाको पहिलो मस्यौदा तर्जुमा सरोकारवालाहरुसँग छलफल तथा सुझाव संकलन।

७. सुझाव सहित नगर शिक्षा योजनाको दोस्रो मस्यौदा तयार र उक्त मस्यौदा उपर कार्यपालिकाका सम्पुर्ण सदस्यहरुसँग छलफल तथा सुझाव संकलन।

८. प्राप्त सुझावको आधारमा परिमार्जित मस्यौदा तयार र नगरकार्यपालिकाको वैठकबाट स्विकृतको लागि सिफारिस गर्ने गरी नगर शिक्षा समितिमा पेश तथा आवश्यक छलफल।

९. नगर शिक्षा समितिको सिफारीस बमोजिम नगर शिक्षा योजना नगर कार्यपालिकाको बैठकमा पेश र स्वीकृत।

१०.शिक्षा, युवा तथा खेलकुद शाखाबाट नगर शिक्षा योजनाको छपाई प्रति तयार।

११.नगर शिक्षा योजना निर्माण छपाई तथा सरोकारवाला निकायमा वितरण।

## परिच्छेद २:
## शिक्षा क्षेत्र योजना

### २.१ सन्दर्भ

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको हुने र सो अनुसार राज्यशक्तिको प्रयोग तिनै तहका सरकारले नेपालको संविधान तथा कानुन बमोजिम गर्नु पर्ने संवैधानिक व्यवस्था छ। यसरी तिनै तहका सरकारहरुले प्रयोग गर्ने राज्यशक्तिलाई नेपालको संविधानको अनुसूचि ५, ६, ७, ८ र ९ मा व्यवस्था गरिएको छ। संविधानको मुल मर्म समन्वय सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित भएकोले तीनै तहका सरकारहरुले विषयगत योजना, नीति तथा कार्यक्रमहरु समन्वयात्मक ढंगबाट तर्जुमा र कार्यान्वयन गरी नगरपालिकाको शैक्षिक आवश्यकता परिपुर्तिका लागि गुणस्तरीय जनशक्ति उत्पादन तथा समुन्नत समाज निर्माणका लागि देहायको दूरदृष्टि, सोच, उद्देश्य, रणनीति तथा सूचकहरु तयार गरिएको छ।

### २.२ दूरदृष्टि

आर्थिक र सामाजिक रुपान्तरण सहितको न्यायपूर्ण र समृद्ध वेदकोट।

### २.३ ध्येय

स्थानीय आवश्यकतालाई सम्बोधन गर्नका लागि अवसरलाई सिर्जनात्मक रुपमा उपयोग गरी मौलिक मुल्य मान्यताप्रति सचेत, समता तथा समावेशितालाई आत्मसात गर्न सक्ने वैज्ञानिक सोच भएका दक्ष नैतिक एवम् सक्षम मानव संसाधनको विकास।

### २.४ उद्देश्यहरू

१. प्रारम्भिक बालविकास र शिक्षाको उमेर समूहका सबै बालबालिकाहरुलाई वालमैत्री तथा समतामूलक वातावरणमा गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चत गर्नु।
२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालवालिकालाई अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षामा समतामुलक पहुँच सुनिश्चत गर्नु।
३. माध्यमिक शिक्षामा सबैको पहुच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
४. विद्यालय शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरि स्थानीय सीप, पेशा, व्यवसायको प्रवर्द्धन मार्फत प्राविधिक ज्ञान, सीप र दक्षता सहितको आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु।
५. सबै नागरिकका लागि साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु।

६. सामाजिक न्याय सहित ज्ञानमा आधारित समाज विकासमा सहयोग गर्ने विद्यालय शिक्षाको पहुँच र गुणस्तर वृद्धि गरी योग्य, दक्ष, वैज्ञानिक, सिर्जनशील, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने अनुसन्धानमुखी जनशक्तिको उत्पादन गर्नु।
७. आपतकालीन तथा संकटपुर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।
८. विद्यालयमा सुशासन प्रबर्द्धन गर्नु

## २.५ रणनीति

उल्लिखित उद्येश्य प्राप्त गर्नका लागि तथा यस योजना कार्यान्वयनका लागि देहायका रणनीतिहरु तय गरिएको छः

१. सबै बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको पहुँचमा पुऱ्याउन सरोकारवाला व्यक्ति तथा निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
२. आवश्यकताको आधारमा प्रारम्भिक बालविकास केन्द्र स्थापना, व्यवस्थापन र पुनर्वितरण गरिनेछ ।
३. समुदायसँगको साझेदारीमा नमूना बालविकास केन्द्र स्थापना र सञ्चालन गरिनेछ।
४. संघीय तथा प्रदेश सरकारसंग समन्वय गरी विद्यालयको भौतिक आर्थिक शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको गुणस्तर प्रबर्द्धन गरिनेछ।
५. आधारभूत शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्न सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
६. माध्यमिक शिक्षामा पहुँच तथा गुणस्तर वृद्धिका लागि सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ
७. आधारभूत शिक्षामा स्थानीय पाठ्यक्रम विकास गरी स्थानीय सीप र प्रविधि मूल्य मान्यताको सम्बर्द्धनमा आवश्यक सहयोग गरिनेछ।
८. विद्यालय शिक्षाको सक्षमता वृद्धि गर्न प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धनमा आवश्यक सहयोग गरिनेछ।
९. शिक्षकको पेशागत विकासका लागि आवश्यकतामा आधारित नवप्रवर्तनात्मक तालिम सञ्चालन गरिनेछ।
१०. प्राविधिक शिक्षाको मूल प्रवाहमा आउन नसकेका सबै वर्ग, क्षेत्र र समुदायका विद्यार्थीहरुका लागि छात्रवृत्ति लगायतका प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
११. शैक्षिक गुणस्तर अभिवृद्धि तथा असल अभ्यासहरुको आदानप्रदानका लागि शैक्षिक संस्थाहरुलाई अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि सहयोग र समन्वय गरिनेछ ।
१२. परम्परागत ज्ञान र सीपमा आधारित समाज तथा अर्थतन्त्र निर्माण गर्न शैक्षिक संस्थामार्फत ज्ञान व्यवस्थापनका कार्यक्रम सञ्चालनका लागि सहयोग गरिनेछ।
१३. विशेष आवश्यकता भएका बालबालिकाको लागि आवासीय विद्यालय स्थापना तथा सञ्चालन गर्न सहयोग आवश्यक समन्वय गरिनेछ ।

१४.साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलब गर्न सामुदायिक सिकाइ केन्द्रको स्थापना पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिनेछ ।

१५. बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजालाई निरन्तरता दिइनेछ।

१६. गरिव सुविधाविहीन कठिन परिस्थितिमा रहेका र अपांगता भएका बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन निरन्तरता दिन र सिकाइमा सहभागी भइ उपलब्धी सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिनेछ।

१७. विद्यालय शिक्षामा सुशासन प्रबर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार सूचना प्रविधिमा आधारित व्यवस्थापन नतिजामा आधारित उत्तरदियत्व प्रणालीको विकास र अनुगमन तथा मुल्यांकन सयंन्त्रको विकास गरिनेछ।

१८.आपतकालीन तथा संकटपुर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न सरोकारवालाहरुसंग आवश्यक समन्वय गरिनेछ।

## २.६ अपेक्षित मुख्य उपलब्धी

यस योजनाको अन्त्यसम्ममा देहायका उपलब्धी प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुच र सहभागिता सुनिश्चित भइ गुणस्तर सुधार भएको हुने।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भइ सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने।

४. सबै नागरिकका लागि साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

५. विद्यालय शिक्षामा सुशासन प्रबर्द्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने।

६. आधारभूत शिक्षामा स्थानीय पाठ्यक्रम विकास भइ स्थानीय सीप र प्रविधि मूल्य मान्यताको सम्बर्द्धनमा सहयोग पुग्ने।

७. विद्यालय शिक्षाको सक्षमता वृद्धि भइ प्राविधिक तथा व्यावसाहिक शिक्षाको प्रवर्द्धनमा सहयोग पुग्ने।

८. शिक्षकको पेशागत विकास भएको हुने ।

९. प्राविधिक शिक्षामा सबै वर्ग, क्षेत्र र समुदायका विद्यार्थीहरुको पहुच पुगेको हुने।

१०.शैक्षिक गुणस्तर अभिवृद्धि भएको हुने।

११.ज्ञानमा आधारित समाज निर्माणमा सहयोग पुग्ने।

१२.विशेष आवश्यकता भएका सबै बालबालिकाको विद्यालयमा पहुच पुगेको हुने।

१३.बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार भएको हुने।

१४.गरिव सुविधाविहीन कठिन परिस्थितिमा रहेका र अपांगता भएका बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन निरन्तरता दिन र सिकाइमा सहभागीको लागि छात्रवृत्ति प्रणालीलाई सुदृढ भएको हुने ।

१५.आपतकालीन तथा संकटपुर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने।

## २.७ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष

| मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य | | | | |
|---|---|---|---|---|
| क्रसं | सूचकहरु | आधार वर्ष २०७७ | लक्ष्य | |
| | | | २०८२ | २०८७ |
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | कुल भर्ना दर (GIR) | ८३.५ | ९१ | १०० |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात (NIR) | ४८.८० | ५५.५५ | ७५.९९ |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९७.५ | ९९.९९ | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ५०.९९ | ६५.९९ | ८०.९९ |
| १.५ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | १०० | १०० | १०० |
| २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेश दर | १०६.३ | १०० | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर | ९७.४ | ९९.०० | १०० |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १०९.४ | ९९.०० | १०० |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९७.८ | ९९.०० | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | १०७.८ | ११५ | ११२ |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.९ | ९७.० | ९९.० |
| २.७ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.०३ | १.०२ | १.०० |
| | कक्षा १-८ को कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.०० | १.०० | १.०० |
| २.८ | कक्षा ५ पुरा गर्ने दर | ९०.६ | ९५.४ | १०० |
| | कक्षा ५ सम्मको टिकाउदर | ९३।३ | | |
| २.९ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७६.५ | ९०.० | ९६.५ |
| 2.10 | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३.२ | १.० | ०.०० |
| २।११ | कक्षा १ मा भर्ना भइ कक्षा ८ सम्म पुग्ने दर | ८२.६ | ८५.६ | ८८.६ |

| | | | | |
|---|---|---|---|---|
| | कक्षा ९ सम्मको टिकाउदर | ८६।८ | ८७.६ | ८८.६ |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | |
| 3.1 | कक्षा ९-१० मा कुल भर्ना दर | ११०.३१ | १०५.३१ | १००.०० |
| 3.2 | कक्षा ९-१० मा खुद भर्ना दर | ४७.२ | ५७.२ | ७०.२ |
| 3.3 | कक्षा ९-१२ मा कुल भर्ना दर | ८१.० | ९४.० | ९८.० |
| 3.4 | कक्षा ९-१२ मा खुद भर्ना दर | ६३.४ | ७०.० | ८०.० |
| 3.7 | कक्षा १ मा भर्ना भइ कक्षा १० सम्म पुग्ने दर | ५३.६ | ६०.० | ७०.० |
| 3.8 | कक्षा १ मा भर्ना भइ कक्षा १२ सम्म पुग्ने दर | ३१.२ | ३५.० | ६०.० |
| 3.9 | कक्षा १-१२ मा खुद भर्ना दरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०८ | १.०३ | १.० |
| ४. | १५-६० वर्षको साक्षरता दर | ९५.६४ | ९७.२ | १००.०० |
| ५. महिला शिक्षक प्रतिशत | | | | |
| ५.१ | सस्थागत विद्यालय | ५०।५८ | ५५।५५ | ६०।०० |
| ५.२ | सामुदायिक विद्यालय | १७।३६ | २०।०० | २२।०० |
| ५.३ | क) आधारभूत तह | ३७।१ | ४०।५० | ४५।५० |
| | ख) माध्यमिक तह | २२ | २५।०० | ३०।०० |
| 6. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरेका विद्यालय प्रतिशत | | | | |
| 6.1 | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ७० | ८५ | १०० |
| 6.2 | आधारभूत विद्यालय | ६० | ७० | ८० |
| 6.3 | माध्यमिक माध्यमिक | ५० | ६० | ७० |
| 8. सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपातमा दरबन्दी | | | | |
| ८.१ | प्रारम्भिक बाल विकास तथा शिक्षा | १६.१ | २५।१ | ३०।१ |
| ८.२ | आधारभूत शिक्षा (कक्षा १ - ५) | १४.१ | २०।१ | २५।१ |
| ८.३ | आधारभूत शिक्षा (कक्षा १ - ८) | २१.१ | ३०।१ | ३५।१ |
| ८.४ | माध्यमिक शिक्षा (कक्षा ९ - १०) | ५०.१ | ५०।१ | ५०।१ |
| ८.५ | माध्यमिक शिक्षा (कक्षा ११ - १२) | ५९.१ | ५०।१ | ५०।१ |

### २.८ शिक्षा क्षेत्रको योजनामा परिवर्तनको सिद्धान्त

यस योजनाको विकास गर्दा परिवर्तनको सिद्धान्तलाई आत्मसात् गरिएको छ । परिवर्तनको सिद्धान्तमा आधारित भएर योजना विकास गर्दा सर्वप्रथम हामी कहा छौं अर्थात् अवस्था के कस्तो छ समस्या तथा चुनौती के कस्ता छन् भन्ने कुराको पहिचान गरिन्छ । परिवर्तनको सिद्धान्तले वर्तमान अवस्थाबाट अपेक्षित गन्तव्यमा के कसरी पुग्ने भन्ने विचार गरी क्रमशः पछिल्ला चरणहरु पहिचान गर्न सहयोग गर्छ । शिक्षा क्षेत्रको यो योजना देहायको परिवर्तनको सिद्धान्तमा आधारित भएर बनाइएको छः

क. वर्तमान अवस्थाको विश्लेषण र समस्या तथा चुनौतीहरु पहिचान ।

ख. लक्ष तथा अपेक्षित उपलब्धि ।

ग . नतिजा ।

घ . रणनीति तथा प्रमुख क्रियाकलाप र लक्ष

# परिच्छेदः ३
# शिक्षाका उपक्षेत्रहरु

## क. प्रारम्भिक बालविकास र शिक्षा

### ३.१ पृष्ठभूमि

सामान्यतया मानवको गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकासको उमेर भनिन्छ । अतः यस उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण (शारीरिक, वौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षहरुको समुचित) विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, अभिभावक तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यहरुलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ । प्रारम्भिक बालविकासको मुख्य उद्धेश्य गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाई एवम् संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरु प्रदान गर्नु हो । दीगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये ११ ओटा लक्ष्यहरु प्रत्यक्षरुपमा प्रारम्भिक बालविकाससँग सम्वन्धित रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ । अतः शिक्षा योजनामा यसलाई विशेष प्राथमिकतामा दिन आवश्यक भएकोले वेदकोट नगरपालिकाको दश वर्षे शिक्षा योजनामा मुख्य अंग तथा नगर शिक्षा योजनाको रणनैतिक आधारका रुपमा सञ्चालन गर्ने गरी यो योजना तयार गरीएको छ ।

### ३.२ वर्तमान अवस्थाः

वेदकोट नगरपालिकामा विद्यालयमा आधारित ५४ र समुदायमा आधारित ७ गरी जम्मा ६१ वटा बालविकास केन्द्र नेपाल सरकारको नियमित अनुदान प्राप्त गरिरहेका छन्। त्यसैगरी निजी बालविकास केन्द्रहरु ८४ रहेका छन। वेदकोट नगरपालिकामा सरकारी अनुदान प्राप्त र नीजि गरी जम्मा १४५ वटा बालविकास केन्द्रहरु रहेका छन् । दरबन्दीशैक्षिक सत्र २०७८ को फ्ल्यास प्रतिवेदनका आधारमा यस नगरपालिकामा प्रारम्भिक बालविकास शिक्षामा भर्ना भएका बालबालिका संख्या २३१२ जना रहेका छ जस मध्ये बालिका १०६५ (४६.०६%) र बालक १२४७ (५३.९३%) भर्ना भएको देखिन्छ। बालविकास सहजकर्ता संख्या महिला (९२.९४%) र पुरुष २९१ (७.०६%) गरी जम्मा १४५ जना रहेको छ। बालविकास तहमा कुल प्रवेश दर ७६.२ रहेको छ।

सबै विद्यालयमा बालविकास केन्द्रको पहुँच विस्तार भएको देखिए तापनि र समुदायमा बालविकास केन्द्रको पहुँच विस्तार गर्न सकिएको छैन। त्यसैगरी उपलब्ध बालविकास केन्द्रहरु पुनर्वितरण गर्नु आवश्यक देखिएको छ। गरीव तथा विपन्न समुदायका बालबालिकाहरुको पहुँच एवम् सहभागीता अझै गराउन नसकिएको तथा सञ्चालित केन्द्रहरुमा पनि गुणस्तरीय र प्रभावकारी ढंगले सेवा प्रदान हुन सकेका छैन। त्यसैगरी अधिकांश वालविकास शिक्षकहरुको योग्यता निर्धारण र पेशागत क्षमता अभिवृद्धि पनि गर्न सकिएको छैन।

### ३ ३. चुनौतीहरु

प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रममा देखिएका प्रमुख चुनौतीहरु देहाय बमोजिम उल्लेखित छन्।

१. बालविकास र गर्भवती आमाको स्वास्थ्य र सुरक्षाप्रति चेतनाको विकास,
२. आमा तथा बालबालिकाको स्वास्थ्यमा र शिक्षामा लगानी वृद्धि,
३. प्रारम्भिक बालविकास केन्द्रको वैज्ञानिक नंक्सांकनका आधारमा स्थापना र पुनर्वितरण,
४. आधारभूत बालअधिकारको प्रत्याभूति र प्राथमिकता प्रारम्भिक उमेरका सबै बालबालिकाहरुको लागि आवश्यक स्वास्थ्य खोप पोषण सरसफाइ तथा शुद्ध पिउने पानी जस्ता एकीकृत सेवामा सुधार,
५. जोखिममा परेका अति विपन्न तथा सडक बालबालिका लागि आश्रयस्थल, बालगृह तथा गुणस्तरीय आपतकालीन सेवाको विकास तथा विस्तार ।
६. प्रारम्भिक वालविकास उमेर समुहका सबै वालवालिकाहरु विशेष गरी सिमान्तकृत समुह र अपाङ्गता भएकाहरुको प्रारम्भिक वालविकास र शिक्षामा पहुँच सुनिश्चित।
७. सबै प्रारम्भिक वालविकास तथा शिक्षा केन्द्रमा न्युनतम मापदण्ड पुरा गर्ने

### ३.४ अवसर

प्रारम्भिक बालविकास र शिक्षामा देहायका अवसरहरु रहेकाछन्।

१. नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्र भएको,
२. शिक्षा, बालअधिकार र प्रजनन अधिकारलाई मौलिक हकको रुपमा स्वीकार गरेको,

३. संघीयताको कार्यान्वयन संगै सबै तहमा शिक्षाका नयाँ योजना निर्माण गरी फ्रेस स्टार्टको अवसर रहेको,
४. शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाको रुपमा स्वीकार गरिएको,
५. विकासशील राष्ट्रको सुविधाको रुपमा अन्तर्राष्ट्रिय सहकार्यको सम्भावना रहेको,
६. विभिन्न गैरसरकारी क्षेत्रको लगानी आकर्षित गर्ने अवसर रहेको,
७. राष्ट्रिय शिक्षा नीति २०७६ तथा नेपालको संविधान २०७८ ले बालविकास र शिक्षालाई विषेश प्राथमिकता दिएको,
८. अभिभावक शिक्षा, शिशु स्याहार केन्द्र, प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालय, बालउद्यान, घरमा आधारित बालविकास कार्यक्रमहरु सञ्चालनमा रहेका।

## ३.५ उद्देश्य

यस योजनामा प्रारम्भिक वालविकास तथा शिक्षा सम्बन्धी देहायका उद्धेश्यहरु राखिएको छः

१. बालबालिकाको सर्वाङ्गीण विकासको लागि गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षा प्रदान गर्न नीतिगत, संस्थागत तथा समन्वय संयन्त्र निर्माण गर्ने,
२. प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकको सेवा सुविधा तथा पेशागत विकासमा सहयोग गर्ने ,
३. बालविकास शिक्षाको व्यवस्थापनका लागि साधनस्रोत पहिचान र परिचालनमा सहयोग गर्ने,
४. सुविधाविहिन तथा अपाङ्गता भएका बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षाको सुनिश्चितताको अवसर सिर्जना गर्न सहयोग गर्ने,
५. एकीकृत सेवा (खोप, पोषण, शिक्षा, संरक्षण तथा समुदायको सहभागिता) प्रवाह सहित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा सहयोग गर्ने
६. चार वर्ष उमेरका सबै वालवालिकाको सर्वाङ्गिण विकास र आधारभुत शिक्षाको तयारीका लागि सहयोग गर्ने
७. सबै वालवालिकाहरुलाई प्रारम्भिक वाल विकास र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु।

## ३.६ रणनीतिहरू

यस योजनामा प्रारम्भिक वाल विकास र शिक्षाको उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरु तय गरिएका छन्।

१. गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको सेवा प्रवाहको लागि कानुनी, संस्थागत तथा समन्वय संयन्त्र तयार गरिनेछ।
२. प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकाहरुलाई गुणस्तरीय सेवा उपलब्ध गराउन आवश्यकताको आधारमा प्रारम्भिक बालविकास केन्द्र स्थापना र पुनर्वितरण गरिनेछ ।

३. बालविकास शिक्षकको पेशागत अभिवृद्धिका लागि मापदण्ड तयार गरिनेछ।
४. बालविकास तथा शिक्षाका शिक्षकहरुको क्षमता विकास गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गरिनेछन्।
५. बालविकास केन्द्रको आर्थिक व्यवस्थापनका लागि संघ, प्रदेश सरकार र समुदाय तथा विकास साझेदारसँग समन्वय तथा सहयोग गरिनेछ।
६. बालविकास केन्द्रको कार्यसम्पादनको आधारमा अनुदान प्रदान गर्ने पणालीको विकास तथा कार्यान्वयन गरिनेछ।
७. अनाथ, असहाय, विपन्न, दुर्गम क्षेत्र र लक्षित वर्गका बालबालिकालाई बालविकास शिक्षाको पहुँचमा ल्याउन आवश्यक सहयोगको वातावरण सृजना गरिनेछ।
८. अपाङ्गता भएका बालबालिकाको बालअधिकार तथा शिक्षाको अधिकार सुनिश्चित गर्न सरोकारवालाहरुसंग आवश्यक समन्वय गरिनेछ ।
९. एकीकृत सेवा जस्तैः खोप, पोषण, शिक्षा, संरक्षण तथा समुदायको सहभागिता प्रवाह सहित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा ल्याइनेछ।
१०. एकीकृत सेवा प्रवाहका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र र निकाय सँग सहकार्य गरिनेछ।

### ३.७ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरुः

#### ३.७.१ उपलब्धीः

प्रारम्भिक उमेरका सबै बालबालिकाहरुलाई गुणस्तरीय तथा समतामुलक प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने।

#### ३.७.२ प्रमुख नतिजा

१. पालिकामा कम्तिमा १ पुर्वाधार सहितका एकीकृत प्रारम्भिक बालविकास केन्द्र स्थापना भई कार्यान्वयनमा आएको हुने।
२. सबै प्रारम्भिक उमेर समूहका बालबालिकाहरु १ वर्षे प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा हुने।
३. सबै बालविकास तथा शिक्षा केन्द्रमा सहयोगी कर्मचारी सहित न्युनतम शैक्षिक योग्यता तथा तालिम प्राप्त दक्ष शिक्षकको व्यवस्था भएको हुने।
४. बालविकास केन्द्रका सबै शिक्षक तथा कर्मचारीहरुले न्युनतम सेवा सुविधा प्राप्त गरेका हुने।
५. बालविकास शिक्षा केन्द्रको पुनर्वितरण भएको हुनेछ। वालविकास शिक्षकको पेशागत दक्षताका कार्यक्रम सञ्चालन भएको हुने।
६. अपाङ्गता भएका बालबालिकाको बालअधिकार तथा शिक्षाको अधिकार सुनिश्चित गर्न समन्वय र सहयोग गरिनेछ।

७. प्रारम्भिक बालविकास र शिक्षाको स्वीकृत पाठ्यक्रम र सिकाइ सामग्री तथा क्रियाकलापहरू प्रभावकारी रुपमा प्रयोग भएको हुनेछ।
८. प्रारम्भिक वालविकास तथा शिक्षा उमेरका सबै वालवालिकाहरुलाई १ वर्षको प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने।
९. भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका वालवालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ति प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरु विकास हुने।
१०. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार हुने।

### ३.७.३ मुख्य क्रियाकलाप तथा लक्ष्यहरू

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | समन्वय सँयन्त्र निर्माण | पटक | ✓ | | | | | | १ | नगरपालिका |
| ३. | बालविकास केन्द्रको नक्शाङ्कन र पुनर्वितरण | वटा | २ | २ | २ | २ | २ | १० | १० | नगरपालिका |
| ४. | पेशागत क्षमता विकास तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | नगरपालिका |
| ५. | समुदाय, विकास साझेदार र निजीक्षेत्रलाई लगानी बढाउन प्रोत्साहन | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | नगरपालिका |
| ६. | बालविकास शिक्षामा पहुँच वृद्धिका लागि अभिभावक शिक्षा, बालविकास शिविर, वैकल्पिक कार्यक्रमहरू | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | निरन्तर | नगरपालिका |
| ७. | नमुना एकीकृत बालविकास केन्द्र स्थापना र सञ्चालन | वटा | | | | १ | | | १ | नगरपालिका |
| ८. | विद्यालयमा आधारित बालविकास शिक्षाका लागि अपाङ्गतामैत्री शौचालयसहितका दुई कोठा व्यवस्थापनमा सहयोग | स्थानीय तह | | १ | १ | | १ | | ३ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९. | पोषणयुक्त दिवा खाजा | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | सबै | संघ, प्रदेश र स्थानीय तह र निजी संस्था |
| १०. | अनुगमन | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | सबै | स्थानीय तह |
| ११. | बालविकास केन्द्रको पूर्वाधार विकास, बालमैत्री उद्यान निर्माण र खेल सामग्री व्यवस्थापनमा सहयोग | केन्द्र | | | | १ | १ | | २ | स्थानीय तह र अन्य सरोकारवालासँगको समन्वयमा |
| १२. | आवश्यकतानुसार मातृभाषामा सहजीकरण | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्थानीय तह |
| १३. | समीक्षा र कार्यसम्पादनका आधारमा अनुदान | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्थानीय तह |
| १४ | सबै बालबालिका तथा केन्द्रहरुको अभिलेखिकरण | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्थानीय तह |
| १५ | शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर मिलाउने | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | विद्यालय स्थानीय तह र संघ तथा प्रदेश |
| १६ | सिकाइ सहजीकरणमा स्थानीय भाषाको प्रयोग | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्थानीय तह |
| १७ | प्रारम्भिक बालविकास केन्द्रमा न्युनतम मापदण्ड | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्थानीय तह |

## ख. आधारभुत शिक्षा

### ३.२.१ परिचय

आधारभूत तहको शिक्षा सबै शिक्षाको जगको रुपमा रहेको हुन्छ । मानव जीवनयापनका लागि चाहिने आधारभूत ज्ञान, सिप आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा समायोजन भई जीवनयापन गर्न, सहज वनाउन मद्दत पुर्याउने शिक्षा नै आधारभूत शिक्षा हो । यस तहको शिक्षाले बालवालिकाको व्यवहारलाई परिवार तथा समाज अनुकूल बनाउने हुँदा व्यवहार निर्माण र सामाजिकीकरणका हिसावले पनि यो महत्वपुर्ण अवधि हो । विश्वव्यापी रुपमा सवैका लागि शिक्षा (२०००–२०१५) सहस्राब्दी विकास लक्ष्य (२०००–२०१५), दिगो विकास लक्ष्यहरु (२०१५ – २०३०) समेतले उच्च महत्व दिएको पाइन्छ । नेपालको संविधान (२०७२) को धारा ३१ को उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ । त्यसैगरी उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भन्ने उल्लेख छ । साविकको शिक्षा ऐनमा प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षाको रुपमा लिइएको छ । समग्रमा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति

लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा विज्ञान उपयोग गर्न सक्ने गुणस्तरीय आधारभुत शिक्षा प्रदान गर्ने उद्धेश्यमा केन्द्रित रही यस खण्डमा आधारभुत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामि १० वर्षभित्रका विभिन्न क्रियाकलापहरु समावेश गरीएको छ।

### ३.२.२ वर्तमान अवस्था

वेदकोट नगरपालिकामा शैक्षिक सत्र २०७८ सम्ममा आधारभूत तह संचालन भएका २२ सामुदायिक विद्यालय र २४ वटा संस्थागत विद्यालय गरी जम्मा ४६ वटा आधारभुत विद्यालयहरु रहेका छन। यस तहमा शैक्षिक सत्र २०७८ मा आधारभुत तह कक्षा १ देखी ८ सम्म जम्मा १०२०९ विद्यार्थीहरु अध्ययनरत रहेका छन। वेदकोट नगरपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा आधारभूत तह कक्षा १-८ खूद भर्ना दर ९७.८ प्रतिशत, कूल भर्ना दर १०७.८ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिका १०० प्रतिशत रहेको छ। हाल कक्षा ८ को टीकाउदर ८२।६ प्रतिशत रहेको छ। यस नगरपालिका अन्तर विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्रि, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ। दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ। आधारभुत तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ। राष्ट्रिय प्रारम्भिक पढाई कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सीपमा सहयोग गरेको भएतापनि अन्य विषयहरु र अन्य सीपहरुमा त्यति जोड दिएको देखिदैन र सो कार्यक्रम कक्षा ४ र ५ मा पनि लागु हुनु आवश्यक देखिन्छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ। शिक्षण सिकाई विधि सुधारका लागि सम्पुर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। हाल आधारभुत तहमा ५४ प्रतिशत वालवालिकाहरु संस्थागत विद्यालयहरुमा अध्ययनरत छन र जहाँ अभिभावकहरुले महङ्गो शुल्क तिरिरहेका छन। उल्लेखित विश्लेषणका आधारमा आधारभुत शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु देखिएका छन्।

•

### ३.२.३ चुनौतीहरु

१. विपन्न, अपाङ्ग, दलित भौगोलिक कठिनाईमा रहेका वालवालिकाहरुको आधारभूत शिक्षाको अवसर र पहुँचमा सुनिश्चितता
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन
३. परिवर्तित परिवेश अनुसार शिक्षणका लागि शिक्षकको दक्षता
४. स्थानीय विषय तथा मातृभाषाको पाठ्यक्रम, पाठ्य सामग्री निर्माण र पठनपाठनमा दक्ष जनशक्ति
५. विद्यालयको नक्साङ्कन, समायोजन, एकीककरण तथा समन्यायिक पुहँच,
६. शिक्षकको उचित व्यवस्थापन ,
७. योग्यताप्राप्त, अनुभवी, व्यवस्थापकीय दक्षतायुक्त प्रधानाध्यापक
८. आधुनिक प्रविधिमैत्री पुर्वाधारको उपलब्धता र व्यवस्थापन,

९. पोषण, स्वास्थ्य, खाजा लगायतका सेवाहरुको उचित व्यवस्थापन,
१०. विपदको समयमा सिकाइको निरन्तरता र उत्थानशीलता,
११. विद्यार्थीको सिकाइ प्रति सरोकारवालाहरुको जवाफदेहिता तथा उत्तरदायित्व,
१२. निरन्तर विद्यार्थी मूल्याङ्नमा विश्वसनीयता र वैधता,
१३. सामुदायिक र संस्थागत विद्यालयको प्रभावकारी अनुगमन, मूल्याङ्कन, नियमन र गुणस्तरमा एकरुपता,
१४. विद्यालयको आन्तरिक सक्षमता र विद्यालय व्यवस्थापनमा समुदायको अपनत्व ।

### ३.२.४ अवसरहरु:

१. शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएको ।
२. बालबालिकाको पठनपाठन प्रति अभिभावकहरुको चासो, सरोकार तथा सहभागिता बढिरहेको ।
३. शिक्षक सेवा आयोगबाट विद्यालय तहमा दक्ष जनशक्तिको आपुर्ति ।
४. शिक्षकका पेशागत संघ संस्था, राजनैतिक दल, नागरिक समाज आदि बाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता ।
५. खुद भर्नादर र लैङ्गिक समता सुचकाङ्कमा सुधार ।
६. शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार सुचिमा रहेको तथा लगानी अभिवृद्धि ।
७. लैङ्गिक मैत्री,अपाङ्गमैत्री तथा वृहत यौनिकता शिक्षाको प्रवर्द्धनका लागि पैरवीकर्ता समूहको सक्रियता ।
८. आधारभूत तहका विद्यालयमा विद्यार्थी संख्याका आधारमा शिक्षक दरवन्दीको समायोजन र पुर्नवितरण कार्य आरम्भ,
९. नेपालको संविधान,२०७२ स्थानीय सरकार सञ्चालन ऐन,२०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन,२०७५ र राष्ट्रिय शिक्षा नीति २०७६ जारी भई आधारभूत तहको शिक्षाका लागि नीतिगत व्यवस्था ।

### ३.२.५ उद्देश्य :–

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबै वालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

२. विद्यालयको भौतिक  तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउनु

३. आधारभूत विद्यालय उमेर समूहका सबै वालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।

४ आधारभूत शिक्षा पुरा गरेका सबै वालबालिकाहरुमा न्युनतम् सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।

५.विद्यालय व्यवस्थापन, अनुगमन र सुपरिवेक्षणमा सुधार गरी जवाफदेहितामा बढोत्तरी गर्नु ।

५. सिकाइका विषयवस्तुलाई एकीकरण गरी जीवनोपयोगी बनाउन आवश्यक सहयोग गर्नु ।

६. शिक्षक पेशागत विकासका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्नु ।

### ३.२.६ रणनीतिहरु

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न तीनै तहका सरकारसंग आवश्यक समन्वय गरी आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्न सरोकारवाला निकाय एवम् पदाधिकारीहरुसंग आवश्यक समन्वय गरी विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गरिनेछ ।

३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरुको पहुच सुनिश्चित गर्न आवश्यक (वैकल्पिक /अनौपचारिक /खुला /परम्परागत शिक्षा तथा सिकाइ लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि )व्यवस्था मिलाइनेछ ।

४. आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मुल्यांकन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई नगरपालिकाप्रति जवाफदेही हुने प्रणालीको विकास गरिनेछ ।

५. सवै आधारभूत विद्यालयहरुमा खानेपानी सौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्युनतम भौतिक पूर्वाधार सुनिश्चित गरी प्रविधिमैत्री  बालमैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।

६. सबै विद्यालयहरुमा न्युनतम सक्षमता पूरा गर्न संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरी आवश्यक लगानीको प्रबन्ध गरिनेछ ।

७. शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गरि कक्षा तीन सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिनेछ । यसका लागि आवश्यक शिक्षक तालीम तयारी तथा प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछन् ।

८. मुल्यांकनलाई शिक्षण सिकाइको अभिन्न अंगको रुपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराइ सिकाइमा सुधार ल्याउने अवस्था सृजना गर्न कक्षाकोठामा आधारित मुल्यांकनसंग सम्बन्धित क्षमता विकास गरिनेछ ।

९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखिकरण गरिनेछ ।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन वडा स्वास्थ्य इकाइ तथा संघ संस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम संचालन गरिनेछन् ।

११. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।

१२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्वकर दिवाखाजाको प्रबन्ध गर्न आवश्यक समन्वय   गरिनेछ ।

**१३.** विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थालशील बनाउन योजना तयार गरी कार्यान्वयन गरिनेछ।

**१४.** विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दर घटाउने तथा खूद भर्ना दर तह पुरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

**१५.** सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पुरा नहुन्जेल सम्मका लागि नगरपालिकाबाट दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा करार शिक्षकको व्यवस्था गरिनेछ।

**१६.** विद्यालयमा सरसफाइ, दिवा खाजा भण्डारण तथा तयारी लगायतका कार्यक्रमहरु अनुगमन गरी उत्कृष्टलाई पुरस्कार तथा कमजोरलाई सुधार गर्न प्रेरित गरिनेछ।

**१७.** प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धीत विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइनेछ।

### ३.२.७ उपलब्धी, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरुः

#### ३.२.७.१ उपलब्धीः

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामुलक पहुच र सहभागिता सुनिश्चित भइ गुणस्तर बृद्धि भएको हुने ।

#### ३.२.७.२ प्रमुख नतिजाहरुः

**१.** आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरुले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको समतामूलक पहुचमा सहभागी हुने।

**२.** विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु वैकल्पिक सिकाइको माध्यमबाट औपचारिक शिक्षाको मुलप्रवाहमा आएका हुने।

**३.** आधारभूत विद्यालयहरुको भौतिक पूर्वाधार आधुनिक, प्रविधिमैत्री अपाङ्गतामैत्री तथा बालमैत्री भएका हुने।

४. आधारभूत शिक्षामा गुणस्तर सुनिश्चितता मापदण्ड तयार भइ कार्यान्वयन भएको हुने।

५. आधारभूत शिक्षामा भर्ना तथा टिकाउ दर सतप्रतिशत पुगेको हुने।

६. अनुगमन तथा सुपरीवेक्षण संयन्त्र तयार भइ कार्यान्वयन भएको भएको हुने।

७. आधारभूत विद्यालयहरुको शैक्षिक, प्रशासनिक एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि भएको हुने।

८. जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यसामग्री निर्माण भइ प्रयोगमा आएको हुनेछ।

९. शिक्षण सिकाइमा सुधार तथा विद्यार्थीको सिकाइ उपलव्धि वृद्धि भएको हुने।

१०.शिक्षक तथा विद्यालयको कार्यसम्पादनमा सुधार भएको हुने ।

**११.** शिक्षक पेशागत विकासका लागि विभिन्न प्रकारका तालिम,अनुसन्धान, सेमिनार, अवलोकन भ्रमणको अवसर प्रदान भइ शिक्षण सिकाइमा सुधार भएको हुने ।

**१२.** विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम संचालन भइ विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार आएको हुने

**१३.**अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्था भएको हुने ।

**१.** अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्न विद्यालयहरु पुनर्वितरण तथा समायोजन भएका हुने ।

२. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुको पहुच सुनिश्चित गर्न आवश्यक (वैकल्पिक /अनौपचारिक /खुला /परम्परागत शिक्षा तथा सिकाइ लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि ) कार्यक्रम संचालन भएको हुने ।

३. आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धि हासिल भएको हुने ।

**४.** सवै आधारभूत विद्यालयहरुमा न्युनतम भौतिक पूर्वाधार सुनिश्चित भइ प्रविधिमैत्री बालमैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण तयार भएको हुने ।

**५.** शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जनका लागि शिक्षक तालीम तयारी तथा प्रोत्साहनका कार्यक्रम संचालन भएको हुने ।

**६.** मुल्यांकन शिक्षण सिकाइको अभिन्न अंगको रुपमा प्रयोगमा आएको हुने ।

**७.** विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखिकरण भएको हुने ।

**८.** विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।

**९.** प्रकोप संकट तथा महामारीलगायतका परिस्थितिमा समेत सिकाइ निरन्तरता भएको हुने ।

**१०.** सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन भएको हुने ।

### ३.२.७.३ मुख्य क्रियाकलाप तथा लक्ष्यहरू

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको लागि समतामूलक पहुँचको मापदण्ड निर्माण | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका |
| २. | गैरसरकारी संस्था लगायतका निकायहरुसंगको समन्वय र सहकार्यमा जनचेतनामूलक क्रियाकलाप सञ्चालन | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका |
| ३. | वैकल्पिक सिकाई केन्द्र सञ्चालन निर्देशिका निर्माण | पटक | १ | | | | | १ | १ | नगरपालिका |
| ४. | विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन | वटा | आवश्यक | | | | | | | नगरपालिका |
| ५. | गुणस्तर सुनिश्चितता परीक्षण | वटा | ४८ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ४८ | नगरपालिका |
| ६. | भर्ना अभियान | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | संघ संस्था र नगरपालिका |
| ७. | छात्रवृत्ति, खाजा, पोषाक, झोला, स्यानीटरी प्याड, स्टेशनरी, शैक्षिक सामग्री आदि वितरण तथा विद्यार्थी प्रोत्साहन | वटा | २२ | ✓ | ✓ | ✓ | ✓ | ✓ | २२ | संघ र स्थानीय सरकार |
| ८. | अनुगमन तथा सुपरिवेक्षण संयन्त्र तयार | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्रदेश स्थानीय तहबाट कार्यान्वयन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९. | सुरक्षित तथा लैङ्गिक मैत्री भौतिक पुर्वाधार, विद्यार्थीमैत्री शिक्षण सिकाइ वातावरण तयार | वटा | ४८ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ४८ | नगरपालिका र विद्यालय |
| १०. | व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि तालिम | पटक | २ | ✓ | ✓ | ✓ | ✓ | ✓ | २ | नगरपालिका |
| १२. | विपन्न तथा सिमान्तकृत र अनाथ बालबालिकाका लागि आवासीय सुविधा सहितको छात्राबास संचालन | वटा | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | नगरपालिका |
| १३. | विशेष प्रकृतिका बालबालिकाहरु का लागि आवासीय छात्रावास निर्माण तथा संचालन | छात्रावास | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | नगरपालिका |
| १४. | कार्यसम्पादन मापदण्डका आधारमा विद्यालयहरुलाई प्रोत्साहन अनुदान | विद्यालय | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका |
| १५. | कक्षाकोठाको निरन्तर मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकिकृत गरी सिकाइमा सुधार | विद्यालय % | ४८ | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १६. | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम | शिक्षक % | १० | १० | १० | १० | १० | ५० | १०० | संघ, प्रदेश तथा नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा अन्य क्रियाकलापहरु | | | | | | | | | |

## ग. माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धि हकलाइ मौलिक हकको रुपमा व्वयस्था गरि माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था गरेको छ। नेपालको संविधानको अनुसूची ८ मा स्थानिय तहको अधिकार क्षेत्र भित्र आधारभूत तथा माध्यमिक शिक्षा राखिएको छ। शिक्षा ऐन २०२८ (संशोधनसहित) अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाइ माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ। जसमा माध्यमिक शिक्षालाइ साधारण, संस्कृत र प्राविधिक शिक्षा भनेर ३ धारमा बर्गिकरण गरिएको छ। नेपाल सरकारबाट माध्यमिक शिक्षालाइ अझ व्यवस्थित, जनमुखी, रोजगारउन्मुख र राष्ट्रियतापूर्ण बनाउनका लागि विभिन्न निति तथा प्रारुपहरु ल्याएको छ। राष्ट्रिय शिक्षा निती २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा दिगो विकास लक्ष्य चार कार्यान्वयन कार्यढाँचा लगायत अन्य नितीगत प्रावधानहरु स्विकृत भइ कार्यान्वयनको चरणमा छन्।

### वर्तमान अवस्था

वेदकोट नगरपालिकामा जम्मा १९ वटा माध्यमिक विद्यालयहरु रहेका छन्। जसमध्ये सामुदायिक १२ र सस्थागत ७ रहेका छन्। कक्षा ९ – १० सञ्चालन भएका विद्यालयहरु १३ र कक्षा ११ – १२ सञ्चालन भएका विद्यालयहरु ६ वटा रहेका छन्। माध्यमिक तह कक्षा ९ – १०, कक्षा ११ – १२ र कक्षा ९ – १२ को सहजै देखिने भर्नादर (GER) क्रमश: १०९.८ प्रतिशत, ५१ प्रतिशत र ८१ प्रतिशत रहेको छ। साथै माध्यमिक तह कक्षा ९ – १२ को खुद भर्नादर (NER) ६३.४ प्रतिशत रहेको छ। साथै यस नगरपालिकाको माध्यमिक तह कक्षा ९ – १०, कक्षा ११ – १२ र कक्षा ९ – १२ को लैंगिक समता सूककांक (GPI in NER) क्रमश: १.०१, १.०४ र १.०७ रहेको छ।(स्रोत : फ्ल्यास रिपोर्ट २०७६, CEHRD)

### ३.३.२ चुनौतीहरु

१. निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षाको पहुचबाट बाहिर रहेको ठुलो सख्यालाई विद्यालयमा ल्याउने ।

२. माध्यमिक शिक्षाको खुद भर्नादर बढाउने ।

३. विपन्न, अपाङ्ग, दलित भौगोलिक कठिनाईमा रहेका वालवालिकाहरुको माध्यमिक शिक्षाको अवसर र पहुँचमा सुनिश्चितता ।

४. निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन ।

५. परिवर्तित परिवेश अनुसार शिक्षणका लागि शिक्षकको दक्षता विकास ।

६. विद्यालयको नक्साङ्कन, समायोजन, एकीककरण तथा समन्यायिक पुहँच वृद्धि ।

७. योग्यताप्राप्त, अनुभवी, व्यवस्थापकीय दक्षतायुक्त प्रधानाध्यापक ।

८. आधुनिक प्रविधिमैत्री पुर्वाधारको उपलब्धता र व्यवस्थापन,

९. विपदको समयमा सिकाइको निरन्तरता र उत्थानशीलता,

१०. विद्यार्थीको सिकाइ प्रति सरोकारवालाहरुको जवाफदेहिता तथा उत्तरदायित्व,

११. सामुदायिक र संस्थागत विद्यालयको प्रभावकारी अनुगमन, मूल्याङ्कन, नियमन र गुणस्तरमा एकरुपता,

१२. विद्यालयको आन्तरिक सक्षमता र विद्यालय व्यवस्थापनमा समुदायको अपनत्व ।

१३. माध्यमिक तहमा विद्यार्थी संख्या र विषयगत दक्ष शिक्षकको व्यवस्थापन,

१४. विद्यालय सुपरीवेक्षण, माध्यमिक शिक्षामा समतामूलक पहुँच, शैक्षिक गुणस्तर र सान्दर्भीकता कायम राख्नु,

१५. प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार तथा तीन वटै सरकारहरुको समन्वय आदि ।

### ३.३.२ अवसरहरु

१. बर्तमान संविधान जारी भएको ५ बर्ष पूरा भै सकेकाले संघीयता अनुसार स्थापना भएका राज्यका नयाँ तहहरु क्रमशः संस्थागत र अनुभवी भएका,

२. संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निती निर्देशक सिद्धान्त र सरकारका अधिकार सूचीहरुले शिक्षा सम्बन्धी आवश्यक निर्देश गरेको,

३. संघीय सरकारबाट राष्ट्रिय शिक्षा निती २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पारित भएको,

४. जसले माध्यमिक शिक्षालाई व्यवस्थापन, सञ्चालन, प्रमाणिकरण र पाठ्यक्रम निर्माणमा निर्देश गरेको।

५. संघीय सरकारले नमूना विद्यालय विकास गर्ने कार्यक्रम अन्तर्गत विभिन्न माध्यमिक विद्यालयहरुलाइ नमूना विद्यालयको रुपमा विकास गरिराखेको,

६. सुदुरपश्चिम सरकारले ठूला विद्यालय विकासका लागि विद्यालय छनौट गरिराखेको,

७. संघीय तहमा १० बर्षे शिक्षा क्षेत्र योजना बन्ने क्रममा रहेको,

८. तीनवटै राज्यका तहबाट विभिन्न निर्देशिका / कार्यविधिहरु जारी भइ कार्य सूचारु हुनु,

९. स्थानिय सरकार सञ्चालन ऐनले स्थानिय तहले गर्ने शिक्षाका २३ काम स्पष्ट गर्नु,

१०. माध्यमिक तथा आधारभूत तहमा शिक्षकको अभाव कम गर्न संघीय सरकारबाट गणित, विज्ञान र अंग्रेजी विषयमा शिक्षण सिकाइ अनुदान प्राप्त हुनु,

११. दरबन्दी मिलान र विद्यालय समायोजनको कार्य सञ्चालनमा रहनु,

१२. अधिकाशं माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान ल्याब, आइसिटी ल्याबको व्यवस्था भइ प्रविधियुक्त भैसकेको,

१३. संविधानको सुरुवातसंगै शिक्षामा बिकेन्द्रिकरण सुरु हुनु आदि माध्यमिक शिक्षाको लागि अवसरको रुपमा रहेका छन्।

### ३.३.३ लक्ष्य

गुणस्तरिय माध्यमिक शिक्षा मार्फत सिर्जनशिल, प्रतिस्पर्धी, उत्पादनशिल, नवप्रवर्तनशील र श्रम प्रति सकारात्मक सोच भएका नागरिक तयार गर्ने।

### ३.३.४ उद्देश्य

१) माध्यमिक तह सम्मको शिक्षामा पहुँच तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु।

२) समुदायको भाषा, लिपि, संस्कृति तथा सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदा तथा प्राकृतिक एवम् जैविक विविधताको संरक्षण र सम्बर्द्धन गर्नु।

३) माध्यमिक शिक्षा पुरा गरेका सबै बालबालिकालाई दैनिक जीवन रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु।

४) विपद जोखिम न्युनिकरण प्रति सचेत नागरिक तयार गर्नु।

५) नीजि तथा संस्थागत / धार्मिक तथा परम्परागत विद्यालयको व्यवस्थापन तथा नियमन गर्नु।

६) शैक्षिक सुशासन, प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु।

७) माध्यमिक शिक्षामा खुद भर्नादर तथा टीकाउ दर बढाउनु ।

८) निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु ।

९) विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानसील र जवाफदेहि बनाउनु ।

१०) प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार तथा पहुँच तथा गुणस्तर बढाउनु ।

११) विद्यालयको भौतिक तथा शैक्षिक वातावरण वालमैत्री समावेशी र सुरक्षित बनाउनु ।

१२) उच्च शिक्षा अध्ययनका लागि योग्य तथा र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु ।

## ३.३.५ रणनीति

**यस योजनाका उद्येश्यहरु हासिल गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछन्**

१. संघीय मापदण्ड अनुसार सरोकारवाला निकायसंग आवश्यक समन्वय गरी विद्यालय नक्सांकनमार्फत् सबै बालबालिकाको पहुच सुनिश्चित गर्न विद्यालयलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ ।
२. निशुल्क माध्यमिक शिक्षा (प्राविधिक एवम् व्यासायिक र साधारण) मा सहज पहुच र समावेशिता सुनिश्चित गर्न संघ प्रदेश र स्थानीय तहको समन्वयात्मक कार्यढाचामा माध्यमिक विद्यालयहरुको क्षमता विकास गरिनेछ ।
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि शिक्षक तालीम तथा शिक्षण सिकाइ पद्धतिमा सुधार गरिनेछ ।
४. माध्यमिक विद्यालयको स्तरीकरण तथा सबलिकरणका लागि आवश्यक समन्वय गरिनेछ ।
५. माध्यमिक शिक्षामा खुद भर्नादर तथा टीकाउ दर बढाउन वैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम संचालन गरिने र आवश्यकतानुसार आवासीय विद्यालयको विस्तार गरिनेछ ।
६. हरेक विद्यालयमा सूचना तथा संचार प्रविधि विस्तार गर्दै डिजिटल डिभाइड कम गरी शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोग बढाइनेछ ।

७. माध्यमिक शिक्षामा दक्ष जनशक्तिको व्यवस्था र नियमित पेशागत सहयोगका लागि आवश्यक समन्वय गरिनेछ ।

८. विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थालशील बनाउन योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

९. माध्यमिक स्तरको प्राविधिक तथा व्यावसायिक रोजगारमुलक शिक्षामा सबैको सहज पहुँचको सुनिश्चितताको लागि आवश्यक समन्वय गरिनेछ ।

१०.विभिन्न कारणले माध्यमिक तहको औपचारिक शिक्षाबाट बञ्चित तथा विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरुको पहुच सुनिश्चित गर्न आवश्यक (वैकल्पिक /अनौपचारिक /खुला /परम्परागत शिक्षा तथा सिकाइ लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि )व्यवस्था मिलाइनेछ ।

११.सबै माध्यमिक विद्यालयहरुमा न्युनतम सक्षमता पूरा गर्न संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरी आवश्यक लगानीको प्रबन्ध गरिनेछ ।

१२.मुल्यांकनलाई शिक्षण सिकाइको अभिन्न अंगको रुपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराइ सिकाइमा सुधार ल्याउने अवस्था सृजना गर्न कक्षाकोठामा आधारित मुल्यांकनसंग सम्बन्धित क्षमता विकास गरिनेछ ।

१३.विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखिकरण गरिनेछ ।

१४. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।

१५. विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दर घटाउने तथा खूद भर्ना दर तह पुरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१६. सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पुरा नहुन्जेल सम्मका लागि नगरपालिकाबाट दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा करार शिक्षकको व्यवस्था गरिनेछ ।

१७.प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धीत विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइनेछ

### ३.३.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क. उपलब्धी

१.माध्यमिक शिक्षामा सबै वालवालिकाहरुको  पहुच सुनिश्चित भइ सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।

## ख. नतिजाहरु

१ सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुच सुनिश्चित भइ खुद भर्नादर तथा टीकाउ दरमा वृद्धि भएको हुने ।

२ सबै माध्यमिक विद्यालयमा आधारभूत मापदण्ड पुरा भएको हुने ।

३ माध्यमिक तहमा अपुग शिक्षक व्यवस्थापनको लागि नगरपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा करार शिक्षक व्यवस्था गरेको हुने।

४ विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवाला सँग माध्यमिक शिक्षा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन हुने

५ माध्यमिक शिक्षा पुरा गर्ने वालवालिकाले न्युनतम सिकाई उपलब्धी हासिल गरेको हुने

६ विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरीएको हुने

७ माध्यमिक तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार (TOR) लागु भएको हुने

८ विद्यालय शिक्षामा सुचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग पुगेको हुने।

९ नगरपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा आवश्यकता अनुसार विद्यालय भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्पुटर ल्याव, सुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पुर्वाधारको व्यवस्था भएको हुने।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | निःशुल्क माध्यमिक शिक्षाको | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | १ | | संघ तथा नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयनका लागि मापदण्ड निर्माण | | | | | | | | | |
| २. | गैरसरकारी संस्था लगायतका निकायहरुसंगको समन्वय र सहकार्यमा जनचेतनामूलक क्रियाकलाप सञ्चालन | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका |
| ३. | माध्यमिक तहमा पहुच सुनिश्चित गर्न खुला तथा दुर शिक्षा लगायत वैकल्पिक प्रबन्ध गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | नगरपालिका |
| ४. | विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन | वटा | आवश्यक | | | | | | | नगरपालिका |
| ५. | गुणस्तर सुनिश्चितता परीक्षण | वटा | सबै | ✓ | ✓ | ✓ | ✓ | ✓ | सवै | नगरपालिका |
| ६. | भर्ना अभियान | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | संघ संस्था र नगरपालिका |
| ७. | पोषाक, झोला, स्यानीटरी प्याड, स्टेशनरी, शैक्षिक सामग्री आदि वितरण तथा विद्यार्थी प्रोत्साहन | वटा | २२ | ✓ | ✓ | ✓ | ✓ | ✓ | २२ | संघ र स्थानीय सरकार |
| ८. | अनुगमन तथा सुपरिवेक्षण संयन्त्र तयार | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्रदेश स्थानीय तहबाट कार्यान्वयन |
| ९. | सुरक्षित तथा लैङ्गिक मैत्री भौतिक पुर्वाधार, विद्यार्थीमैत्री | वटा | १९ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १९ | नगरपालिका र विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण सिकाइ वातावरण तयार | | | | | | | | | |
| १०. | व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि तालिम | पटक | २ | ✓ | ✓ | ✓ | ✓ | ✓ | २ | नगरपालिका |
| १२. | विपन्न तथा सिमान्तकृत र अनाथ बालबालिकाका लागि आवासीय सुविधा सहितको छात्राबास संचालन | वटा | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | नगरपालिका |
| १३. | विशेष प्रकृतिका बालबालिकाहरुका लागि आवासीय छात्रावास निर्माण तथा संचालन | छात्रावास | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | नगरपालिका |
| १४. | कार्यसम्पादन मापदण्डका आधारमा विद्यालयहरुलाई प्रोत्साहन अनुदान | विद्यालय | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका |
| १५. | मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकिकृत गरी सिकाइमा सुधार | विद्यालय % | ४० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १६. | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम तथा अन्य क्रियाकलापहरु | शिक्षक % | १० | १० | १० | १० | १० | ५० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १७ | शिक्षक व्यवस्थापन | शिक्षक % | १० | १० | १० | १० | १० | ५० | १०० | संघ, प्रदेश तथा नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | शिक्षक तयारी विकास र सहायता प्रणालीको विकास | कोर्ष तथा कार्यक्रम | १ | | | | | | | संघ, प्रदेश तथा नगरपालिका |
| १९ | सिकाइका लागि सूचना प्रविधिको प्रयोग तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| २० | विव्यस पिटिए पदाधिकारी क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | | १०० | नगरपालिका |
| २१ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | विद्यालय प्रतिशत | २५ | २५ | २५ | २५ | | | १०० | नगरपालिका |
| २२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | विद्यालय प्रतिशत | २५ | २५ | २५ | २५ | | | १०० | संघ प्रदेश तथा नगरपालिका |
| २३ | | | | | | | | | | |

## घ. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### पृष्ठभूमि

शिक्षालाई आर्थिक तथा सामाजिक विकासको आधारशिला मानिन्छ। ब्यक्तिमा अन्तर्निहित सम्भावित शक्तिहरुलाई प्रष्फुटन गराइ एउटा सभ्य नागरिकको रुपमा जीवन यापन गर्न सहयोग गर्ने माध्यम शिक्षा हो। शिक्षाले ब्यक्तिलाई उपयोगी ज्ञान तथा सीप प्रदान गरी सम्मानजनक जिवन जिउने पद्दतिको विकास गर्नमा सघाउँदछ। गुणस्तरीय शिक्षाले चेतनाको विकास संगै अनुशासित जीवन पद्दतिको विकास गर्न र समाजमा शान्ति र सदभाव कायम राख्दै राष्ट्र निर्माणमा मद्दत पु-याँउदछ। गुणस्तरीय शिक्षा मानव जीवनको तयारी, समाज विकास र प्रजातन्त्रको रक्षाको भरपर्दो साधन हो। प्रकृति र प्राकृतिक सम्पदाले सम्पन्न वेदकोट नगरपालिकाको आवश्यकतामा आधारित भई प्राबिधिक तथा ब्यावसायिक शिक्षाका अवसरहरु उपलब्ध गराउन आवश्यक पर्ने सीपयुक्त जनशक्तिको उत्पादन अपरिहार्य छ। प्राबिधिक शिक्षालाई "कामको संसार" संग जोड्ने शिक्षाको रुपमा हेरिएको हुन्छ र काममा स्थापित हुनका लागि ज्ञान, सीपका साथ साथै ब्यवहार कुशलता हुनु पनि उत्तिकै आवश्यक छ। नेपालको संबिधान २०७२, पन्ध्रौं आवधिक योजना, राष्ट्रीय शिक्षा निति, २०७६ प्राबिधिक तथा ब्यावसायिक शिक्षा तालिम निति,२०६९ दिगो विकास लक्ष्य सन् २०१६ - २०३० आदिले प्राबिधिक तथा ब्यावसायिक शिक्षालाई अत्यन्त महत्व दिएको छ। अतः वेदकोट नगरपालिकाले १० वर्षिय शिक्षा योजनामा प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिमलाई प्राथमिकतामा राखी यसको नीति तथा कार्यक्रमहरु बनाउन सबै सरोकारवालाहरुसंग समन्वय गर्नुपर्ने आवश्यकता महसूस गरि बिभिन्न

सरोकारवालाहरुसंग छलफल तथा परामर्श गरी प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिम सम्बन्धि योजना तयार गरेको छ।

## बर्तमान अवस्था

वि.सं. १९८७ मा काठमाण्डौको कुमारी चोकमा टेक्निकल स्कूलको स्थापना भई कपडा बुनाईको कार्यक्रम सुरु हुनुलाई नेपालमा औपचारिक रुपमा प्राबिधिक तथा ब्यावसायिक तालिमको सुरुवात सञ्चालन भएको मानिन्छ। प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरुको थप ब्यवस्थित बिस्तारको श्रेय सन् १९५८ मा प्राबिधिक तालिम शिक्षालय (हालको पुल्चोक क्याम्पस), बिं सं. २०१९ सालमा बालाजुमा स्थापित मेकानिल प्रशिक्षण केन्द्र र बुटवल टेक्निकल ईन्ष्टिच्यूट लाई जान्छ। नेपालको प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिम सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने नीति तथा योजना कार्यान्वयनका लागि समन्वय गर्ने र गुणस्तरीयता कायम गर्ने उद्देश्यले बि.सं. २०४५ (ई.स. १९८९)मा प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालीम परिषद (सीटीईभीटी)को गठन भयो।
नेपालका आवधिक योजनाहरुले पनि नीजी क्षेत्र, गैर सरकारी क्षेत्र, सथानीय निकाय र विकास साझेदारहरु संगको सहकार्यमा शिक्षा र तालिमका अवसरहरु बिस्तार गर्ने रणनीति लिएको पाईन्छ। जीवनोपयोगी शिक्षा र सीपमूलक तालिमलाई मानवीय क्षमता र दक्षता अभिबृद्धि गर्दै सामाजिक तथा आर्थिक रुपान्तरणको आधारशिला मानिएको छ। मुलुकले राष्ट्रिय श्रम बजारलाई लक्षित गरी प्राबिधिक शिक्षा तथा तालिमका कार्यक्रमहरुको बिस्तार गरी आवश्यकता भएकाहरुको पहुँच पु-याउन क्षेत्रगतरुपमा सरकारी तथा नीजी क्षेत्र संगको सहकार्यमा पोलिटेक्निक ईन्ष्टिच्यूटहरु खोल्ने, शिक्षालय, तालिमकेन्द्रहरुको स्थापना गरी कार्यक्रमहरु सञ्चालन गर्ने नीति अख्तियार गरेको छ।
प्राबिधिक शिक्षा र तालिमका कार्यक्रमहरुमा द्वन्द पीडित, शहीद परिवार, पछाडी परेका बर्ग, दलित, आदिवासी, जनजाती, महिला र पिछडिएका क्षेत्रलाई प्राथमिकतामा राखी प्राविधिक शिक्षा र घुम्ति तालिमहरु संचालन गर्ने कार्यक्रम राज्यले आगाडी सारेको छ। प्राबिधिक शिक्षाको बर्तमान संरचना देहाय बमोजिम रहेको छ।

१. **अनौपचारिक सिकाई तथा अनौपचारिक रुपमा हस्तान्तरित सीपको प्रमाणीकरण**
२. **जिबिकोपार्जन,आधारभूत सीप विकास तथा सीप अभिबृद्धि तालिम कार्यक्रमहरु**
३. **मध्यम स्तरीय प्राबिधिक जनशक्तिको उत्पादन**
४. **उच्चस्तरीय प्राबिधिक जनशक्तिको उत्पादन**

## नगरपालिकाको बर्तमान अवस्था

वेदकोट नगरपालिकामा हाल २२ वटा सामुदायिक विद्यालय मध्ये दुई वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालनमा रहेको छ। बैजनाथ मा वि जडेपानीमा कम्प्युटर इन्जिनियरिङ (९ -१२) तर्फ जम्मा १३९ जना र उदयदेव मा वि सुन्दरपुर मा १८ महिने बाली विज्ञान तर्फ जम्मा ४० जना अध्यनरत् छन्। यस नगरपालिकाको सन्दर्भमा प्राबिधिक तथा ब्यावसायिक शिक्षाको पाटो केलाउदा प्राबिधिक शिक्षाको बिस्तार, सान्दर्भिकता, लैंगिक तथा सामाजिक समायोजन, गुणस्तर सुधार र संयोजन सहित परिवर्तित अवधारणामा शिक्षालाई ब्यवहारिक बनाउन सकिएको छैन।

प्राबिधिक तथा ब्यावसायिक शिक्षाको बारेमा सचेतनाको कमी, बिपन्न बर्गको पहुंच कम देखिनु, प्राबिधिक शिक्षाप्रति अभिभावक तथा बिद्यार्थीहरुको चासो कम देखिनु, उद्योग, ब्यवसाय, कल कारखानाहरुमा सीप र प्रबिधियुक्त जनशक्तिले सहज ढंगबाट काम पाउन नसकेको, ब्यवसायीकरणमा टेवापुग्ने गरी निति नियमहरु र संस्थागत विकासमा अझै अभाव आदि देखिएको छ ।

## अवसरहरु

संघीय संरचनाको अभ्यास गरिराखेको सन्दर्भमा पालिकास्तरीय आवश्यक प्राबिधिक शिक्षा नीति बनाउन पाउनु आफैंमा ठुलो अवसरको रुपमा रहेको छ । यस अवसरको प्रयाप्त सदुपयोग गरेर वेदकोट नगरपालिकामा प्राबिधिक शिक्षाको बिस्तार, सान्दर्भिकता, लैंगिक तथा सामाजिक समायोजन, गुणस्तर सुधार र संयोजन सहित परिवर्तित अवधारणामा शिक्षालाई ब्यवहारिक बनाउन सकिने सम्भावना रहेका छन । प्राबिधिक तथा ब्यावसायिक शिक्षाको बारेमा सचेतना बढेको, शिक्षण संस्थाहरुको बिस्तार गरिएको, बिपन्न बर्गको पहुंचपुगेको, प्राबिधिक शिक्षाप्रति अभिभावक तथा बिद्यार्थीहरुको चासो बढेको, उद्योग, ब्यवसाय, कल कारखानाहरुमा सीप र प्रबिधियुक्त जनशक्तिको आवश्यकता महसूस हुंदै गएको, ब्यवसायीकरणमा टेवापुग्ने गरी निति नियमहरु र संस्थागत विकास भै राखेको जस्ता थुप्रै सम्भावनाहरुले गर्दा प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा धेरै अवसरहरु रहेका छन

## चुनौतीहरु

१. सबै वर्ग र क्षेत्रको पहुच र गुणस्तर वृद्धि ।
२. शिक्षण संस्थाहरुमा न्यूनतम पुर्वाधारहरु (भवन, कक्षाकोठा, प्रयोगात्मक कक्ष तथा सामग्री, प्रशिक्षक, कर्मचारी आदिको उपलब्धता) को विकास ।
३. शिक्षण संस्थाहरुबाट शिक्षित र दिक्षित जनशक्तीले श्रम बजारमा प्रवेश गर्दा रोजगारदाता (उद्योगी-ब्यवसायी) हरुको चाहना अनुसार उत्पादन तथा सेवा प्रवाहमा दक्षता प्रस्तुत गर्न सक्षम नागरिक तयार ।
४. गुणस्तरीय शिक्षा बिना नै दिक्षित र प्रमाणित जनशक्तिले शिक्षा, स्वास्थ्य, निर्माण, अर्थ, धर्म, संस्कृति, न्याय लगायतका उत्पादन र सेवा प्रवाह गर्नुपर्ने प्रत्येक क्षेत्रमा गुणस्तरहीन सेवा प्रदान
५. प्राबिधिक शिक्षाका प्रमुख सहयात्री रोजगारदाता उद्योग क्षेत्रलाई प्रत्यक्ष रुपमा शिक्षा र सीपविकासमा उद्देश्यपुर्ण सहभागिता गराउनु ।
६. रोजगारीको कुन कुन क्षेत्रमा के-कस्तो र कति जनशक्तिको आवश्यकता रहेको छ वा आवश्यकता पर्ला भन्ने आंकलन गर्नु ।

## प्रमुख समस्याहरु

भौगोलिकता, आर्थिक बिपन्नता, सामाजिक असमानता, लैंगिक तथा सामाजिक असमायोजन, बिभेदीकरण जस्ता कारणहरुले समाज पछाडि परेको मानिन्छ । नेपाल  सांस्कृतिक तथा प्राकृतिक सम्पदाको धनि हुदा पनि उपलब्ध श्रोत र साधनहरुको प्रयाप्त उपयोग हुन नसकेर सन्तुलित विकास हुन नसकेको अवस्था रहेको छ । अहिले संघीय तहमा होस् वा स्थानीय तहमा होस् समग्र शिक्षा प्रणालीलाई ज्ञान, सीप र आचरण परिवर्तनको मूल साधनका रुपमा हेरेर सिकाइलाई ब्यवहारिक बनाउन नसकिएको अवस्था छ । यसर्थ शिक्षालाई ब्यवहारिक र गुणस्तरीय बनाउनु पर्ने तर्फ सरोकारवालाहरुको ध्यान जानु जरुरी छ जसका लागि बिद्यार्थीहरुको पढाई भन्दा सिकाई, पढ्ने भन्दा सिक्ने र बोल्ने भन्दा गर्ने पक्षमा बल पुग्ने गरी शिक्षण सिकाईमा परिवर्तन गर्नु पर्ने देखिन्छ । प्राबिधिक शिक्षालाई श्रम, स्वरोजगारी-उत्पादन तथा सेवासंग प्रत्यक्षरुपमा जोड्न नसकिनु प्रमुख समस्या हो । अतः ती समस्याहरुलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः

१. प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिमको बारेमा प्रयाप्त जनचेतना पु-याउन नसक्नु;
२. श्रम बजारको अध्ययन हुन नसक्नु;
३. श्रम बजारको आवश्यकता अनुसार माग र आपुर्तिको आंकलन बिना कार्यक्रमहरु बिस्तार गरिनु;
४. सार्वजनिक-निजी सहकार्य हुन नसक्नु;
५. शिक्षण संस्थाहरु न्यूनतम पुर्वाधार बिना नै संचालनमा आउनु;
६. दक्ष ब्यवस्थापक तथा प्रशिक्षकहरुको अभाव हुनु;
७. विद्यालय शिक्षामा पेशा, ब्यवसाय तथा रोजगार सम्बन्धी जानकारीको अभाव हुनु;
८. बिद्यार्थिहरुको रुचि, खुबी र क्षमता अनुसार बिषय छनोट गरी अध्ययन गर्ने सुबिधा नहुनु;
९. प्राबिधिक शिक्षा सर्वसाधारणको सहज पहूंचमा पुग्न नसक्नु;
१०.ईन्टर्नसिप, कार्यगत तालिम तथा औद्योगिक प्रशिक्षणलाई महत्व दिन नसक्नु;
११.परीक्षण प्रणालीमा प्रयोगात्मक सिकाइलाई महत्व दिन नसक्नु वा समावेश गर्न नसक्नु;

**सोच, लक्ष्य, उद्देश्य नीति तथा रणनीति हरुः**

**सोचः** “सीपयुक्त जनशक्ती समृद्ध वेदकोट”

**लक्ष्यः** बजारमुखी प्राबिधिक तथा ब्यावसायिक शिक्षा एबम् तालिम प्रणाली (TVET System) मार्फत बिश्व बजारमा प्रतिष्पर्धि र नव प्रवर्तनशील मानब पूंजीको विकास गर्ने,

**उद्देश्यः** प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालीम प्रणालीमा पहुँच र गुणस्तरको सुनिश्चितता हुने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम (TVET) कार्यक्रमको विस्तार गर्ने ।

**नीति तथा रणनीतिहरु**

| नीतिहरु | रणनीतिहरु |
|---|---|
| **नीति** | **रणनीतिहरु** |
| **1. सबैको पहुंच र गुणस्तरको सुनिश्चितता हुने गरी कार्यक्रम बिस्तार गर्ने ।** | ➢ कार्यक्रमहरुको सन्तुलित बिस्तार सुनिश्चित गर्न नगरपालिकामा १ वटा ब्यावसायिक तालिम केन्द्र तथा सीप परीक्षणकेन्द्र स्थापना गरिनेछ ।<br>➢ TVET नक्सांकन प्रणालीको विकास, बिस्तार र अध्यावधिक गरिनेछ<br>➢ आवश्यकता पहिचान गरी प्राविधिक शिक्षा तथा तालिमका कार्यक्रमहरु बिस्तार गरिनेछ ।<br>➢ समुदाय स्तरमा प्राबिधिक शिक्षा, सीप विकास, सीप प्रमाणीकरण सम्बन्धी Outreach सेवा बिस्तार गरिनेछ । |
| **२ TVET कार्यक्रमहरुमा समाबेशीकरण लागु गर्ने ।** | ➢ यस नगरपालिका अन्तर्गत सचालित बिभिन्न प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरु समाबेशी बनाउन छात्रबृत्ति कार्यबिधि तर्जुमा गरी तथा कार्यान्वयनमा ल्याइनेछ । |
| **३ TVET सुविधाको अधिकतम उपयोग गर्ने ।** | ➢ उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै वढी भन्दा वढी कार्यक्रम सञ्चालन गरिनेछन् ।<br>➢ प्रशिक्षर्थीहरुका लागि उद्योग र शिक्षण संस्थाहरुको समन्वयमा सीक, कमाउ र तिर *(LEARN-EARN-PAY)* को अवधारणा लागु गर्न प्रोत्साहित गरिनेछ । |
| **४ प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम प्रणालीमा गुणस्तर,** | ➢ प्राविधिक धारका प्रशिक्षकहरुलाई तालिम तथा क्षमता विकासका लागि आवश्यक समन्वय गरिनेछ । |

| | |
|---|---|
| **सान्दर्भिकता तथा प्रविधिको सुनिश्चिता गर्ने।** | |
| ५ स्तरीकरण प्रणाली स्थापना गर्ने | ➢ संस्था तथा कार्यक्रमहरुको स्तरीकरणको मापदण्ड तयार गरि कार्यक्रम र संस्थाको स्तरीकरण गर्ने। |
| **६ मुल्यांकन प्रणाली सुदृढ गर्ने** | ➢ प्रयोगात्मक मूल्यांकन प्रणालीमा विषेश जोड दिइनेछ। |
| **७ नमुना वहुप्राविधिक शिक्षालय (State-of-Art) र प्राबिधिक बिश्वविद्यालय को स्थापना गर्ने** | ➢ पालिकामा एक वटा नमुना वहुप्राविधिक शिक्षालय (State-of-Art) को स्थापना गर्न पहल गरिनेछ।<br>➢ गुणस्तर सुनिश्चितताका मापदण्डहरुको आधारमा नमूना प्राबिधिक शिक्षालयको स्थापना पहल गरिनेछ।<br>➢ नगरपालिकाभित्र संचालित बिभिन्न कार्यक्रमहरुमा अध्ययनरत विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्न आवश्यक सहयोगको व्यवस्था गरिनेछ। |
| **८ प्रशिक्षकहरुको क्षमता बढाउने** | ➢ उद्योगमा आधारित प्रशिक्षण मार्फत प्रशिक्षकहरूको क्षमता अभिबृद्धि गरिनेछ। |
| **९ व्यापार तथा औद्योगिक संघ र TVET प्रदायकहरू बीच सहकार्य बढाउँदै जाने** | ➢ प्रभावकारी तथा ब्यवहारिक साझेदारी (Practical Partnership) स्वरुपहरु विकास गरिनेछ। |
| **१० विद्यालयहरूमा परामर्श र Placement एकाई प्रणाली स्थापना गर्ने** | ➢ विद्यालयहरूमा पदस्थापना तथा परामर्श (Placement and Counseling) सहयोग एकाई स्थापना गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ। |
| **११ व्यापार इनक्युबेशन इकाई (BIU) स्थापना गर्ने** | ➢ गुणस्तर सुनिश्चिताका मापदण्डहरुको आधारमा विस्तृत अनुगमन तथा मूल्यांकन प्रणालीलाई लागू गरिनेछ।<br>➢ सुधारात्मक मूल्यांकनलाई परीक्षणको रुपमा लागु गरिनेछ।<br>➢ परिणाम मापन प्रणालीलाई लागू गरिनेछ। |
| **१३ हासिल गरेका सीपहरूको प्रमाणिकरण गर्ने** | ➢ औपचारिक र अनौपचारिक माध्यमबाट हासील गरेका सीपहरुको प्रमाणीकरणका लागि सीप परीक्षा सञ्चालन गरिनेछ। |
| **१४ सामाजिक बजारीकरण (सार्वजनिक सचेतना अभियान) प्रणाली सञ्चालन गर्ने** | ➢ सामाजिक बजारीकरण रणनीति विकास गरि सामाजिक सचेतना कार्यक्रमहरू आयोजना गर्न-प्रिन्ट र विद्युतिय माध्यमहरु (पोष्टर, टिभी, फिल्म, रेडियो, सडक नाटक, स्लाइड शो, सीडी, डूर टु डूर) प्रयोगमा ल्याइनेछ। |

| | |
|---|---|
| **१५ कार्यस्थलमा आधारित तालिम बढाउँदै जाने** | ➢ प्रशिक्षार्थीहरुलाई कार्यस्थलको सिकाईका लागि सहजिकरण गरिनेछ ।<br>➢ प्रशिक्षकहरुको लागि कार्यस्थलको सिकाईलागि सहजीकरण गरिनेछ । |
| **१६ रोजगारीको लागि सहजिकरण गर्ने** | ➢ हरेक शिक्षालयमा प्रशिक्षार्थी परामर्श इकाइ स्थापनाका लागि सहजीकरण गरिनेछ ।<br>➢ रोजगारी मेला सञ्चालनका लागि सहजिकरण गरिनेछ । |
| **१७ मानव संसाधन व्यवस्थापन योजना कार्यान्वयन गर्ने** | ➢ क्षमता विकास योजना विकास गरिनेछ ।<br>➢ हालको आवश्यकता र कार्यक्रमको विस्तारको आधारमा जनशक्ति थप गरिनेछ ।<br>➢ क्षमता विकासका लागि प्रशिक्षक तालिम सञ्चालन गरिनेछ ।<br>➢ प्रशिक्षक, तथा कर्मचारीहरुलाई उद्योगको Exposure गराइनेछ ।<br>➢ ब्यवस्थापक तथा भावि ब्यवस्थापकहरुलाई TVET व्यावस्थापन तालिम प्रदान गरिनेछ । |
| १८ अन्य | ➢ नगरपालिकामा कम्तीमा १ वटा ब्यवस्थित बहुबिषय तालिम केन्द्र तथा सीप परीक्षण केन्द्रको स्थापना गरिनेछ ।<br>➢ श्रमबजाको प्रवेश र गरिखानेको तथ्यांक अपडेट गर्ने, प्रोत्साहन गर्ने, सहजीकरण गर्ने, ब्यवसाय संचालन तथा उत्पादनका लागि आवश्यक वातावरण सृजना गरिनेछ । |

## उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. उपलब्धी**

- नगरपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या तथा प्राविधिक तथा व्यावसायिक शिक्षा गुणस्तर बढेको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीले योग्यतानुरुपको काम पाएको हुनेछ ।

**ख. नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा समान पहुँच सुनिश्चत भएको हुने।

२. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच सुनिश्चत गर्न छात्रवृतिको व्यवस्था भएको हुने।

३ प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको क्षमता अभिवृद्धि भएको हुने।

४ प्राविधिक तथा व्यावसायिक शिक्षामा गुणस्तर बढेको हुने।

५ प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार भएको हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र. स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | स्थानीय पाठ्यक्रममा स्थानीय पेशा व्यवसाय र प्रविधिसंग सम्बन्धित विषयलाई प्रथमिकता | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | १ | १ | नगरपालिका |
| २. | सरकारी तथा गैरसरकारी संस्था लगायतका निकायहरुसंगको समन्वय र सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका |
| ३. | प्राविधिक शिक्षामा समान पहुच सुनिश्चित गर्न छात्रवृत्ति व्यवस्था | प्रतिशत | २ | २ | २ | २ | २ | १० | १० | नगरपालिका |
| ४. | प्रशिक्षकहरूको क्षमता अभिबृद्धि | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | नगरपालिका |
| ५. | कार्यक्रमहरुको सन्तुलित बिस्तार सुनिश्चित गर्न नगरपालिकामा १ वटा ब्यावसायिक तालिमकेन्द्र | वटा | ✓ | ✓ | ✓ | ✓ | १ | १ | १ | संघ प्रदेश र नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा सीप परीक्षणकेन्द्र स्थापना गरिनेछ | | | | | | | | |
| ६. | शिक्षण संस्थाहरुमा न्यूनतम पुर्वाधारहरु (भवन, कक्षाकोठा, प्रयोगात्मक कक्ष तथा सामग्री, प्रशिक्षक, कर्मचारी आदिको उपलब्धता) को विकास। | वटा | १ | १ | ✓ | ✓ | ✓ | २ | २ | संघ प्रदेश र नगरपालिका |
| ८. | अनुगमन तथा सुपरिवेक्षण संयन्त्र तयार | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | नगरपालिका |
| ९. | सुरक्षित तथा लैङ्गिक मैत्री भौतिक पुर्वाधार, विद्यार्थीमैत्री शिक्षण सिकाइ वातावरण तयार | वटा | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | नगरपालिका र विद्यालय |
| १०. | व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि तालिम | पटक | २ | ✓ | ✓ | ✓ | ✓ | ✓ | २ | नगरपालिका |
| १२. | विपन्न तथा सिमान्तकृत र अनाथ बालबालिकाका लागि आवासीय सुविधा सहितको छात्राबास संचालन | वटा | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | नगरपालिका |
| १४. | कार्यसम्पादन मापदण्डका आधारमा विद्यालयहरुलाई प्रोत्साहन अनुदान | विद्यालय | १ | ✓ | ✓ | ✓ | ✓ | १ | १ | नगरपालिका |
| १५. | मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकिकृत गरी सिकाइमा सुधार | विद्यालय % | ४० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १६. | प्रशिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम तथा अन्य क्रियाकलापहरु | शिक्षक % | १० | १० | १० | १० | १० | ५० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १७ | शिक्षक व्यवस्थापन | शिक्षक % | १० | १० | १० | १० | १० | ५० | १०० | संघ, प्रदेश तथा नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सिकाइका लागि सूचना प्रविधिको प्रयोग तथा क्षमता विकास | प्रति शत | २० | ३० | ३० | २० | | | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| २० | विव्यस पिटिए पदाधिकारी क्षमता विकास | प्रति शत | २० | ३० | ३० | २० | | | १०० | नगरपालिका |
| २१ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | प्रति शत | २० | २० | २० | २० | २० | १०० | १०० | नगरपालिका |

## ३.५ माध्यमिक तहको शिक्षासँग उच्च शिक्षाको अन्तरसम्बन्ध

## ३.६ पाठ्यक्रम र पाठ्यसामग्री

### १ परिचय

विद्यालय शिक्षा पश्चात आर्जन गरीने माथिल्लो तहको शिक्षा उच्च शिक्षा हो। उच्च शिक्षाले देशका लागि आवश्यक पर्ने विभिन्न विधाका जनशक्तिहरु उत्पादन गर्ने गर्दछ। वर्तमान समयमा कक्षा १२ पछिको स्नातक, स्नातकोत्तर, एम फिल र पि एच डि कार्यक्रमहरु उच्च शिक्षा अन्तर्गत पर्दछन। समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक, रोजगारमुलक एवं जनमुखी बनाउँदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धि जनशक्ति तयार गर्ने र वि.सं. २०८७ सम्म मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षा वा माध्यमिक शिक्षाको अन्तरसम्बन्ध उच्च शिक्षासंग  निकट रहनुपर्छ।

## ३.४.२ वर्तमान अवस्था

उच्च शिक्षा अन्तर्गत यस नगरपालिकामा हाल १ वटा वहुमुखी क्याम्पस रहेको छ। **जसमा शैक्षिक सत्र २०७८ सालमा जम्मा २७ जना विद्यार्थीहरु अध्ययनरत् छन। यसबाट विद्यालय शिक्षा पछिको उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई उक्त क्याम्पसले रोक्न सकेको देखिदैन। त्यसैले** शिक्षा ऐन, २०२८ (संसोधन सहित) अनुसार कक्षा १२ सम्म विद्यालय शिक्षा रहेको अवस्थामा अब उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुले कक्षा १२

उत्तीर्ण गर्ने कम्तीमा २० प्रतिशत विद्यार्थीहरुलाई वेदकोटमै गुणस्तरीय शिक्षा प्रदान गर्न सक्नुपर्ने देखिन्छ। यसका लागि माध्यमिक विद्यालयहरुसँग उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुको सम्बन्ध समेत राम्रो हुन जरुरी देखिन्छ। उल्लेखित विश्लेषणका आधारमा उच्च शिक्षा र माध्यमिक शिक्षाको सम्बन्ध क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन।

१. माध्यमिक विद्यालयहरुसँग उच्च शिक्षाको सुमधुर सम्बन्ध कायम गर्ने।
२. माध्यमिक शिक्षा सम्पन्न गरेका विद्यार्थीहरुलाई उच्च शिक्षा उपलब्ध गराउने।
३. माध्यमिक शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई उच्च शिक्षामा सहज पहुच सुनिश्चित गराउने
४. माध्यमिक शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने।
५. प्राध्यापकहरूका लागि प्रोत्साहन र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

### ३.४.३ उद्धेश्यहरु

यस योजनाले उच्च शिक्षाको माध्यमिक शिक्षासँग सम्बन्ध विस्तार गर्ने सम्बन्धी निम्नलिखित उद्धेश्यहरु राखेको छः

१ माध्यमिक विद्यालयहरुसँग उच्च शिक्षाको सुमधुर सम्बन्ध कायम गर्नु।
२ माध्यमिक शिक्षा सम्पन्न गरेका विद्यार्थीहरुलाई उच्च शिक्षा उपलब्ध गराउनु।
३ माध्यमिक शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई उच्च शिक्षामा सहज पहुच सुनिश्चित गराउनु।
४ माध्यमिक शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नु।
५ प्राध्यापकहरूका लागि प्रोत्साहन र क्षमता विकास कार्यक्रम सञ्चालन गर्नु।

### ३.४.४ रणनितिहरु

उच्च शिक्षा र माध्यमिक शिक्षाको सम्बन्ध विस्तार सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरीनेछ।

१. माध्यमिक विद्यालयहरु र उच्च शिक्षा प्रदायक संस्थाहरुसँग शैक्षिक सम्बन्ध कायम गर्न सरोकारवाला निकाय तथा पदाधिकारीहरुसंग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।
२. माध्यमिक शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई उच्च शिक्षामा सहज पहुच सुनिश्चित गराउन छात्रवृत्ति तथा आवाश आदि सुविधामा विषेश जोड दिइनेछ।
३. उच्च शिक्षा प्रदायक संस्थालाई न्युनतम मापदण्ड पुरा गरी क्षमता अभिवृद्धि गर्नमा सरोकारवाला निकाय तथा पदाधिकारीहरुसंग आवश्यक समन्वय गरी सहयोग तथा सहजीकरण गरिनेछ ।

४. माध्यमिक शिक्षामा अब्बल विद्यार्थीहरूका लागि गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउन आवश्यक व्यवस्था गरी प्रतिभा पलायनबाट जोगाइने छ।

५. प्राध्यापकहरूका लागि प्रोत्साहन र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क. उपलब्धी

- सम्पुर्ण सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय र उच्च शिक्षा प्रदायक संस्थाहरुको बीचमा सुमधुर सम्बन्ध कायम भएको हुने।
- सम्पुर्ण उच्च शिक्षा प्रदायक संस्थाहरुले नगरपालिकाबाट प्रोत्साहन प्राप्त गरेका हुने।
- वेदकोट नगरपालिकाका विभिन्न माध्यमिक विद्यालयहरुबाट विद्यालय शिक्षा पुरा गर्ने विद्यार्थीहरु मध्ये ५० प्रतिशत विद्यार्थीहरु यहाँकै उच्च शिक्षा प्रदान गर्ने संस्थामा भर्ना भएका हुने।

### ख. नतिजाहरु

१ माध्यमिक विद्यालयहरुसँग उच्च शिक्षाको सुमधुर सम्बन्ध कायम भएको हुने

२ माध्यमिक शिक्षा सम्पन्न गरेका विद्यार्थीहरुलाई उच्च शिक्षा उपलब्ध भएको हुने

३ माध्यमिक शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई उच्च शिक्षामा सहज पहुच सुनिश्चित भएको हुने

४ माध्यमिक शिक्षा हासिल गरेका विद्यार्थीहरुले गुणस्तरीय उच्च शिक्षा पाएको हुने

५ प्राध्यापकहरूका लागि प्रोत्साहन र क्षमता विकास कार्यक्रम सञ्चालन भएको हुने।

### ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | विद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरुको बीचमा विभिन्न अन्तर्क्रियात्मक कार्यक्रमहरु सञ्चालन | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | संघ तथा नगरपालिका |
| २. | उच्च शिक्षामा अध्यापनरत अध्यापकहरुलाई विभिन्न विद्यालयहरुमा नमुना कक्षाको लागि आग्रह गरीने | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका |
| ३. | उच्च शिक्षामा पहुच सुनिश्चित गर्न खुला तथा दुर शिक्षा लगायत वैकल्पिक प्रबन्ध गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | नगरपालिका |
| ५. | गुणस्तर सुनिश्चितता परीक्षण | वटा | सबै | ✓ | ✓ | ✓ | ✓ | ✓ | सवै | नगरपालिका |
| ७. | शैक्षिक सामग्री आदि वितरण तथा विद्यार्थी प्रोत्साहन | वटा | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | संघ र स्थानीय सरकार |
| ९. | सुरक्षित तथा लैङ्गिक मैत्री भौतिक पुर्वाधार, विद्यार्थीमैत्री शिक्षण सिकाइ वातावरण तयार | वटा | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका र विद्यालय |
| १०. | व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि तालिम | पटक | २ | ✓ | ✓ | ✓ | ✓ | ✓ | २ | नगरपालिका |
| १२. | विपन्न तथा सिमान्तकृत र अनाथ बालबालिकाका लागि आवासीय | वटा | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुविधा सहितको छात्राबास संचालन | | | | | | | | | |
| १३. | विशेष प्रकृतिका बालबालिकाहरु का लागि आवासीय छात्रावास निर्माण तथा संचालन | छात्रावास | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | नगरपालिका |
| १४. | कार्यसम्पादन मापदण्डका आधारमा विद्यालयहरुलाई प्रोत्साहन अनुदान | विद्यालय | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका |
| १५. | मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकिकृत गरी सिकाइमा सुधार | विद्यालय % | ४० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १६. | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम तथा अन्य क्रियाकलापहरु | शिक्षक % | १० | १० | १० | १० | १० | ५० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १७ | शिक्षक व्यवस्थापन | शिक्षक % | १० | १० | १० | १० | १० | ५० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १८ | शिक्षक तयारी विकास र सहायता प्रणालीको विकास | कोर्ष तथा कार्यक्रम | १ | | | | | | | संघ, प्रदेश तथा नगरपालिका |
| १९ | सिकाइका लागि सूचना प्रविधिको प्रयोग तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | | १०० | संघ, प्रदेश तथा नगरपालिका |

## ३.६ पाठ्यक्रम र पाठ्यसामग्री

### १ परिचय

शिक्षा पद्धतीलाई मार्गदर्शन गर्ने महत्वपुर्ण आधार पाठ्यक्रम हो । कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासंग मात्र सम्बन्धित नभइ विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ विद्यार्थीले सिके नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्यांकन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपुर्ण आधार पाठ्यक्रम हो । अतः मानवीय आवश्यकता बालबालिकाका रुचि सामाजिक मुल्य मान्यता र समाज तथा परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाको रुपमा लिनु जरुरी छ । नेपालमा सर्वप्रथम वि स २०२८ सालमा राष्टिय शिक्षा पद्धती योजनामा विद्यालय तहमा आवश्यक अंग सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो  भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । त्यसै गरी विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप पहिलो पटक वि. सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरेअनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । समसामयिक परिवर्तनलाई समेटी वि. सं. २०७१ मा उक्त प्रारूपमा परिमार्जन गरिएको थियो । समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक, रोजगारमुलक एवं जनमुखी बनाउँदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धि जनशक्ति तयार गर्ने र वि.सं. २०८७ सम्म मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघिय, प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरेको छ ।

## २ समस्या तथा चुनौतीहरु

नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । ठुलो सम्भावना बोकेको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र संवर्धन भइ नसक्न, शैक्षिक गुणस्तर अपेक्षित रूपमा बढ्न नसकेका, समग्र शिक्षा पद्धतिबाट उत्पादित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसक्नु र स्वरोजगारको अवस्था समेत सिर्जना हुन नसक्नु, उत्पादित जनशक्तिमा नैतिक मूल्य मान्यता र आचरण अपेक्षाकृत रूपमा वृद्धि हुन नसक्नु जस्ता मुख्य समस्याहरुलाई संघ, प्रदेश तथा स्थानीय पाठ्यक्रम नीतिले सम्बोधन गर्नु पर्ने प्रमुख चुनौतिको रुपमा रहेको छ । यी बाहेक पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मुल्याङ्कन सम्बन्धी समस्या र चुनौतिहरु यसप्रकार उल्लेखित गरिएको छ ।

## समस्याहरुः

१. विविधता सम्बन्धि समस्यालाई सम्बोधन गरी समग्र विकासलाई अग्रता प्रदान गर्न नसक्नु ।

२. पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि स्थानीय तहसम्म संस्थागत संयन्त्रको विकास गर्न र भएका संयन्त्रको संस्थागत क्षमता सबलीकरण गर्न नसक्नु ।

३. विद्यालय तहको पाठ्यक्रमलाई उच्च शिक्षा तहसम्म अपेक्षित रूपमा सम्बन्धित गराउन नसक्नु ।

४. विद्यालय तहको पाठ्यक्रमले एकातिर पूर्वीय दर्शनको मान्यता प्रवर्धनका लागि उपयोगी पक्षहरू गुमाइसकेको तथा अर्कोतिर पश्चिमी र आधुनिक ज्ञान प्राप्तिको मूल्य र मान्यताहरूलाई पनि अपेक्षित रूपमा समावेश गर्न नसक्नु

५.पाठ्यक्रम सम्बद्ध प्रक्रियाले जीवन उपयोगी सिपलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न असमर्थ हुनु ।

६. उत्पादित जनशक्तिले स्वदेशी रोजगारका क्षेत्रमा अपेक्षित रूपमा प्रवेश गर्न र स्वरोजगार बन्न नसक्नु

७. पाठ्यक्रमले सैद्धान्तिक मात्र नभई व्यावहारिक जीवनोपयोगी सिप विकास गर्न असमर्थ हुनु ।

८. सूचना तथा प्रविधिलाई विषय वा शिक्षण सिकाइ कुन माध्यमका रूपमा प्रयोगमा ल्याउने भन्ने कुरा अस्पष्ट रहनु

९.स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री अपेक्षित रूपमा विकास हुन नसक्नु तथा स्थानीय भाषालाई कक्षा क्रियाकलापको माध्यम बनाउन नसकिनु ।

१०. पाठ्यक्रमलाई कसरी समावेशी बनाउने, विद्यालयलाई बालकेन्द्रित कसरी बनाउने, बालमैत्री कसरी बनाउने, फरक फरक क्षमता भएकालाई विद्यालय शिक्षामा समान अवसर कसरी उपलब्ध गराउने आदि विषयहरूलाई पाठ्यक्रमले विशेष ध्यान दिन नसक्नु ।

११. शिक्षणलाई सिकाइमा रूपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रूपमा कार्यान्वयन गर्न नसक्नु ।

१२. स्थानीय सरोकारवालाहरूमा स्थानीय पाठ्यक्रमको महत्त्व बोध हुन नसक्दा स्थानीय सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरणको विकास हुन नसक्नु ।

१३.विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरूप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु ।

१४. पाठ्यक्रम आधारित मूल्याङ्कन गर्ने अभ्यासलाई कार्यान्वयनमा ल्याउन नसक्नु  तथा पाठ्यपुस्तकको सिमित घेरा भन्दा बाहिर शिक्षण सिकाइ कृयाकलाप जान नसक्नु ।

१५ स्थानीय सरोकारवालाहरूमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन सम्बन्धी क्षमताको अभाव ।

## चुनौतीहरु

- नया पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना र संचालन तथा  नया पाठ्यक्रमको अभिमुखीकरण ।
- विविधता सम्बन्धी समस्यालाई सम्बोधन गरी समग्र विकासलाई अग्रता प्रदान गर्नु ।
- पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि स्थानीय तहसम्म संस्थागत संयन्त्रको  विकास तथा संयन्त्रको संस्थागत क्षमता सबलीकरण गर्नु ।
- विद्यालय तहको पाठ्यक्रमलाई उच्च शिक्षा तहसम्म अपेक्षित रूपमा सम्बन्धित गराउनु ।
- विद्यालय तहको पाठ्यक्रमले एकातिर पूर्वीय दर्शनको मान्यता प्रवर्धनका लागि उपयोगी पक्षहरू गुमाइसकेको तथा अर्कातिर पश्चिमी र आधुनिक ज्ञान प्राप्तिको मूल्य र मान्यताहरूलाई पनि अपेक्षित रूपमा समावेश गर्नु  ।
- पाठ्यक्रम सम्बद्ध प्रक्रियाले जीवनोपयोगी सिपलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु ।
- उत्पादित जनशक्तिले स्वदेशी रोजगारका क्षेत्रमा अपेक्षित रूपमा प्रवेशयोग्य बनाउनु ।
- सूचना तथा प्रविधिलाई विषय वा शिक्षण सिकाइ कुन माध्यमका रूपमा प्रयोगमा ल्याउने ।
- स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्य सामग्री अपेक्षित रूपमा विकास गरी स्थानीय भाषालाई कक्षा क्रियाकलापको माध्यमको रुपमा प्रयोग गर्नु ।
- पाठ्यक्रमलाई कसरी समावेशी बनाउने, अनुसन्धानात्मक बनाउने, विद्यालयलाई बालकेन्द्रित,बालमैत्री कसरी बनाउने, फरक फरक क्षमता भएकालाई विद्यालय शिक्षामा समान अवसर कसरी उपलब्ध गराउने आदि विषयहरूलाई पाठ्यममा उचित सम्बोधन गर्नु ।
- शिक्षणलाई सिकाइमा रूपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्य सामग्रीको विकास एवम तिनको समन्वयात्मक कार्यान्वयन ।
- स्थानीय सरोकारवालाहरूमा स्थानीय पाठ्यक्रमको महत्त्व बोध हुन नसक्दा स्थानीय सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको वातावरणको विकास गर्नु ।

- विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरूप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयनको परिपाटिको विकास ।
- पाठ्यक्रममा आधारित मूल्याङ्कन गर्ने अभ्यासलाई कार्यान्वयनमा ल्याउनु ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास ।
- पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाहरुको अर्थपुर्ण सहभागिता सुनिश्चतता ।
- पाठ्यक्रम विकास, परिमार्जन,कार्यान्वयन र मुल्यांकनमा जवाफदेहिताको सुनिश्चतता ।
- स्थानीय तहको विविधतालाई सम्बोधन हुने स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको सुनिश्चितता ।

## अवसरहरु:

- नगरपालिकाले संघिय सरकारको शैक्षिक नीति नियम मापदण्डसँग नबाझिने गरी आफ्नो पालिकाको नीति, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था हुनु ।
- संघिय संरचना अनुसार संचालनमा रहेका सबै तहमा शिक्षाका नयाँ योजना निर्माण हुनु
- योजना तथा बजेट निर्माणमा नगरपालिका स्वायत्त हुनु
- राष्ट्रिय शिक्षा नीति २०७६ निर्माण हुनु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन हुनु ।
- नगरपालिकामा शिक्षा युवा तथा खेलकुद शाखा मार्फत समग्र शिक्षाको गुणस्तर र सेवा प्रवाह प्रभावकारिता अभिवृद्धि सम्बन्धि योजनाबद्ध सुरुवात हुनु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपको मार्गदर्शन र विषयगत मापदण्ड बमोजिम मूल विषयबाहेक नगरपालिकाले आफ्नो आवश्यकतामा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न सक्ने प्रावधान हुनु ।
- नगरपालिकाले आवश्यकताको आधारमा आधारभूत तहमा संरचनामा तोके बमोजिम र माध्यमिक तहमा एक इच्छाधिन विषयको स्थानीय प्राविधिक तथा व्यवसायिक प्रकृतिको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न सक्ने प्रावधान हुन ।

## ६.३ सोच

सक्षमता, दक्षता तथा योग्यता भएका नागरिक निर्माण वेदकोट पाठ्यक्रमको आधार ।

## ६.४ लक्ष्य

वेदकोटको विविधतालाई सम्बोधन हुने स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको सुनिश्चितता गर्ने ।

## ६.५ उद्देश्य

- पाठ्यक्रमलाई समयसमपेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी वनाइ सक्षम सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।
- अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
- स्थानीय आवश्यकता बमोजिमको ऐच्छिक विषयको पाठ्यक्रमको प्राथमिकिकरण गर्नु ।
- माध्यमिक तहमा ऐच्छीक विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्नु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपको मार्गदर्शन बमोजिम स्थानीय पाठ्यक्रम प्रारूप तर्जुमा गर्नु ।
- शिक्षणलाई सिकाइमा रूपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम तिनको समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु।
- सिकाइलाई दैनिक जीवनसंग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर्सम्बन्धित गरि सिकाइ क्रियाकलाप संचालन गर्नु ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु ।
- स्थानीय स्तरको विविधतालाई सम्बोधन हुने स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको सुनिश्चितता गर्नु
- स्थानीय सरोकारवालाहरूमा स्थानीय पाठ्यक्रमको महत्त्व बोध गराइ स्थानीय सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको वातावरणको विकास गर्नु ।
- स्थानीय सरोकारवालाहरूमा स्थानीय पाठ्यक्रमको निर्माण विकास तथा कार्यान्वयनको लागि क्षमता विकास गर्नु ।

## ६.६ रणनीति

- पाठ्यक्रमलाई समयसमपेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी वनाइ सक्षम सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास र कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मुल्यांकनमा आधारित बनाइनेछ।
- ज्ञानमा आधारित समाज सूचना तथा संचार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक सामाजिक सास्कृतिक राजनैतिक आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यवहारिक बनाउदै लगिनेछ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाइ स्थानीय सरोकारवालामा अपनत्व विकास गरि जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका रुपमा कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिनेछ। विकास पाठ्यक्रम तथा पाठ्य सामाग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गरिनेछ।
- शिक्षकका लागि निर्देशिका तथा स्रोत सामाग्री तथा विद्यार्थीका लागि सिकाइ सामाग्री स्वाध्यायान सामाग्री तथा सन्दर्भ सामाग्रीको विकास परिमार्जन तथा समायोजन गरि डिजिटाइज अनलाइन सिकाइ पोर्टलमार्फत सर्वसुलभ गराइनेछ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरता दिइनेछ।
- परम्परागत रुपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइलाई बालकेन्द्रित लैंगिक तथा अपांगमैत्री बनाइ सूचना संचार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहभागितामूलक अन्तरक्रियात्मक खोजमुलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिनेछ।
- बालबालिकाको सिकाइलाई माध्यम भाषाको कारण अवरोध नहुने गरी माध्यम भाषा छनौट गरिनेछ। यसका लागि विषेतः प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका लागि आवश्यकतानुसार मातृ भाषा स्थानीय भाषा बहुभाषा प्रयोगलाई प्राथमिकता दिइनेछ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्न सरोकारवाला तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवार र जवाफदेही बनाइनेछ।
- सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रवोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन तथा पाठ्यक्रम व्यवस्थापन पद्धतिमा सवलिकरण गरिनेछ।

### ६.७ अपेक्षित उपलब्धी

स्थानीय स्तरका आवश्यकतामा आधारित नयाँ पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाले अपनत्व ग्रहण गरी सो को सफलतापूर्वक कार्यान्वयनमा उनीहरु को जागरुकता देखिनेछ। स्थानीय स्तरमा नै पाठ्यक्रम निर्माण तथा विकास गर्ने क्षमता भएका जनशक्ति तयार भई प्रारम्भिक बालविकास, आधारभूत तह, माध्यमिक तहका पाठ्यक्रम, पाठ्यांश, पाठ्यपुस्तक, शिक्षक निर्देशका तथा सामाग्रीहरुको निर्माण भएको हुनेछ। सबै तहमा उचित पाठ्यक्रम व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्ढन पद्धति मार्फत विश्वव्यापिकरण, दिगो विकासका लक्ष्य तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुपको स्थानीय विविधतालाई सम्बोधन हुने किसिमका पाठ्यक्रम कार्यान्यवन भएको हुनेछ।

## नतिजा

१. आधारभुत तहमा अध्ययनरत सबै विद्यार्थीहरुका हात हातमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको हुने
२. सम्पुर्ण विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन भएको हुने
३. स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधिकरणमा सरोकारवालहरु सबैको सहभागिता भएको हुने
४. नयाँ पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक,अभिभावक लगायतका सरोकारवालाहरु सबैले समुहले अपनत्व ग्रहण गरी सो को सफल कार्यान्वयन भएको हुने।
५ स्थानीय स्तरका आवश्यकतामा आधारित नयाँ पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाले अपनत्व ग्रहण गरी सो को सफलतापूर्वक कार्यान्वयनमा उनीहरुको जागरुकता बढेको हुने

६ सबै तहमा उचित पाठ्यक्रम व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति मार्फत विश्वव्यापिकरण, दिगो विकासका लक्ष्य तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुपको स्थानीय विविधता सम्बोधन भएको हुने।

७ स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्न सरोकारवाला तथा विद्यालयको सक्षमता विकास तथा जिम्मेवार र जवाफदेही भएको हुने ।

### ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को अभिमुखीकरण | कक्षा वा तह | ✓ | कक्षा ४, ७, ९ | कक्षा ५, ८, १० | ✓ | ✓ | | | संघ तथा नगरपालिका |
| २. | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन | कक्षा वा तह | ✓ | कक्षा ४, ७, ९ | कक्षा ५, ८, १० | ✓ | ✓ | ✓ | | नगरपालिका |
| ३. | कक्षाकोठामा आधारित मुल्यांकनका आधार तथा नमुना विकास र प्रवोधिकरण | कक्षा वा तह | ✓ | कक्षा १ देखी ५ सम्म | कक्षा ६ देखी १० सम्म | कक्षा ११ र १२ | ✓ | ✓ | ✓ | नगरपालिका |
| ५. | पाठ्यक्रम तथा पाठ्यसामाग्री प्रवोधिकरण | | | कक्षा १ देखी ५ सम्म | कक्षा ६ देखी ८ सम्म | कक्षा ९ र १० | कक्षा ११ र १२ | ✓ | सवै | नगरपालिका |
| ७. | स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्न सरोकारवाला तथा विद्यालयको क्षमता विकास | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्थानीय सरकार |
| ९. | स्थानीय स्तरमा पाठ्यक्रम निर्माण तथा विकास गर्ने क्षमता भएका जनशक्ति तयार | वटा | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका र विद्यालय |

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय र वर्तमान अवस्था

वर्तमानमा शिक्षालाई विकासको आधारभूत पूर्वाधार र मानव अधिकारको रूपमा लिइएको छ । त्यसैले सबैका लागि शिक्षा मात्र भन्दा पनि सबैका लागि गुणस्तरीय शिक्षा अहिले नेपालको सन्दर्भमा मुख्य मुद्दा भएको छ । त्यसैले गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेशाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । सबै तहको शिक्षामा योग्य व्यावसायिक रुपमा दक्ष पेशाप्रति उत्प्रेरित समर्पित

प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्थापनबाट नै गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सकिन्छ। शैक्षिक गुणस्तर विकासका लागि मेरुदण्डका रूपमा रहने हुँदा शिक्षक शिक्षा र शिक्षक प्रशिक्षण गुणस्तरीय शिक्षाका लागि अपरिहार्य तत्वहरू हुन्। **शिक्षकहरू दक्ष भएमा मात्र उनीहरूले दिने ज्ञान शिक्षार्थीहरूमा निर्बाधरूपमा पुग्छ** (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५)। शिक्षकहरू शैक्षिक गुणस्तर विकास अभियानको केन्द्रीय भूमिकामा रहेका हुन्छन्। गुणस्तरीय शिक्षाको लागि शिक्षकको पेसागत विकास र दक्षता पनि अपरिहार्य हुन्छ। नेपालको शैक्षिक इतिहासमा वि.सं. २०२८ सालमा नयाँ शिक्षा योजनासँगै शिक्षा ऐन २०२८ ले शिक्षक बन्न तालिम अनिवार्य बनायो। शिक्षाशास्त्र अध्ययन संस्थानले आई.एड., बी.एड. र एक वर्षे बी.एड. एवम् एम.एड. जस्ता पूर्वसेवाकालीन तालिम सञ्चालन गरेको थियो भने शिक्षा मन्त्रालयले शिक्षकहरूलाई छात्रवृत्ति दिएर यिनै कार्यक्रमहरूमा सामेल गराई सेवाकालीन तालिमको रूपसमेत दिइएको थियो। त्यस्तै प्राथमिक शिक्षकहरूका लागि सेवाकालीन तालिममा ए लेभल, बी लेभल, तत्स्थानीय तालिम, दूर शिक्षण कार्यक्रम, दुर्गमक्षेत्र महिला शिक्षिका तालिम र माध्यमिक शिक्षामा आधारित तालिमहरू सञ्चालन भए।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनले पनि शिक्षक हुन तालिम अनिवार्य गरिएको र २०५० सालमा केन्द्रीय स्तरमा शैक्षिक जनशक्ति विकास केन्द्र (शैजविके) को स्थापना भयो। शैजविके र तत्कालीन दूर शिक्षा केन्द्रको सयुक्त कार्यक्रम अनुसार चार खण्ड (पहिलो, दोस्रो, तेस्रो र चौथो प्याकेज) को दस महिने (१३२० घण्टा) सेवाकालीन प्राथमिक शिक्षक तालिम सञ्चालन गरिएको थियो जुन तत्कालीन नौवटा प्राथमिक शिक्षक तालिम केन्द्रहरू र जिल्ला शिक्षा कार्यालय अन्तर्गतका स्रोत केन्द्रहरूबाट दिइन्थ्यो। २०६१ सालदेखि दूर शिक्षा केन्द्र र माध्यमिक शिक्षा विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्रमा गाभिएपछि शिक्षक शिक्षा परियोजना (टी.ई.पी.) अन्तर्गत सञ्चालित दस महिने (१३२० घण्टा) सेवाकालीन प्राथमिक शिक्षक तालिम र माध्यमिक शिक्षा सहयोग कार्यक्रम (एस.ई.एस.पी.) अन्तर्गत सञ्चालित निम्न माध्यमिक तथा माध्यमिक शिक्षक तालिमहरू तीन खण्ड (पहिलो, दोस्रो र तेस्रो चरण/मोडुल) मा ३४ वटा शैक्षिक तालिम केन्द्रहरूद्वारा २०६६ सालसम्म सञ्चालन गरिएका थिए। यसरी वि.सं. २०६६ सम्म करीब ९८.२% शिक्षकहरू तालिम प्राप्त भएको कुरा तथ्याङ्कले देखाउँछ जसअनुसार अझै पनि १.८% शिक्षकहरूले १० महिने तालिम पूरागर्न बाँकी रहेको देखिन्छ (शैजविके, २०६७)। पुनःसबै शिक्षकहरूलाई तालिमप्राप्त बनाउने सरकारी प्रतिबद्धताअनुरुप साविककै पाठ्यक्रम ढाँचामा रही दूर शिक्षा पद्धतिअनुसार तालिम सञ्चालनगरी उक्त १.८% शिक्षकहरूलाई तालिमप्राप्त गराउने व्यवस्था गरिएको थियो। यसरी सामुदायिक विद्यालयहरूमा कार्यरत तालिम अप्राप्त (विगतमा प्रमाणीकरण तालिम लिन वा पूरा गर्न बाँकी १.८%) स्थायी शिक्षकहरूको लागि वि.सं. २०६७/०६८ मा तीन चरण वा मोडुलमा गरी १० महिने प्रमाणीकरण तालिम दूर शिक्षा विधिबाट शैजविकेले सञ्चालन गरी सकेको छ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६–०७२) मा शिक्षकको पेसागत विकासका लागि शिक्षकहरूको न्यूनतम योग्यताको स्तर वृद्धि हुनुपर्ने भनी प्रस्ताव गरिनुकासाथै अनिवार्य तालिम तथा पुनर्ताजगी तालिमका प्रावधानहरूको योजना गरिएको छ। विद्यालय क्षेत्र विकास योजना (एसएसडीपी) अनुसार टीपीडीको कार्यान्वयन अनुभव र समीक्षाका आधारमा शिक्षकको पेसागत विकासका लागि विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४–२०७९/०८०) मा केही परिमार्जनसहित निन्तरता दिइने कुरा उल्लेख गरिएको छ। यस अनुसार शिक्षकहरूलाई एकपटकमा १५ दिन अवधिको शिक्षकको निरन्तर पेसागत विकास (सीपीडी) मोड्युल सञ्चालन गरी कार्यक्रम कार्यान्वयन अवधिभित्र ३० दिनको तालिम सञ्चालन गरिने छ। यसका लागि साविकको शै.ज.वि.के. र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तालिम पाठ्यक्रम विकास गरी सोही अनुसार तालिम प्याकेजहरू तयार गरिएको छ। शिक्षकको पेशागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम, TPD तालिम जस्ता थुप्रै तालिमहरु आमने-सामने तथा इन्टरनेटबाट संचालन हुदै

आएका छन् । त्यसैगरी शिक्षक सेवा आयोगले हाल शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा संचालन र स्थायी शिक्षकको बढुवा आदि कार्य गरीरहेको छ ।

### ३.७.२. शिक्षक तयारी

शिक्षण पेसालाई रोजेको पेसाको रुपमा विकास गर्न नेपालको पन्ध्रौँ योजना (२०७६/२०७७-२०८०/२०८१) ले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्व विद्यालयमा उत्कृष्ठ सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमतिपत्र अनिवार्य गरेको छ । स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने छनौट परीक्षामा उत्तीर्ण हुनु पर्ने, स्थायी शिक्षक बढुवा हुनाका लागि निश्चित मापदण्ड पुरा गरेको हुनु पर्ने प्रावधान छ ।

### ३.७.३. शिक्षण पेशामा आकर्षण र नियुक्ति

विद्यमान शिक्षा ऐन तथा नियमावलीहरुले शिक्षकहरुलाई शिक्षण पेशामा आकर्षित गराउन विभिन्न व्यवस्था गरेको पाइन्छ । शिक्षा नियमावली २०५९ ले पेसागत सुरक्षाका लागि  तलब, भत्ता, उपदान, निवृत्तिभरण, औषधोपचार खर्च, संचित बिरामी बिदा, कार्यरत शिक्षक मृत्यु भएमा सन्ततिलाई छात्रवृत्ति आदि व्यवस्था गरेको हुनाले युवाहरुको शिक्षण पेसाप्रति आकर्षण बढेको भएपनि शिक्षण पेसामा प्रतिभावान, दक्ष र सक्षम व्यक्तिलाई प्रवेश सहज बनाउन आवश्यक छ । तर हाल स्थानीय तह तथा विद्यालयको अन्तरिक स्रोतबाट शिक्षकले पाउने तलब विद्यालय पिच्छे तथा पालिका पिच्छे फरक फरक तथा न्यून  देखिन्छ । यसले पेसागत सन्तुष्टिमा प्रभाव पारेको छ । संघिय सरकारबाट दरबन्दीको व्यवस्था भै स्थायी शिक्षक नियुक्ति भै नआउँदा सम्म स्थानीय स्तरमा स्थानीय स्रोत शिक्षकको दरबन्दी कायम गरी प्रदेश तथा संघ स्तरको शिक्षक सेवा आयोगले लिएको छनौट परीक्षाको करार सुचिमा भएका उमेदवारलाई नियुक्ति दिने र यस्तो उमेदवार उपलब्ध नभएमा स्थानीय तहले नियमानुसार शिक्षक छनौट परीक्षा संचालन गर्ने व्यवस्था गर्नुपर्छ र सफल हुने शिक्षकलाई नेपाल सरकारले तोकेको तलब भत्ता  पाउने गरी नियुक्ति गर्नु आवश्यक छ ।

### ३.७.४. शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा संचालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ । र गूणस्तरीय शिक्षण सिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ । विद्यालय तहको

पाठ्यक्रम प्रारुप २०७६, विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौं योजना आदिले शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित प्रविधिमैत्री परियोजनामा आधारित र सामुदायिक क्रियाकलापमा आधारित बनाउनमा जोड दिइको छ। राष्टिय शिक्षा नीति २०७६ ले सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगका रुपमा एकीकृत गर्दै प्रविधिमैत्री व्यावहारिक र नतिजामूलक बनाउने कुरा उल्लेख गरेको छ। तर हाम्रा कक्षा कोठाको शिक्षण सिकाई क्रियाकलापमा अपेक्षित सुधार भएको देखिदैन। कक्षाकोठामा बाल मनोविज्ञान, सिकाइका सिद्धान्त, शैक्षणिक सामग्री, इन्टरनेटको प्रभावकारी प्रयोग गर्न दक्ष, योग्य, उत्प्रेरित र विषयगत शिक्षकको अभाव विद्यालयहरुलाई आवश्यक पर्ने पूर्वाधारहरुको कमी आदिका कारण कक्षाकोठामा संचालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षित सुधार हून नसकेको अवस्था छ।

### ३.७.५. शिक्षक पेसागत सहयोग पद्धति

विश्वमा शिक्षक पेशागत सहयोगका विभिन्न उपागमहरु प्रचलनमा छन् जस्तैः कक्षा अवलोकन र छलफल मोनिटरिङ नियमित अनुगमन तथा पृष्ठपोषण आदान प्रदान,, शिक्षकहरुको सिकाइ सन्जाल सहपाठीहरुसंगको अर्न्तक्रिया आदि । नेपालमा रा. शि. प .यो .२०२८ ले विद्यालय सुपरिवेक्षणका लागि प्रा .वि.नि र मा.वि.नि. को व्यवस्था गरेको थियो। ग्रामिण विकासका लागि सेती परियोजना (२०३८-२०४८), प्राथमिक शिक्षा परियोजना (२०४२-२०४७), आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथम (२०४९-२०५४) र दोस्रो (२०५६-२०६१), विज्ञान शिक्षा विकास परियोजना (२०४४-२०५१), प्राथमिक शिक्षा विकास परियोजना (१९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (१९९३-२०००), शिक्षक शिक्षा परियोजना (२००२-२००९), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/२०७४-२०७७/२०७८) ले शिक्षकको पेसागत विकासलाई महत्व दिई देशभरिका १०५१ स्रोतकेन्द्रका स्रोतव्यक्ति मार्फत प्र. अ. लाइ व्यवस्थापन सम्बन्धी तालिम, शिक्षकहरुलाई विषयगत र विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रम संचालन भएको देखिन्छ। संघिय सरकारको स्थापना भएपछी यो व्यवस्था हटेको छ। प्रदेश स्तरमा एउटा मात्र रहेको तालिम केन्द्रले तालिम दिने कार्य र परिमाणात्मक तथा परिणामात्मक रुपमा प्रभावकारी हुन सकेको छैन। स्थानीय स्तरमा शिक्षकलाइ पेसागत सहयोग गर्न तालिम शाखाको स्थापना र आवश्यक पर्ने सबै किसिमका स्रोतको व्यवस्थापन गर्न आवश्यक छ।

### ३.७.६. शिक्षक उत्तरदायित्व

गुणस्तरीय शिक्षा र शिक्षकको उत्तरदायित्व परस्पर सम्बन्धीत छन्। शिक्षक विद्यार्थी अभिभावक समुदाय तथा विद्यालय प्रशासक।प्र अ प्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफुले पढाउने विद्यार्थीहरुको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु

भन्ने बुझिन्छ। यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासको बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्छ। बाल बालिकाको सिकाइप्रति उत्तरदायित्व लिने शिक्षकले दिने शिक्षा गुणस्तरीय हुन्छ। विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धीका लागि शिक्षक अभिभावक र प्र. अ. प्रति उत्तरदायी हुनु पर्छ। शिक्षक सेवा आयोग नियमावलीले कार्य सम्पादन मुल्यांकन द्वारा स्थायी शिक्षकलाई प्र. अ. प्रति उत्तरदायी बनाउन खोजेको छ तर त्यो अपर्याप्त र प्रभावहीन छ। पन्ध्रौ योजनाले शिक्षकले कक्षाकोठामा विताउने समयलाई नियमित पठनपाठनसंग आबद्ध गर्दै शिक्षकलाई पेशाप्रति समर्पित बनाइ शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम संचालन गरिने व्यवस्था गरेको छ। राष्टिय शिक्षा निति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रुपमा प्र अ प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रतिजवाफदेही बनाउने र प्र अ लाई विद्यार्थी अभिभावक र स्थानीय तहप्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ। नेपालमा विभिन्न समयमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले राष्टिय स्तरमा गरेको विद्यार्थीको सिकाक्ष उपलब्धि परीक्षण (NASA) बाट विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक देखिएको छैन। शिक्षण सिकाइमा सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि बढाउन शिक्षक पेशागत विकासका अवसरहरु प्रदान गरिदै आएको छ तर शिक्षक पेशागत विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसंग जोडेर कार्यान्वयनमा प्रभावकारीता ल्याउनुपर्ने आवश्यकता देखिएको छ। विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थिति हो। विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्ने र नियुक्ति पाएपछि तुरुन्तै सरुवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ। सरुवा प्रणाली व्यवस्थित नहुनुले पनि शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति उत्तरदायी बनाउन कठिन बनाएको छ। अतः शिक्षक सरुवा प्रणालीलाई व्यवस्थित बनाउनु प्रमुख आवश्यकता रहेको देखिन्छ। त्यस्तै शिक्षा क्षेत्रमा देखिएको व्यापक राजनीति र त्यसले शिक्षण सिकाइमा पारेको प्रभाव कम गर्न आवश्यक व्यवस्था गर्नु आवश्यक देखिएको छ।

### ३.७.७. शिक्षक आपूर्ति र वितरण

शिक्षा नियमावली २०५९ को नियम ९२ अनुसार विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था अनुसूची १२ मा गरीएको छ। पुर्व प्राथमिक मा १, प्राथमिक तहमा ५० जना भन्दा कम विद्यार्थी भए २, ५० भन्दा बढी भए कम्तिमा ३, कक्षा ६-८ का लागि कम्तिमा ४, कक्षा ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था गरेको छ। शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रका लागि १:४०, पहाडी क्षेत्रका लागि १:४५ तथा तराइ क्षेत्रका लागि १:५० तोकेको छ। वेदकोट नगरपालिकाको सन्दर्भमा सामुदायिक विद्यालयमा पुर्व प्राथमिक र प्राथमिक तहमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी पर्याप्त देखिएको छ तर निम्न माध्यमिक र माध्यमिक तहमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी अभाव भएकाले शिक्षक व्यवस्थापन अपरिहार्य देखिएको छ। यसको लागि स्थानीय सरकारले प्रदेश सरकार र संघीय सरकारसंग आवश्यक सल्लाह तथा समन्वय जरुरी देखिन्छ। कुनै कारणले शिक्षक पद रिक्त भएमा अर्को व्यवस्था

नहुँदासम्म सक्षम सेवानिवृत्त शिक्षकलाई समेत काममा लगाउने र पारिश्रमिक दिने व्यवस्था समेत गर्न सकिन्छ । जसले गर्दा तत्कालै शिक्षकको आपूर्ति भइ विद्यार्थीको  सिकाइलाई निरन्तरता दिन सकिन्छ ।

### समस्या

वर्तमानमा वेदकोट नरपालिकाको शिक्षक व्यवस्थापनका क्षेत्रमा देहायका  समस्या विद्यमान रहेका छन् ।

- विद्यालयमा हाल विभिन्न प्रकारको  शिक्षकहरु कार्यरत देखिएका छन् । जस्तैः स्थायी, करार, राहत अनुदान, निजी स्रोत आदि तर सबै शिक्षकहरूबाट एउटै किसिमको शिक्षण र प्रतिफल प्राप्त गर्न नसकिएको ।
- सबै सामुदायिक विद्यालयहरूमा तहगत र विषयगत रुपमा शिक्षकहरू व्यवस्थापन गर्न नसकिनु
- शिक्षकको पेसागत क्षमता विकास गरी जिम्मेवार बनाउन नसकिनु ।
- माग र आवश्यकता बमोजिम विशेष शिक्षाका लागि शिक्षकहरूको व्यवस्था र उनीहरूको पेसागत विकासका कार्यक्रम सञ्चालन गर्न नसकिनु ।
- प्राविधिक धारका शिक्षकहरूका लागि शिक्षण सिकाइ विधिको ज्ञान र सिप अभिमुखीकरण तालिम सञ्चालन गर्न तथा अध्यापन अनुमतिपत्रको समस्या रहेको  ।
- शिक्षक शिक्षा, तालिम र जनशक्ति विकाससम्वन्धी नीति, कार्यक्रमहरूमा अस्पष्टता रहेको ।
- शिक्षक शिक्षा र तालिमको कक्षाकोठामा स्थानान्तरणका एकदमै न्यून हुनु ।
- शिक्षक शिक्षा र तालिमको कक्षाकोठामा प्रभावकारी स्थानान्तरणका लागि पर्याप्त शिक्षक दरबन्दी, विद्यालयको भौतिक तथा आर्थिक अवस्था, आधुनिक प्रविधि र प्रयोगशालाको अभाव हुनु ।
- शिक्षक शिक्षा र तालिमका लागि आवश्यक सँरचना, मानव सँसाधन व्यवस्थापन अद्यावधिक नहुनु ।
- शिक्षक तथा शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति राजनीतिक दल तथा तिनका भातृ सङ्गठनहरूसँग आवद्ध भई पेसागत भन्दा पार्टीगत क्रियाकलापहरूमा बढी सहभागी हुनु ।
- अनुगमन सुपरिक्षणको अभाव हुनु ।
- शिक्षण पेसा र शिक्षकहरूलाई तालिममा सिकेका सिपहरूलाई कक्षाकोठामा कार्यन्वयनका लागि उत्प्रेरणाको अभाव हुनु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका लागि आवश्यक स्रोतको अभाव हुनु ।
- शिक्षण पेसामा उत्कृष्ट जनशक्ति आकर्षित गर्न र टिकाउन नसकिनु ।
- शिक्षकहरूले आफ्नो शिक्षणको स्वमूल्याङ्कन र विद्यार्थीको मनोविज्ञान अनुसार शिक्षण गर्न नसक्नु ।
- शिक्षा र शिक्षणका क्षेत्रमा आवश्यकताभन्दा बढी जनशक्ति उत्पादन हुनु ।
- विद्यालय शिक्षा र उच्च शिक्षामा पाठ्यक्रमले लिएको लक्ष्य अनुरुप कार्यान्वन र उपलब्धि हुन नसकेको ।
- शिक्षा एक प्राविधिक विषय र पेसा भए पनि यसमा प्रयोगात्मक भन्दा सैद्धान्तिक पक्षमा बढी जोड दिइएको र सोहीबमोजिम मूल्याङ्कन समेत हुने गरेको ।

### चुनौतीहरुः

- शिक्षण पेसालाई रोजाइको पेशाका रुपमा विकास गर्ने।
- विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी शिक्षक तयारी कोर्ष वा शिक्षक शिक्षा कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने।
- सक्षम शिक्षक आपुर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरुमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मुल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित गराउने।
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी सुनिश्चत गर्न गराउनु, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउने।
- शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली विकास गर्ने।
- शिक्षको पेशागत विकासको अवसर विस्तार गर्ने
- विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको कार्य सम्पादन मुल्यान्कनसंग आबद्धगर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।
- सबै तहमा शिक्षक व्यवस्थान गर्ने आदि।

### अवसर

नेपालको बदलिँदो राजनैतिक प्रशासनिक र शासकीय प्रणाली एवम् शिक्षाक्षेत्रमा भएका प्रगति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू समेतका आधारमा सुदूरपश्चिम प्रदेशको शिक्षक शिक्षा र जनशक्ति विकासका लागि हाल देहायका अवसरहरू विद्यमान रहेका छन्।

- नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभुत गरी ज्ञानमा आधारित शिक्षालाई महत्वपुर्ण माध्यमको रुपमा स्वीकार्दै आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिकतहसम्मको निःशुल्क शिक्षा पाउनेहक प्रत्याभुत गरेको छ।
- नेपाल सरकारले हाल शिक्षकहरूको पेसागत दक्षता विकास र तालिमसँग सम्वन्धित विभिन्न नीति, निर्देशिका, योजना तथा कार्यक्रमहरू तयार गरिरहेको छ।
- शिक्षकको पेसागत तथा वृत्ति विकासका लागि सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरू एवम् गैरसरकारी सँघ सँस्थाहरूसँगको सहकार्य गर्न सकिने अवसर रहेको छ।
- सुदूरपश्चिम प्रदेशभित्र शैक्षिक क्रियाकलाप सञ्चालनका लागि सरकारी तथा गैर सरकारी सँघ सँस्थाहरूको सहयोगमा स्थापना भएका मौजुदा सँरचनाहरू प्रयोग गर्न सकिने अवसर रहेको छ।

- शिक्षा क्षेत्रमा लामो समयसम्म काम गरेका र शिक्षक शिक्षा लगायतका कार्यक्रम सञ्चालन गर्न स्रोत व्यक्ति तथा सहजीकरण गर्न सक्ने सिपयुक्त मानव संशाधन रहेको छ।
- सङ्घीय सरकार अन्तर्गतका विद्यमान सँरचनाहरूबाट पनि पेसागत विकासका लागि पाठ्य सामग्रीहरू, शैक्षिक सामग्रीहरू, शिक्षक तालिमको पाठ्यक्रम विकास, प्रशिक्षक प्रशिक्षण लगायतका कार्यहरू भईरहेका छन्।
- हाल विद्यालय तहको शिक्षण पेसामा अध्यापन अनुमतिपत्र प्राप्त व्यक्ति मात्र शिक्षक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षा मार्फत छनोट भई सेवा प्रवेश गरिरहेकाले उनीहरूमा शिक्षण विधि लगायतका आधारभूत विषयवस्तुको ज्ञान र सिप विद्यमान रहेको छ।
- शिक्षक शिक्षाका क्षेत्रमा विश्वमा भएका नविनतम् प्रविधिको विकास।
- विद्यालयमा शिक्षक पदपूर्ति व्यवस्थामा सुधार ।
- खुला तथा दूर शिक्षा विधि एवम् अनलाईनबाट स्वाध्यन तथा तालिम सञ्चालन र पेसागत विकासका अवसहरू विद्यमान रहेका।

### ७.८ सोच, लक्ष्य तथा उद्देश्य

**(क) सोचः** शिक्षा क्षेत्र र शिक्षण पेसामा नवप्रवर्तनशील, दक्ष एवम् जिम्मेवार जनशक्ति व्यवस्थापन।

**(ख) लक्ष्यः** शिक्षक शिक्षा तथा तालिम मार्फत् शिक्षा क्षेत्र र शिक्षण पेसामा नवप्रवर्तनशील,दक्ष एवम् जिम्मेवार जनशक्ति व्यवस्थापन गर्दै शिक्षणलाई एक सम्मानित तथा आकर्षक पेसाका रुपमा स्थापित गर्ने।

**(ग) उद्देश्यहरू**

- प्रविधिमैत्री गुणस्तरीय विद्यालय शिक्षा शिक्षा प्रदान गर्न सबै तहमा कार्यरत तथा नवप्रवेशी शिक्षक तथा जनशक्तिको विषयगत तथा पेसागत दक्षता विकास गर्ने।
- गुणस्तरीय र जिम्मेवार प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादनका लागि नवप्रवर्तनात्मक एवम् अनुसन्धानमूलक जनशक्ति विकास गर्ने।
- स्थानीय स्तरमा विकास गरिने पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विकास तथा उत्पादन गर्न सक्षम जनशक्ति विकास गर्ने।
- विद्यमान शैक्षिक नीति, योजना तथा कार्यक्रमहरू परिमार्जन गरी समय सापेक्ष, परिवेश सुहाउँदो, वैज्ञानिक तथा प्रविधिमैत्री र कार्यान्वयनयोग्य एवम् प्रभावकारी बनाउने।
- शिक्षक शिक्षा र तालिमको कक्षाकोठामा प्रभावकारी स्थानान्तरणका लागि शिक्षक शिक्षा र तालिमका पाठ्यक्रम, सहजीकरण प्रक्रिया र मूल्याङ्कन लगायतका पक्षहरूमा सुधार गरी उत्प्रेरणा बढाउने, स्थलगत विज्ञ सहायता, अनुगमन तथा सुपरिवेक्षणमा प्रविधिको प्रयोग एवम् शिक्षण प्रयोगशाला स्थापना गर्ने।
- शिक्षण पेसामा उत्कृष्ट र जिम्मेवार व्यक्ति आकर्षित गर्न शिक्षक छनोट, विकासका र पदस्थापनको नीति तर्जुमा गर्ने।
- शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्ने।

### ७.९ रणनीति

- सूचना प्रविधिको प्रयोग गरी अनलाईन, अफलाइन लगायतका वैकल्पिक शिक्षण विधिबाट शिक्षकहरूलाई तालिम प्रदान गर्न तालिम केन्द्र र जनशक्ति व्यवस्थापन गरिनेछ ।
- विविधता व्यवस्थापनमा आधारित शिक्षण सिकाइ र विशेष शिक्षा प्रदान गर्न सक्ने शैक्षिक जनशक्ति उत्पादनका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।
- शिक्षण सिकाइ प्रक्रियालाई अनुसन्धानमूलक, प्रविधिमैत्री बनाउने र स्थानीय विषयवस्तु वा पाठ्यक्रम शिक्षणका लागि आवश्यकतामा आधारित तालिम सञ्चालन गरिनेछ ।
- विद्यालयको स्रोतमा नियुक्त शिक्षकहरूको पेसागत विकास तालिम तथा शिक्षण सेवाका लागि तयारी कक्षाहरू सञ्चालन गरिनेछ ।
- विश्वविद्यालयको शिक्षा शास्त्र सङ्काय तथा शिक्षा शास्त्र विषय अध्यापन गराउने क्याम्पसहरूसँग विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक सहकार्य गरिनेछ ।
- शिक्षक शिक्षा र तालिमको कक्षा कोठामा प्रभावकारी स्थानान्तरणका लागि शिक्षण सँस्थाको भौतिक व्यवस्थापनमा सुधारका साथै अनुसन्धानमा आधारित थप कार्यक्रमका लागि सङ्घीय र प्रदेश सरकारहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।
- सँस्थागत विद्यालयका शिक्षकहरूको पेसागत क्षमता विकासका लागि लागत साझेदारीमा आधारित तालिम र स्थलगत प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षक शिक्षा र तालिम सम्बन्धी नीति तथा कार्यक्रमहरू परिमार्जन एवम् अद्यावधिक गरिनेछ ।
- सेवाकालीन शिक्षक तालिम र विश्वविद्यालयको शिक्षा शास्त्रका विषयहरूको पाठ्यक्रम परिमार्जन गरिनेछ ।
- शिक्षक शिक्षा र तालिम सञ्चालन गर्ने एवम् विश्वविद्यालयमा शिक्षा शास्त्र अध्यापन गर्ने जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।
- शिक्षक विधार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गरिनेछ ।
- विद्यालय तहको शिक्षाको लागि शिक्षकको न्युनतम् योग्यता सुनिश्चितता गरिनेछ ।
- स्थानीय तहबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सुचिमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समिति द्वरा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिइ नियुक्ती दिइनेछ ।
- स्थानीय तहमा विषयगत शिक्षक संजाल विकास गरिनेछ ।
- विषयगत दक्षता भएका र तालिम प्रशिक्षण अनुभव भएका कार्यरत शिक्षक तथा सेवा निवृत शिक्षकद्वारा पेशागत सहयोग पद्धतिको विकास गरिनेछ ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसंग आवद्ध गरिनेछ ।

➢ शिक्षक नियुक्ति सरुवा, तालिम र पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै पनि अवरोध नहुने पद्धतिको विकास गरिनेछ।

### ३.७.१० उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य:

#### उपलब्धी

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार हुनेछ।

#### नतिजा

- विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्युनतम शैक्षिक योग्यता पुनरावलोकन तथा सुधार भएको हुने।
- शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित भएको हुने।
- पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त भएको हुने।
- शिक्षकहरुको उपस्थिति, शिक्षण विधि तथा तौर तरिका र कार्य सम्पादनमा सुधार भएको हुने।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने।

### ३.७.१०. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | मेधावी विद्यार्थीलाई शिक्षण पेशामा आकर्षण गराउन आवश्यक व्यवस्था गर्ने | प्रतिशत | १ | | | १ | | २ | २ | नगरपालिका |
| २. | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | जना | १ | १ | १ | १ | | ४ | ४ | नगरपालिका |
| ३. | सवै स्थायी शिक्षकको स्वास्थ्य विमा अनिवार्य गर्ने | जना | १ | १ लाख | | | | | | नगरपालिका |
| ४ | शिक्षक सरुवालाई व्यवस्थित बनाउने | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | सवै | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | तहगतरुपमा विद्यार्थी अनुपात तथा विषयगतरुपमा शिक्षक व्यवस्थापन | पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | संघ र नगरपालिका |
| ६. | नगरपालिकाबाट नियुक्त शिक्षकहरुलाई तोकेको तलबभत्ता दिने | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | नगरपालिका र विद्यालय |
| १०. | नया नियुक्त हुने शिक्षकहरुलाई १० दिने सेवा प्रवेश तालीम संचालन गर्ने | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | नगरपालिका |
| १२. | नियमित शिक्षण सिकाइ सुनिश्चत गर्न मापदण्ड विकास गर्ने | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | १ | नगरपालिका |
| १३. | प्रत्येक माध्यमिक विद्यालयमा एक पुस्तकालयको व्यवस्था गर्ने | वटा | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | सवै | नगरपालिका र विद्यालय |
| १४. | प्रत्येक माध्यमिक विद्यालयमा एक सुविधायुक्त आ इ सि टि ल्याव व्यवस्था गर्ने | विद्याल य | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ननगरपालिका र विद्यालय |
| १५. | प्रत्येक माध्यमिक विद्यालयमा एक विज्ञानप्रयोगशाला व्यवस्था गर्ने | विद्याल य % | १०० | १०० | १०० | १०० | १०० | १० ० | १०० | नगरपालिका र विद्यालय |
| १६. | प्रत्येक उच्च गतिको इन्टरनेट सेवाको उपलब्धमार्फत शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोगलाई बढाउने | शिक्षक % | १० | १० | १० | १० | १० | ५० | १०० | संघ, प्रदेश तथा नगरपालिका |
| १७ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न | शिक्षक | १० | १० | १० | १० | १० | ५० | १०० | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षाको नतिजा विश्लेशण गर्ने । | | | | | | | | | |
| १८ | सिकाइका लागि शिक्षकहरुको इ सञ्जाल समूह बनाउने । | संख्या | १ | | | | | | | नगरपालिका |
| १९ | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले कामका विताउने समय सुनिश्चित गर्ने र प्र अ लाई जिम्मेवार बनाउने । | सवै प्रअ | २० | ३० | ३० | २० | | | १०० | नगरपालिका र विद्यालय |
| २० | असल अभ्यासको अवलोकन भ्रमण गराउने | | | | | | | | | नगरपालिका र विद्यालय |
| २१ | विद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने । | संख्या | १ | | | | | | १ | नगरपालिका र विद्यालय |
| २२ | प्रअ बाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको मुल्यांकन तथा अनुगमन गर्ने | संख्या | १ | | | | | | १ | विद्यालय |
| २३ | स्थानीय तहमा सेवा निवृत्त दक्ष शिक्षकहरुको विज्ञ टोली गठन सहयोग लिने | विद्यालय % | १०० | १०० | १०० | १०० | १०० | १०<br>० | १०० | नगरपालिका |
| २४ | सहपाठी कक्षा अवलोकन गराउने | संख्या | १ | | | | | | १ | विद्यालय |
| २५ | शिक्षण सिकाइका सम्बन्धमा शिक्षक अनलाइन अफलाइन | विद्यालय % | १०० | १०० | १०० | १०० | १०० | १०<br>० | १०० | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कन्फरेन्स /सेमिनार संचालन गर्ने | | | | | | | | | |
| २६ | प्रशिक्षकका लागि १० दिनको प्रशिक्षक प्रशिक्षण तालीम संचालन गर्ने। | पटक | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका |
| २७ | शिक्षक सरुवालाई वस्तुनिष्ठ बनाउने। | पद्धती | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका |
| २८ | शिक्षकले शिक्षणमा विताउने समयमा प्र अ लाई जिम्मेवार बनाउने। | विद्यालय | सबै | | | | | | | विद्यालय |

## प्रस्तावित कार्यक्रम

- शिक्षक पेसागत विकास तालिम
- शिक्षण सेवा प्रवेश तालिम
- प्रशिक्षक प्रशिक्षण
- शिक्षक तयारी कोर्स (टीपीसी)
- बालविकास शिक्षक क्षमता विकास तालिम
- शिक्षक शिक्षा र तालिमसँग सम्बन्धित अनुसन्धान तथा विकास
- शैक्षिक नेतृत्त्व विकास कार्यक्रम
- विद्यालय लेखा तथा जिन्सी व्यवस्थापन तालिम
- विशेष शिक्षा शिक्षक तालिम
- आवश्यकतामा आधारित पुनर्ताजगी तालिम
- स्थानीय विषय शिक्षण कार्यशाला
- विविधता व्यवस्थापन तालिम
- बालविकास शिक्षक तालिम
- पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विकास कार्यशाला
- समसामयिक विषयवस्तुमा (वृहत् यौनिकता शिक्षा, व्यवहार कुसल सिप, बालमैत्री विद्यालय, विपद र महामारीमा शिक्षा आदि) आधारित तालिम कार्यशालाहरू

## अपेक्षित उपलब्धि:

यस योजनाको अन्तसम्ममा सबै कार्यरत शिक्षकहरूले ६० कार्य दिन बराबरको पेसागत विकास तालिम, पुनर्ताजगी तालिम र नवप्रवेशी शिक्षकहरूले १५ दिनको सेवा प्रवेश तालिम लिएका हुनेछन्। विविधता व्यवस्थापन, विशेष शिक्षा

शिक्षण, पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विकासका लागि दक्ष र जिम्मेवार जनशक्ति तयार भएको हुनेछ। शिक्षक शिक्षा र तालिमको कक्षाकोठामा प्रभावकारी स्थानान्तरण भइ विद्यार्थीको सिकाइ उपलब्धिमा बढोत्तरी भएको तथा विद्यालय शिक्षाका क्षेत्रमा सुधार भएको हुनेछ। शिक्षण पेसामा उत्कृष्ट तथा जिम्मेवार जनशक्ति कार्यरत रहेको र शिक्षक एक आकर्षक तथा सम्मानित पेसाका रुपमा स्थापित भएको हुनेछ।

## ३.८ शैक्षिक व्यवस्थापन सबलीकरण (सामुदायिक विद्यालय सबलीकरणसमेत)

### १. संस्थागत क्षमता विकास

नेपाल सरकाले नेपालको संविधान, २०७२ को धारा ३१ ले प्रत्याभूत गरेको व्यवस्था र संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा भएको शिक्षा सम्वन्धी व्यवस्थालाइ कार्यान्वयन गर्न संघीय प्रादेशिक र स्थानीय तहमा शैक्षिक प्रणालीको नीतिगत प्रक्रियागत संस्थागत संरचना र जनशक्तिको समेत प्रवन्ध गरिएको छ। संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,प्रदेश तहमा सामाजिक विकास मन्त्रालय; स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा रहेका छन्। यो शैक्षिक संगठनमा कुशल व्यवस्थापन, समावेशीता, भौतिक संरचना, शैक्षणिक क्रियाकलापहरु तथा मानवस्रोत व्यवस्थापन एवम् आत्मनिर्भर भएर चल्न सक्ने वनाउनु आजको आवश्यकता देखिएको छ ।

### १.१ वर्तमान अवस्थाः

समग्र शैक्षिक प्रणालीको दक्षता र प्रभावकारीता अभिवृद्धिका लागि मन्त्रालय निर्देशनालय तालिम केन्द्रहरु सामाजिक विकास कार्यालयहरुको जुनसुकै परिस्थितिमा पनि उपलव्ध साधन स्रोतको अधिकतम उपयोग गर्ने क्षमता दक्षता कार्यकुशलता लेखाजोखा गरि परिवर्तित सन्दर्भमा पनि शैक्षणिक प्रक्रियालाइ निरन्तरता दिने गरि नीतिगत, कानुनी, संस्थागत संयन्त्रको विकास गरिएको छ। शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु अभिभावक लगायत जनशक्तिको क्षमता विकासका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सरकार अन्तर्गत शिक्षा विकास निर्देशनालय र शैक्षिक तालिम केन्द्र तथा स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा रहेका छन्। खास गरि शैक्षिक तालिम केन्द्रले स्थानीय तहको शिक्षामा कार्यरत जनशक्ति र शिक्षकहरुको क्षमता विकासका कामहरु सञ्चालन गरिरहेको छ।

### १.२ चुनौती

- ❖ संघीयताको मर्म अनुरुप शिक्षा क्षेत्रको पनि संरचनात्मक व्यवस्था परिवर्तन भए पनि राजनैतिक नेतृत्व र जनशक्तिको केन्दिकृत मानसिकता कायमै हुनु;

- ❖ लगानी अनुसारको प्रतिफल हासिल गर्नु;
- ❖ एउटै प्रकृतिको कार्य गर्न तीन वटै सरकारका अलग अलग संस्थागत संरचनासंग समन्वय कायम गर्नु;
- ❖ प्रविधिमैत्रि भौतिक संरचना निर्माण गर्नु;
- ❖ आवश्यतामा आधारित क्षमता विकास तालिम र सिकेका सीप कार्यक्षेत्रमा प्रयोग गरि नतिजासंग जोड्नु;
- ❖ वढ्दो जनआकाक्षा सम्वोधन गर्नु ।
- ❖ शैक्षिक व्यवस्थापन सुचना प्रणालीलाई सुदृढ, प्रभावकारी र कार्यमुलक वनाउनु;
- ❖ सुशासन र उत्तरदायित्व कायम गर्नु ।

## १.२ अवसरहरु

- ❖ तीन तहबीच सहशासन र स्वशासनको अबधारणा संविधानतः व्यवस्था भएको
- ❖ तीन तहका सरकारहका बीच समन्वय, सहकार्य र सह अहअस्तित्व आवश्यक हुने हुदा संघ, प्रदेश र स्थानीय तह ( समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ जारी भइ कानुनी र संरचनागत प्रणालीगत व्यवस्था गरिएको,
- ❖ तिनै तहले कार्यकारिणी, विधायन र न्यायिक कार्य गर्ने व्यवस्था अनुरुप स्थानीय सरकाले शिक्षा संघीय सरकारको शैक्षिक नीति नियम मापदण्डसंग नवाझिने गरि नीति,कानुन,मापदण्ड,योजना निर्माण,कार्यान्वयन र अनुगमन मुल्यांकन गर्ने व्यवस्था हुनु;
- ❖ प्रदेशमा समाजिक विकास मन्त्रालय र अन्तर्गत शिक्षा विकास निर्देशनालय शैक्षिक तालिम केन्द्र (३ वटा उप केन्द्र बैतडी कञ्चनपुर र कैलाली) ; जिल्ला स्तरमा समन्वय इकाइ र समाजिक विकास कार्यालय तथा स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा मार्फत समग्र शिक्षाको गुणस्तर र सेवा प्रवाह प्रभावकारिता अभिवृद्धि सम्वन्धी कार्यको योजनावद्ध सुरुवात हुनु आदि ।

## १.३. प्रमुख समस्या

- ❖ संविधानमा शिक्षा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा उल्लेख भएकाले सो सम्वन्धी संघीय शिक्षा ऐन र उच्च शिक्षा ऐन जारी नहुदा प्रदेश र स्थानीय तहहरुले शिक्षा सम्वन्धी कानुन मापदण्ड वनाउन कठिनाइ भएको
- ❖ जनशक्तिको अभाव काममा दोहोरोपन ल्याउने गरि संघ प्रदेशवाट जिल्ला कार्यालयहरु स्थापना हुनु
- ❖ संस्थागत विद्यालयको नियमन संयन्त्रको विकास नहुनु
- ❖ शैक्षिक जनशक्ति विकास र शिक्षक तालिम नीतिको तर्जुमा र कार्यान्वयन नहुनु
- ❖ स्थानीय तहमा सबै प्रकारको सेवा उपलब्ध गराउन एकीकृत जनशक्ति व्यवस्थापनको ढाँचा तयार नहुनु
- ❖ कर्मचारीको स्वाभिमानमा चोट लाग्ने गरी खटन पटन गरि कनिष्ठको मातहतमा जेष्ठ कर्मचारी रहनु पर्ने अवस्था सिर्जना भई वृति विकासमा गम्भिर असर परेकोले कर्मचारीको मनोवल कमजोर भइ स्थानीय तहको सेवा सञ्चालन प्रक्रिया प्रभावकारी हुन नसक्नु ।
- ❖ केन्द्रिकृत शासन व्यवस्थाका विद्यालय शिक्षक र शिक्षा क्षेत्रका कर्मचारीहरु संघीयताको मर्म अनुसार रुपान्तरण नहुनु आदि ।

## १.४. क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य रणनीति कार्यनीति

**सोचः**

सुदृढ सक्षम प्रभावकारी उपलव्धी मुलक शैक्षिक प्रणालीको विकास ।

**लक्ष्यः**

संघीयतामा आधारित शैक्षिक प्रणाली अनुसार सुदृढ सवल दिगो प्रविधिमैत्री संरचना र सक्षम दक्ष जनशक्ति विकास गर्ने ।

**उद्देश्यः**

१. संविधान र संघीय नीति तथा कानुन अनुसार स्थानीय तहको शैक्षिक अधिकार र जिम्मेवारीहरुको योजनावद्ध एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने संस्थागत संरचनाको विकास र निर्माण गर्नु ।
२. विद्यालय शिक्षालाई गुणस्तरिय व्यावहारीक प्रविधिमैत्री वनाउन तत्पर जनशक्तिको विकास र परिचालन गर्नु ।
३. शिक्षा क्षेत्रको समग्र संरचना र जनशक्तिको व्यवस्थापनको सन्तुलन मिलाइ उचित किसिमले क्षमता विकास र सोको निरन्तरताका लागि संयन्त्रको विकास गर्नु ।

## १.५.रणनीति र कार्यनीति

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. आवश्यक नीति, नियम तथा कानून निर्माण | ● नेपालको संविधान, १५ औं पञ्चबर्षिय योजना, शिक्षा नीति २०७६, स्थानीय शासन संचलान ऐन लगायत अन्य राष्ट्रिय ऐन, कानून तथा नीतिहरुसंग नबाझिने गरि स्थानीय तहका लागि आवश्यक पर्ने नीति, |

| | |
|---|---|
| | नियम, कानूनहरुको निर्माण गरी कार्यान्वयनको लागि सहजीकरण र जिम्मेवारी लिनसक्ने गरि क्षमता विकास समेत गर्ने वातावरण तयार गर्ने । यसरी कानूनहरुको निर्माण गर्दा दीगो विकासका लक्ष्यले राखेका लक्ष्यहरुलाई पनि ध्यान राखेर गर्ने ।<br>● नीति, नियम तथा कानून निर्माण कार्यहरु गर्दा विकास साझेदार, नागरिक समाज, राजनितिज्ञ, स्थानीय समुदाय एवम् अन्य सरोकारवालाहरुको सहभागिता सुनिश्चित गराउने तथा उनीहरुको विचार र सुझावलाई समेत मनन गर्ने । |
| 1. शैक्षिक जनशक्ति व्यवस्थापन | ● शिक्षा क्षेत्रको जनशक्ति व्यवस्थापनलाई चुस्त दुरुस्त बनाई गुनासोमुक्त बनाउनका लागि शिक्षक तथा शिक्षा कर्मचारीको क्षमता विकास, सरुवा जस्ता कुरालाई तथ्यांकमा आधारित बनाईनेछ । यसका लागि सम्पूर्ण आवश्यक विवरण आवधिक रुपमा अद्यावधिक गर्ने कार्यलाई तिब्रता दिइनेछ ।<br>● शिक्षक तथा कर्मचारी दरवन्दी मिलान गरी जनशक्ति अभावलाई सम्बोधन गरिनेछ ।<br>● इन्टरनेट जडान, इ पुस्तकालय,अनलाइन मोडुल तथा… अन्तरक्रियात्मक सिकाइ सामाग्रि सहित (अंग्रजी गणित विज्ञान शिक्षण सिकाइका लागि) शैक्षिक संस्थालाइ ITC प्याकेजले सुसज्जित गराइनेछ । |
| 2. शैक्षिक तथ्याक व्यवस्थापन | ● शिक्षा क्षेत्रको तथ्यांक व्यवस्थापन प्रणालीलाई सुदृढ र विश्वसनीय बनाउन संलग्न कर्मचारीको क्षमता अभिवृढी गरी IEMIS प्रणालीको सूचना तथा तथ्यांकलाई शैक्षिक क्षेत्रको योजना निर्माण, अनुगमन तथा पृष्ठपोषण कार्यका लागि सदुपयोग गर्ने गरि व्यवस्थापन गरिनेछ ।<br>● शैक्षिक तथ्यांक व्यवस्थापनका लागि प्रदेशस्तर र स्थानीयस्तरमा दक्ष जनशक्तिको एक रोष्टर तयार गरि आवश्यकता अनुसार स्थानीय तहलाई |

| | |
|---|---|
| | प्राविधिक सहयोग उपलब्ध गराईनेछ। विशिष्ट प्राविधिक सहयोगका लागि संघीय निकायसंग सहयोगका लागि समन्वय गरिनेछ। |
| 3. पाठ्यक्रम तथा सो सम्बन्धी श्रोत सामग्री विकास | • स्थानीय तह सुहाउँदो स्थानीय पाठ्यक्रम विकासका लागि तत् सम्वन्धी विज्ञहरुको आवश्यक सरसल्लाह र सुझाव लिइ संस्थागत संयन्त्रको विकास गरिनेछ।<br>• स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि सम्बन्धित शिक्षकहरुको क्षमता विकास गरि श्रोत सामग्री तयार गर्ने। |
| 4. तीनैका सरकार र तीनका इकाईहरुसंग सहकार्य, समन्व्य र सह अस्तित्वको सम्वन्धलाई संस्थागत र सुदृढ गर्ने | • नेपालको संविधान तथा स्थानीय शासन सांचलन ऐनको मर्म अनुसार तीनवटै तहलाई प्रदान गरिएका विशिष्टिकृत तथा साझा अधिकारहरुको कार्यान्वयनका लागि प्रदेश तथा जिल्ला तहमा अवस्थित त्यस्ता निकायहरु र संघीय निकायहरुबीच आवश्यक समन्वय गर्ने संयन्त्रको विकास गरिनेछ।<br>• प्राविधिक सर सल्लाह तथा नीतिगत सहयोगका लागि सहकार्यको पद्धतिको विकास गर्ने। |
| 5. शैक्षिक जनशक्ति विकास तथा परिचालन | • परिवर्तित सन्दर्भ र शैक्षिक सवालहरु त्था नविनतम शैक्षणिक गतिविधि निर्वाध रुपमा संचालन गर्नका लागि उपलब्ध शैक्षिक जनशक्तिको क्षमता विकास तथा परिचालनका लागि कार्ययोजना निर्माण गरिनेछ।<br>• विद्यालयसम्म विषयगत प्राविधिक सहयोग एवं सहजीकरणको प्रणाली विकास गरि यथोचित रुपमा सहयोग तथा परिचालन गर्ने परिपाटीलाई संस्थागत गरिनेछ।<br>• विद्यालयस्तरमा संचालन हुने शैक्षणिक गतिविधिको अनुगमन तथा सुपरिवेक्षणलाई सुदृढ र सुनिश्चित गरिनेछ।<br>• हालको कर्मचारी नियुक्ति प्रणालीलाई कर्मचारीको तालिम र निजको कामसँग आवद्ध गरी सुधार गर्ने कार्य विष्लेषण गरि पुनः कार्यविवरण तयार गरि सोहि बमोजिम जनशक्ति व्यवस्थापन गरिनेछ। |

| | |
|---|---|
| 6. शिक्षा क्षेत्रमा अध्ययन अनुसन्धानको विकास गर्ने]{शैक्षिक सुपरीवेक्षण र निरीक्षण प्रणालीलाइ संस्थागत गर्ने | • शिक्षा क्षेत्रलाई प्रत्यक्ष वा परोक्ष रुपमा असर र प्रभाव पार्ने समसामयिक विषय तथा मुद्दाहरुमा अध्ययन अनुसन्धान गर्ने कार्यको थालनी गर्ने परिपाटीको विकास गरि तथ्यांक तथा प्रमाणका आधारमा योजना निर्माण गर्ने परिपाटीको विकास गरिनेछ।<br>• अध्ययन तथा अनुसन्धानबाट प्राप्त खोजहरुलाई शैक्षिक क्षेत्रको सुधारको लागि प्रयोग गर्नसक्ने गरी शिक्षक तथा शिक्षा क्षेत्रका कर्मचारीहरुको क्षमता विकासका लागि कार्ययोजना बनाई लागु गरिनेछ ।<br>• सेवा निवृत्त शिक्षकहरुको क्लस्टर निर्माण गरि आवश्यकतानुसार अनुसार विद्यालयमा आधारित सुपरिवेक्षण गरिने छ। |
| 7. विद्यालय व्यस्थापन समिति तथा शिक्षक अभिभावक संघ लगायत सबै शैक्षिक संस्थाहरुको व्यवस्थापकिय सक्षमता सुदृढीकरण गर्ने | • स्थानीय तहको लागत साझेदारीमा क्षमता विकासका लागि विस्तृत प्रस्तावमाग गरि विद्यालय व्यस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता सुदृढीकरण एवं शशक्तिकरण गर्ने |
| 8. विद्यालय गाभ्ने तथा एकीकरण कार्यको वैज्ञानिकिकरण तथा अवलम्बन | • विगतमा वितरित विभिन्न तहका विद्यालयहरुलाई वर्तमानको विद्यार्थी संख्या तथा दुरीको आधारमा आवश्यकता अनुरुप गाभ्ने तथा एकीकरणको थालनी गर्न लागत साझेदारीका आधारमा अनुदान दिने कार्यको सुवात गरिनेछ।<br>• संघीय सरकारको नीति मापदण्डका आधारमा विद्यालय एकीकरण वा मर्ज गर्दा शिक्षक तथा कर्मचारी दरवन्दी मिलान र पुनर्वितरणको कार्यमा सरोकारवालाहरुसंग आवश्यक समन्वय गरिनेछ। |
| 9. विकास साझेदार तथा नागरिक समाजसंगको सम्वन्ध विस्तार तथा सहकार्य | • शिक्षाक्षेत्रका क्रियाकलापहरुलाई नतिजामुखी बनाई विद्यमान समस्या तथा सवालहरुलाई सम्बोधन गर्नको लागि विकास साझेदार तथा नागरिक समाजसंग कार्यगत सम्बन्ध विस्तार गरिनेछ। |

| | |
|---|---|
| | • कार्यक्रममा देखिने दोहोरोपना तथा श्रोतको दुरुपयोगलाई निरुत्साहित गर्नका लागि सबै सरोकारवालासंग छलफल तथा अन्तरक्रिया गरि कार्यक्रम कार्यान्वयनको उचित कार्ययोजना बनाई लागु गर्ने परिपाटीलाई संस्थागत गरिनेछ।<br>• विकास साझेदार तथा नागरिक समाजसंग आर्थिक सहकार्य मात्र नभई प्राविधिक सहकार्यका निम्ति पनि सहकार्य गर्ने वातावरण सिर्जना गरिनेछ। |
| 10. विपत व्यवस्थापन तथा प्रतिकार्य | • विभिन्न खालका विपदबाट शिक्षा क्षेत्रमा हुने क्षति न्यूनिकरणका लागि सम्बन्धित सरोकारवालाहरुको क्षमता विकास तथा सोही अनुरुप प्रतिकार्य गर्न सक्ने क्षमता विस्तारका लागि उचित संयन्त्र विकास गरि कार्यान्वयनमा ल्याइनेछ।<br>• शिक्षण संस्थाहरुमा न्युनतम सुरक्षित सिकाइ वातावरण भए नभएको परिक्षण गर्ने सूचकहरु विकास गरि परिक्षण गरिनेछ।<br>• शिक्षा क्लष्टरलाई सक्रिय र सुचारु गरिनेछ।<br>• शिक्षा क्षेत्रको आपतकालिन योजनालाई अद्यावधिक तथा चुस्त दुरुस्त राख्न उचित समन्वय र सहकार्य गरिनेछ। |

## १.५. अपेक्षित उपलब्धी

- ✓ सरकारहरु बीच सहकार्य, समन्वय तथा सहअस्तित्वको भावनालाई सम्मान गर्दै आ आफ्नो जिम्मेवारीबोध भई सोही अनुरुप कार्य सम्पादन तथा कार्यान्वयन भएको हुनेछ।
- ✓ तीनवटै तहमा समन्वय र सहकार्य वृद्धि गर्ने र त्यसै अनुरुप एक अर्कोलाई समयमै सहि सूचना संवाह तथा प्रेषण गर्ने सयन्त्र सुदृढ भई संचालन भएको हुनेछ।

- ✓ शिक्षामा आम नागरिक तथा समुदायको अवनत्व विकास भई शैक्षिक गुणस्तरमा सहयोग प्राप्त भएको हुनेछ साथै शिक्षा क्षेत्रमा पारदर्शिता तथा अनुशासन अनि नतिजामुखी योजना निर्माण तथा कार्यान्वयन पद्धतिको विकास भएको हुनेछ ।
- ✓ शिक्षक तथा शिक्षा कर्मचारीहरुको क्षमता विकासलाई प्रभावकारी बनाई त्यसलाई आफनो कार्यक्षेत्रमा लागु भएको सुनिश्चित गर्ने उचित परिपाटीको विकास भएको हुनेछ ।
- ✓ विभिन्न विपदका कारण शिक्षा क्षेत्रमा हुने क्षति न्युनिकरण गर्न शिक्षा क्षेत्र सक्षम भएको हुनेछ र विपद प्रतिकार्यका लागि सक्षम र सबल भै कार्य गरेको हुनेछ ।

## ३.९ निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा

### ३.९ .१ परिचय

सिकाइ जीवन पद्धतीसंग जोडिएको छ । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान सीप र प्रक्रियाको प्रसोधन गर्ने जीवन पर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । नेपालको संविधानले प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुग्राउन र संसारसँग आवद्य गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु हुन निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाई अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ ।  शिक्षालाई आधारभूत मौलिक अधिकार मानिएको वर्तमान सन्दर्भमा विद्यालयको औपचारिक शिक्षाबाट वञ्चित नागरिकलाई अनौपचारिक शिक्षाका माध्यमबाट साक्षर बनाउनु आजको आवश्यकता र राज्यको दायित्व हो ।

सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो। शिक्षाबाट वञ्चित सबै नागरिकलाई उपयुक्त हुने गरी वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गरी समुन्नत, सभ्य, शिष्ट र सुखी समाज निर्माण राज्यको अभिभारा हो । शिक्षा सबै पूर्वाधारहरुको पनि पूर्वाधार भएको कुरालाई आत्मसात गर्दै नेपाल सरकारले विद्यालय बाहिर रहेका सबै नागरिकलाई शिक्षाको पहुँचमा पुर्‍याउन समयसमयमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। वि.सं. २०१३ देखि योजनाबद्ध रुपमा अनौपचारिक शिक्षा आरम्भ भएकोमा हाल नेपाल सरकारले प्रौढ शिक्षा, साक्षरता शिक्षा, साक्षरता अभियान लगायतका कार्यक्रम सञ्चालनमा ल्याएको छ। संविधानले शिक्षासम्बन्धी अधिकार स्थानीय सरकारलाई दिएकाले स्थानीय सरकारको अनौपचारिक तथा खुला शिक्षाका कार्यक्रमहरुको सञ्चालन र सहजीकरणमा महत्वपुर्ण भूमिका रहेको छ ।

## ३.९ .२ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क, २०७६ अनुसार हालसम्म राष्ट्रिय युवा साक्षरता १५-२४ वर्ष ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता १५+ वर्षको ५८ प्रतिशत रहेको छ । हाल वेदकोट नगरपालिकाको १५ देखी ६० वर्ष सम्मको साक्षरता दर ९५. ६४ प्रतिशत रहेको छ। त्यसैगरी विगतमा निरक्षरहरुलाई साक्षर गराउन उल्लेखनिय भुमिका खेल्ने सामुदायिक सिकाई केन्द्रको संख्या १ रहेको छ। यसरी हेर्दा शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाईमा व्यक्तिगत, संस्थागत एवम् प्रणालीगत रूपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ। उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा क्षेत्रमा देहायका समस्याहरु पहिचान गरीएका छन।

### समस्याहरु

- साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु
- साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसकिनु
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त विकास र व्यवस्था र विकास हुन नसक्नु
- साक्षर भएकाहरूको सीपको प्रयोग र अभ्यास नहुँदा पुन: निरक्षर हुनुपरेको अवस्था सृजना भएको
- शैक्षिक सत्र पुरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या समेत बढि रहेको
- महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघु ऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन नगरीएको

- अनौपचारिक शिक्षाप्रति अभिरुचीको कमी, सहभागीहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता, स्रोत परिचालनमा कमी आदि ।

## चुनौती

- नेपालजस्तो विकासोन्मुख देशमा सबैलाई पूर्ण साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु,
- पुर्ण साक्षर नगरपालिका घोषणा गर्नु,
- अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु,
- अनौपचारिक शिक्षालाई कार्यमूलक बनाउनु,
- अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु,
- समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु,
- औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता
- विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाई गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु
- अनौपचारिक शिक्षाप्रति अभिरुचीको जगाउनु, सहभागीहरुको अनियमितता नियमितता गराउनु, साक्षरोत्तर शिक्षामा वृद्धि, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको वृद्धि, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता, स्रोत परिचालनमा प्रभावकारीता आदि

## अवसर

- नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता,
- सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था,
- समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको बाचा,
- साक्षरता अभियान, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन

- शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु ।

## ९.३ सोच : साक्षर नगरपालिका निर्माण।

## ९.४ लक्ष्य :

अनौपचारिक शिक्षालाई साक्षरताको मूल आधारको रुपमा विकास गर्दै साक्षर नगरपालिका निर्माण गर्नु।

## ९.५ उद्देश्य :

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा सम्बन्धी देहायका उद्धेश्यहरु राखेको छः

९.५.१ शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडेका अर्धसाक्षर र निरक्षर व्यक्तिहरुलाई साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु,

९.५.२ अनौपचारिक शिक्षा कार्यक्रमलाई सफल बनाउन संघीय र स्थानीय सरकार, अन्य सरकारी र गैरसरकारी सङ्घसंस्था, विभिन्न स्थानीय सरोकारवाला, राष्ट्रिय र अन्तर्राष्ट्रिय दातृ निकाय आदिसँग समन्वय र सहकार्य गर्दै आगामी दुई वर्षभित्र नगरलाई पुर्ण साक्षर नगर बनाउनु,

९.५.३ अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन प्रक्रियालाई तीन तहका सरकारबीचको साझेदारी र समन्वयमा सञ्चालन गर्नु,

९.४.४ अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सिपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्नु,

९.५.५ पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु,

९.४.६ विद्यालयहरुलाई खुला तथा दूर शिक्षा प्रदायक संयन्त्रका रुपमा विकास गर्ने,

९.५.७ नगरस्तरमा सङ्घीय सरकार बाटप्राप्त हुने अनुदान, सहयोग, ऋण तथा आफ्नै स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने गरी एक अनौपचारिक शिक्षा कोष निर्माण गर्ने।

९.५.८ सामुदायिक सिकाई केन्द्रको क्षमता अभिवृद्धि गरी केन्द्रलाई साक्षरतामा सहयोगी संस्थाको रुपमा विकास गर्ने

९.५.९ सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गर्ने।

९.५.१० निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसंग सम्बन्धीत आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्ने।

९.५.११ विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड़ने बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाई गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्ने।

## ९.६ नतिजा

- सबै नागरीकहरुलाई साक्षरता, निरन्तर शिक्षा खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाईको अवसर प्राप्त हुने
- सामुदायिक सिकाई केन्द्रको संस्थागत संयन्त्र एवं सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने
- निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमुलक जनशक्ति उत्पादन हुने
- विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध हुने।

## ९.७ रणनीतिक क्रियाकलाप तथा कार्यक्रमहरु

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| विभिन्न उमेर समूहका बालबालिका, किशोरकिशोरी, प्रौढ, महिला र युवालाई साक्षर बनाउने, | ▪ विभिन्न उमेर समूहका बालबालिका, किशोरकिशोरी, महिला र प्रौढहरुका लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षाका कार्यक्रम तर्जुमा गरिनेछ।<br>▪ साक्षरता अभियान र जीवनपर्यन्त सिकाइका लागि विद्यालय, विद्यार्थी र समुदायलाई परिचालन गरिनेछ।<br>▪ साक्षरता र साक्षरोत्तर कार्यक्रम विकास, योजना र कार्यान्वयनका लागि सरोकारवालाहरुको क्षमता विकास गरिनेछ।<br>▪ स्वाध्ययन वा अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त व्यक्तिहरुलाई क्षमता र योग्यतानुसार मूल्याङ्कन गरी समकक्षता प्रमाणपत्र प्रदान गरिनेछ । त्यसरी प्रमाणपत्र प्राप्त व्यक्तिलाई औपचारिक शिक्षामा प्रवेशको अवसर प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ।<br>▪ निरक्षरहरुको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाइनेछ।<br>▪ महिला, दलित, मुक्त कमैया, हलिया, धार्मिक समूह, बाल श्रमिक, मजदुर, दुर्गम बस्ती, अति विपन्न वर्गका लागि लक्षित सञ्चालन गरिनेछ | ▪ आधारभूत साक्षरता शिक्षा<br>▪ साक्षरोत्तर शिक्षा<br>▪ निरन्तर तथा जीवनपर्यन्त शिक्षा<br>▪ मौखिक साक्षरता सचेतना<br>▪ साक्षरता अभियान<br>▪ सरोकारवालाहरुसँग समन्वय र सहकार्य लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन<br>▪ साक्षरता सिप प्रमाणिकरण |

| रणनीति | कार्यनीति | कार्यक्रम |
| --- | --- | --- |
| विद्यालय जान नपाउने र बिचमै विद्यालय छाडेकाहरुलाई वैकल्पिक विद्यालयीय शिक्षाको अवसर दिने, | ▪ आधारभूत तहको समकक्षी वैकल्पिक विद्यालय शिक्षा, माध्यमिक तहको समकक्षी शिक्षा खुला विद्यालयबाट उपलब्ध गराइनेछ। <br> ▪ विभिन्न उमेर र वर्गका व्यक्तिहरुलाई उनीहरुको आवश्यकतानुसार अनौपचारिक, खुला वा वैकल्पिक शिक्षा प्रदान गरिनेछ। <br> ▪ पम्परागत शिक्षाको मूल प्रवाहीकरण गर्न खुला र वैकल्पिक शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच बढाउन आवश्यक सहजीकरण गरिनेछ । <br> ▪ खुला विद्यालय, वैकल्पिक विद्यालय, पेसागत विद्यालय, व्यवसायिक विद्यालय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। | ▪ वैकल्पिक शिक्षा <br> ▪ दूर शिक्षा तथा खुला शिक्षा |
| अनौपचारिक शिक्षाका विभिन्न माध्यममा प्रविधिको प्रयोगमा प्रोत्साहन गर्ने | ▪ अनौपचारिक शिक्षालाई आवश्यकतानुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई–पत्राचार आदिको माध्यमबाट सञ्चालन गरिनेछ। | ▪ टेलिभिजन, रेडियो तथा ई–पत्राचार शिक्षा |
| परम्परागत तथा जातीय सिपपरक शिक्षाको मूल प्रवाहीकरण गर्ने | ▪ रोजगारी र वृत्ति विकासलाई जोड दिन सिपमा आधारित कार्यक्रम विकास र कार्यान्वयन गरिनेछ। | ▪ आयआर्जन तथा पेसागत एवम् व्यवसायिक कार्यक्रम (पर्यटन, घरेलु उद्योग, खुद्रा पसल, हस्तकला, मसला उद्योग, अचार उद्योग, फर्निचर, मस्यौरा, रैथाने खाजा बनाउने : मकै, भट्टमास, सातु, सिरौँला, लिटो, खट्टे, ढिक्री, खँरिया, चाकु, च्युरा) |
| साक्षरलाई व्यवसायिक र पेसागत शिक्षाको प्रबन्ध मिलाउने | ▪ साक्षरोत्तर शिक्षालाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग सम्बन्धित गराइनेछ। | ▪ कृषि र गृहन्नोति कक्षा (पशुपालन, पंक्षीपालन, माछापालन, माहुरी पालन, जडिबुटी, तरकारी, च्याउ, बेत, बाँस, बगैँचा, पुष्प व्यवसाय, कौसी खेती, कम्पोस्ट मल निर्माण) |

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| | | ▪ परम्परागत धार्मिक तथा जातीय सिपलाई समन्वय गर्ने कार्यक्रम |
| जीवनपर्यन्त सिकाइलाइ प्रभावपूर्ण स्थानीय स्तरमा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र विकास | ▪ स्थानीय स्तरमा शिक्षा, युवा तथा खेलकूद महा÷शाखा अन्तरगत रहने गरी अनौपचारिक शिक्षा इकाइको स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।<br>▪ अनौपचारिक शिक्षा केन्द्र र इकाइलाई मार्गदर्शन गर्न समितिको व्यवस्था गरिनेछ। | ▪ संरचना स्थापना तथा संचालन<br>▪ योजना निर्माण तथा कार्यान्वयन, अनुगमन तथा मूल्यांकंन संयन्त्र विकास |
| नगरपालिकालाई पुर्ण साक्षर बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने | ▪ स्थानीय स्तरमा अनौपचारिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री निर्माण छपाइ र वितरण प्रक्रिया व्यवस्थित गर्ने।<br>▪ नगरलाई पुर्ण साक्षर नगर बनाउन साक्षरतालाई स्थानीय स्तरमा अभियानका रुपमा सञ्चालन गर्ने।<br>▪ नागरिक समाज, आमा समूह, बालक्लब युवाक्लब तथा अन्य स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी नगर स्तरीय स्वयम् सेवा तथा साक्षरता अभियान अभियान सञ्चालन गरिनेछ।<br>▪ अनौपचारिक शिक्षा सञ्चालन, अनुगमनका लागि स्वयम्सेवक तथा सहयोगीलाई तालिम दिई परिचालन गरिनेछ।<br>▪ माग र आवश्यकतामा आधारित सघन कार्यक्रम सञ्चालन गरिनेछ।<br>▪ साक्षरता कक्षामा सहभागीलाई सोको प्रमाणपत्र दिइनेछ। | साक्षर नगर अभियान |
| स्थानीय स्तरमा अनौपचारिक शिक्षालाई व्यवस्थित गर्न एक अनौपचारिक शिक्षा कोष स्थापना गर्ने | ▪ अनौपचारिक शिक्षा कोषको प्रयोग गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। | ▪ नगरस्तरीय अनौपचारिक शिक्षा कोष स्थापना तथा सञ्चालन |

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न पुस्तकालय, वाचनालय र सामुदायिक सिकाइ केन्द्रहरु विस्तार र स्तरोन्नति गर्ने । | ▪ पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न वडास्तरमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना गरिनेछ ।<br>▪ सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको स्रोतकेन्द्र बनाइनेछ ।<br>▪ समुदायमा रहेका नवसाक्षर व्यक्तिहरुलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिनेछ । | ▪ सबै वडाहरुमा कम्तिमा १।१ वटा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय स्थापना<br>▪ सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा स्रोतकेन्द्रमा विकास<br>▪ स्थानीय तहमा अनौपचारिक शिक्षाका संरचनात्मक संयन्त्र निर्माण |

## ९.८ अपेक्षित उपलब्धी

- ✓ यस योजनाको अन्त्यसम्म सरोकारवाला निकाय एवम् पदाधिकारीहरुसंगको आवश्यक समन्वय र सहकार्यमा आगामी दुई वर्षभित्र राष्ट्रिय स्तरको साक्षरता सूचक सहित पुर्ण साक्षर नगर घोषणा हुनेछ ।
- ✓ स्थानीयस्तरमा अनौपचारिक शिक्षासम्बन्धी संरचनात्मक संयन्त्रहरु तयार हुनेछन् ।
- ✓ नगरमा एक अनौपचारिक शिक्षा कोष स्थापना भएको हुनेछ ।
- ✓ साक्षरोत्तर कक्षाहरु आयआर्जन क्रियाकलापसँग जोडिएका हुनेछन् ।
- ✓ नगरपालिकाका सबै वडामा कम्तिमा १/१ वटा सूचना तथा सञ्चार प्रविधियुक्त सुविधा सहितका पुस्तकालय स्थापना भएका हुनेछन् ।
- ✓ योजना अवधिमा नगरको साक्षरता दर, भर्ना दर, औसत आयु, उत्पादकत्व, शिशु स्याहार र पोषण, खाद्य सुरक्षाका सूचकहरु बढेका हुनेछन्
- ✓ गरिबी, बेरोजगारी, बाल मृत्यु दर, मातृ मृत्यु दर घटाउन अनौपचारिक शिक्षाले सहयोग पुर्याएको हुनेछ ।
- ✓ अनौपचारिक शिक्षासम्बन्धी नीतिगत, प्राविधिक, आर्थिक, सङ्गठनात्मक तथा कार्यान्वयन पक्षमा सुधार भएको हुनेछ ।

## ९.९ कार्यान्वयन खाका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | कार्य अवधि |
|---|---|---|---|---|---|
| १ | साक्षरता साक्षरोत्तर शिक्षा, निरन्तर तथा जीवनपर्यन्त शिक्षा, वैकल्पिक शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा, टेलिभिजन, रेडियो तथा पत्राचार शिक्षाका कक्षा सञ्चालन | नगरपालिका | साक्षरता कार्यक्रम मार्फत कक्षा र केन्द्र व्यवस्थापन तथा सञ्चालन | | निरन्तर |
| २ | नगर अनौपचारिक शिक्षा कोष स्थापना | नगरपालिका | सरकारी तथा गैर सरकारी दातृ निकाय नगरपालिका बाट विनियोजित रकम | | |
| ४ | स्थानीयस्तरमा अनौपचारिक शिक्षा इकाइ गठन | नगरपालिका | स्थानीयस्तरमा स्थानीय अनौपचारिक शिक्षा इकाइ गठन | | |
| ५ | नगरस्तरीय पुस्तकालय स्थापना | नगरपालिका | नगर स्तरमा एक नगर पुस्तकालय स्थापना | | |
| ६ | आयआर्जन तथा पेसागत एवम् व्यवसायिक कार्यक्रम | नगरपालिका | आयआर्जन तथा पेसागत एवम् व्यवसायिक कार्यक्रम सञ्चालन | | |
| ७ | कृषि र गृहोन्नति कक्षा | नगरपालिका | साक्षरतासँगै कृषि र गृह उन्नतिका कार्यक्रम सञ्चालन | | |
| ८ | योजना, कार्यान्वयन, अनुगमन तथा निरीक्षण संयन्त्र विकास | नगरपालिका | योजना, कार्यान्वयन, अनुगमन तथा निरीक्षण संयन्त्र विकास | | |
| ९ | पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री बिकास छपाइ र वितरण | नगरपालिका | पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री विकास र वितरण | | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | कार्य अवधि |
|---|---|---|---|---|---|
| ११ | विभिन्न मातृभाषामा सिकाइ तथा प्रचार सामग्री उत्पादन र उपयोग | नगरपालिका | विभिन्न मातृभाषामा सिकाइ तथा प्रचार सामग्री उत्पादन र उपयोग | | |
| १३ | सहयोगी एवम् स्वयम्सेवक तथा शिक्षक प्रशिक्षक तालिम तथा प्रशिक्षण | नगरपालिका | सहयागी एवम् स्वयम्सेवक तथा शिक्षक प्रशिक्षक तालिम तथा प्रशिक्षण सञ्चालन | | |
| १४ | घुम्ती शिक्षक तथा प्रशिक्षकहरुको रोष्टरसूची निर्माण | नगरपालिका | घुम्ती शिक्षक तथा प्रशिक्षकहरुको रोष्टरसूची निर्माण परिचालन | | |
| १५ | योजना, कार्यान्वयन, अनुगमन तथा निरीक्षण संयन्त्र विकास | नगरपालिका | योजना, कार्यान्वयन, अनुगमन तथा निरीक्षण संयन्त्र विकास | | |
| | | नगरपालिका | | | |
| १६ | सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा स्रोतकेन्द्रमा विकास | नगरपालिका | सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा स्रोतकेन्द्रमा विकास | | |
| १७ | उत्कृष्ट सहभागी, शिक्षक, प्रशिक्षक र संस्थालाई पुरस्कार | नगरपालिका | मनक मापदण्डका आधारमा उत्कृष्ट सहभागी, शिक्षक, प्रशिक्षक र संस्थालाई पुरस्कार दिने | | |
| १८ | साक्षरताका सूचक प्रयोग | नगरपालिका | साक्षरताका सूचक निर्माण गरी प्रयोग गर्ने, | | |
| १९ | नगर साक्षर अभियान | नगरपालिका | नगर स्तरमा साक्षरतालाई अभियानका रुपमा सञ्चालन | | |

## ३.८ विद्यालय व्यवस्थापन

## ३.८.१ परिचय

वर्तमान विश्व परिवेशमा शिक्षा विकासको प्रमुख पुर्वाधार हो। यसले व्यक्ति, समुदाय र राष्ट्रको विकासमा महत्वपुर्ण भुमिका निर्वाह गरेको हुन्छ । बालवालिकाहरुलाई समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य, सु-संस्कृत समाजको विकास गर्नु आजको आवश्यकता हो। यस सन्दर्भमा विद्यालय व्यवस्थापन महत्वपुर्ण पाटो हो। विद्यालय व्यवस्थापन पक्षले स्थानीय समुदाय, सम्बन्धीत सरोकारवालाहरुको भुमिकालाई थप जिम्मेवार बनाई विद्यालय प्रशासनलाई समुदायप्रति उत्तरदायी र जिम्मेवार बनाईनु पर्छ । विद्यालयमा सबैको विश्वास प्राप्त गर्न विद्यालयमा गरीने हरेक क्रियाकलाप तथा कार्यक्रममा सक्रिय सहभागिता, निष्पक्षता तथा पारदर्शिता हुनु आवश्यक छ । बालवालिकाको सर्वाङ्गिण विकास, गुणस्तरीय शिक्षा प्रदानका लागि नेपालको संविधानमा भएको प्रावधानलाई लागु गरी शिक्षा क्षेत्रको समुन्नत र न्यायोचित विकासमा विद्यालय व्यवस्थापन पक्षको महत्वपुर्ण योगदान रहन्छ।

### ३.८.२ वर्तमान अवस्था

वेदकोट नगरपालिका अन्तर्गत शैक्षिक व्यवस्थापनको पक्ष सुधारोन्मुख रहेको भएतापनि धैरै जसो विद्यालयहरुमा भौतिक पुर्वाधारको कमि रहेको, तहगत प्रधानाध्यापकको व्यवस्थापन हुन नसकेको अवस्था समेत रहेको छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा विद्यालय व्यवस्थापन क्षेत्रमा देहायका समस्याहरु पहिचान गरीएका छनः

**समस्याहरु**

- विद्यालयले बोलाएको अवस्थामा मात्र न्युन अभिभावकहरु विद्यालयमा आउनु अन्य समयमा विद्यालयको अवस्थाको बारेमा कुनै जानकारी नै नलिनु
- विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा बढि चासो दिनु तर गठन पश्चात वैठकमा नियमित उपस्थिति नहुनु
- वि व्य स को बैठकमा बालबालिकाको शैक्षिक गुणस्तर, सिकाई उपलब्धी जस्ता कुरामा छलफल केन्द्रित न्युन हुने तर भौतिक पुर्वाधार, शिक्षक नियुक्ति जस्ता पक्षमा छलफल बढि केन्द्रित हुने
- वि व्य स ले अभिभावकहरुको सहयोग र विश्वास लिन नसकेको
- वि व्य सका सदस्यहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारकहरुको बारेमा जानकारी नहुनु
- विद्यालयका विभिन्न क्रियाकलापहरुका राजनितिक प्रभाव बढि हुनु
- शिक्षक अभिभावक संघ गठन भएको भएपनि निष्क्रिय रहनु
- विद्यालयका व्यवस्थापकिय पक्ष वि व्य स को मात्र जिम्मेवारी हो भन्ने मानसिकता रहनु
- शि अ संघका सदस्यहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारकहरुको बारेमा जानकारी नहुनु

- विद्यालयको सामाजिक परीक्षणमा अनिवार्य उपस्थित हुनुपर्ने बाहेक शि अ संघको स्वतः उपस्थिति र वैठक बस्ने नगरेको
- प्रध्यानाध्यापहरु लामो समय देखि एउटै विद्यालयमा मात्र सिमित हुनु
- विद्यालयका प्र अ हरु प्रशासनिक कार्यमा मात्र सिमित नरही बाह्य व्यवस्थापकिय पक्षमा समेत बाध्यात्मक रुपमा काम गर्नु परेको
- प्र अ को कार्यसम्पादन लागि करार सम्झौता नभएकाले आफुखुसि कार्य गरी रहेको
- वि व्य स र शि अ संघ सँग राम्रो सम्बन्ध कायम हुन नसकेको
- विद्यालयका सरोकारवालाहरुलाई प्र अ ले परिचालन नगरी आफु मात्रै अधिकांस समय खट्ने

**चुनौतीहरु**

- विद्यालयमा अभिभावकहरुको सक्रियता बढाउने।
- विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया व्यवस्थित बनाउने।
- व्यवस्थापन समितिलाई बालबालिकाको शैक्षिक गुणस्तर, सिकाई उपलब्धी जस्ता कुरामा केन्द्रित गराउने।
- वि व्य स ले अभिभावकहरुको सहयोग र विश्वास जित्ने।
- वि व्य स एवम् शि अ संघका पदाधिकारीहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारकहरुको बारेमा जानकारी गराउने।
- विद्यालयका विभिन्न क्रियाकलापहरुमा राजनितिक प्रभाव कम गर्ने।
- शिक्षक अभिभावक संघलाई सक्रिय बनाउने।
- प्रध्यानाध्याप पदको समयावधि ताक्ने।
- विद्यालयका प्र अ लाई प्रशासनिक कार्यमा मात्र सिमित नराखी बाह्य व्यवस्थापकिय पक्षमा समेत सक्रिय गराउनु।
- प्र अ को कार्यसम्पादन लागि करार सम्झौता विकास र कार्यान्वयन।
- वि व्य स र शि अ संघ सँग वीच सम्बन्ध सुधार।

### ३.८.३ उद्धेश्य

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धी देहायका उद्धेश्यहरु राखेको छः

- विद्यालय शिक्षाको भौतिक, प्रशासनिक तथा शैक्षणिक पक्षको व्यवस्थापन गर्नु

- विद्यालयका सम्बद्ध पदाधिकारीहरुको क्षमता विकास र विद्यालयप्रति जिम्मेवार बनाउनु
- विद्यालयको तह अनुसार शैक्षिक जनशक्तिको व्यवस्थापन गर्नु
- विद्यालयको समग्र पक्षमा सुधार गर्नु ।

### ३.८.४ रणनीति

विद्यालय व्यवस्थापन सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरीनेछनः

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ प्रजातान्त्रिक वातावरणमा गठन गरी विद्यालयका सम्पूर्ण गतिविधिप्रति  जिम्मेवार बनाइनेछ ।
- वि व्य सको वैठकलाई नियमित गर्ने र शैक्षणिक गतिविधिहरुमा केन्द्रित भई निर्णय गर्ने गराउने र त्यसको प्रभावकारी कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा भौतिक पुर्वाधार र जनशक्तिको व्यवस्थापन गर्न गराउन आवश्यक सहयोग समन्वय र सहकार्य गरिनेछ ।
- शिक्षक लगायत विद्यालयका विभिन्न पदाधिकारीहरुलाई तिनीहरुका काम, कर्तव्य तथा अधिकारहरुका बारेमा जानकारी गराउन विभिन्न समयमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- विद्यालयमा गरीने शैक्षणिक गतिविधिहरुको अनुगमन गरी सम्बन्धीत पक्षलाई सुझाव दिने कार्यलाई प्रथमिकता दिइनेछ ।
- अभिभावकहरुको क्षमता विकास गरी बालवालिकाप्रति जिम्मेवार बनाउन तथा विद्यालयप्रति अभिभावकहरुको भुमिका, सहयोग र सकारात्मक धारणाको विकास गराउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछन् ।
- विद्यालयका शिक्षक, कर्मचारी र व्यवस्थापकहरूको राजनीति प्रतिको आवद्धता हटाइ विद्यालयप्रति जिम्मेवार बनाउने वातावरण सृजना गरिनेछ ।
- तह अनुसार योग्यता पुगेका प्रधानाध्यापकहरुको नियुक्ति गरी कार्य सम्पादन करार गर्ने कार्यलाई प्रथमिकता दिइनेछ ।
- प्रधानाध्यापकहरूलाई दोहोरो जिम्मेवारीको बोझबाट मुक्त गरी प्रशासनिक र विद्यालय सुधारका कार्यमा मात्र विशेष जिम्मेवारी प्रदान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयको गुणस्तर सुधारका लागि प्रतिस्पर्धात्मक वातावरणको विकास गरिनेछ ।

- सरोकारवालाहरुको पूर्ण सहभागितामा विद्यालय सुधार योजना र गुणस्तर सुधारका योजना बनाइ कार्यान्वयन गराइनेछ ।
- सरोकारवालाका गुनासो सुन्न पालिका स्तरमा गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरिनेछ ।
- विद्यालयका लेखा कर्मचारी र प्रधानाध्यापकहरूका व्यवस्थापन तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाले शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता गरी निश्चित समयावधिका लागि प्रधानाध्यापकको पदमा नियुक्त गरी असल काम गर्नेलाई प्रसंशा तथा सम्मान गरिनेछ ।
- बाल क्लब, रेडक्रस, इको क्लब, स्काउट जस्ता विद्यार्थीको सामूहिक समितिहरू गठन गरि सक्रिय बनाइनेछ ।

### ३.८.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धी**

- वेदकोट नगरपालिका अन्तर्गतका सम्पुर्ण शैक्षिक संस्थाहरुको शैक्षिक, भौतिक र व्यवस्थापकिय पक्षहरु सबल भएका हुनेछन ।
- नगरपालिकाको औषत सिकाई उपलब्धी ६८ प्रतिशत पुगेको हुनेछ ।

**ख) नतिजा**

- विद्यालयका सम्बद्ध सबै पदाधिकारीहरुको क्षमता विकास भएको हुने
- सवै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ शान्तपुर्ण तवरमा गठन भएको हुने
- प्रधानाध्यापक, शिक्षक र विद्यालय सम्बद्ध पदाधिकारीहरु विद्यालयप्रति जिम्मेवार भई कार्यसम्पादनमा बढि सक्रिय भएका हुने

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालयका सम्बद्ध पदाधिकारीहरुको क्षमता विकास | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | विद्यालय |
| २. | सवै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ प्रजातान्त्रिक तवरमा गठन भएको हुने | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | बाल क्लब, रेडक्रस, इको क्लब, स्काउट जस्ता विद्यार्थीको सामूहिक समितिहरू गठन | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| ४ | सरोकारवालाका गुनासो सुन्न पालिका स्तरमा गुनासो सुनुवाई संयन्त्रको विकास | वटा | ✓ | १ | ✓ | ✓ | ✓ | १ | १ | नगरपालिका |
| ५ | योग्यता पुगेका प्रधानाध्यापकहरुको नियुक्ति गरी कार्य सम्पादन करार गर्ने | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| ६. | विद्यालयमा भौतिक पुर्वाधार र जनशक्तिको व्यवस्थापन | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका र विद्यालय |
| १०. | विद्यालयमा गरीने शैक्षणिक गतिविधिहरुको अनुगमन तथा सम्बन्धीत पक्षलाई सुझाव | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| १२. | विद्यालयका विभिन्न पदाधिकारीहरुलाई तिनीहरुका काम, कर्तव्य तथा अधिकारहरुका बारेमा जानकारी गराउन विभिन्न समयमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| १३ | नगरस्तरमा विज्ञहरुलाई समेटेर विषयगत समिति गठन र कार्यान्वयन | वटा | ✓ | १ | ✓ | ✓ | ✓ | १ | १ | नगरपालिका |
| १४ | सम्पुर्ण सामुदायिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा सुचना तथा सञ्चार प्रविधि व्यवस्थपपन | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| १५ | विद्यालय भवन, शौचालय तथा अन्य भौतिक पुर्वाधारहरुको विकास | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

गुणस्तरीय सार्वजनिक शिक्षा एक आधारभूत मौलिक अधिकार हो। सम्पूर्ण बालबालिकाहरुलाई समावेशी र समानतामा आधारित गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने राज्यको दायीत्व हो। गुणस्तरीय शिक्षा बालबालिकाको

लिंग, जाती, जातिय, सामाजिक आर्थिक स्थिति वा भौगोलिक स्थानको प्रवाह नगरी उसको सर्वाङ्गिण विकास शारिरिक, मानसिक, सामाजिक, भावानात्मक र संज्ञानात्मक विकासमा केन्द्रित हुन्छ । गुणस्तरीय शिक्षा अर्थपूर्ण, सान्दर्भिक साथै विद्यार्थी र समाजको आवश्यकतामा आधारित हुन्छ । गुणस्तरीय शिक्षाका मापदण्डको सम्बन्धमा समान अवधारणा पाइदैन । गुणस्तरीय, शिक्षाको बुदाँगत मापदण्डहरूमा समानता नभए पनि राज्यले तय गरेको शिक्षा निति, शिक्षाको व्यक्तिगत, सामाजिक र राष्ट्रिय उद्देश्य प्राप्तिका लागि निर्माण गरीएका पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यालयको भौतिक सुविधा पठनपाठनको वातावरण एवं मूल्याङ्कन जस्ता पक्षहरूले गुणस्तरीय शिक्षामा महत्वपूर्ण भूमिका खेल्ने कुरामा दुईमत छैन । यसका साथै विषयगत शिक्षकको योग्यता, शिक्षण सीप पेशा प्रतिको जवाफदेहिता र शैक्षिक व्यवस्थापन गुणस्तरीय शिक्षा प्रभाव पार्ने माध्यम हुन् । UNICEF ले पाँचवटा तत्त्वहरूको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरेको छ जसमा विद्यार्थीको वाह्य अनुभव, सिकाई गर्ने वातावरण, शैक्षिक विषयवस्तु, सिकाई प्रकिया र शैक्षिक परिणाम पर्दछन ।

### ३.१०.२ वर्तमान अवस्था

गुणस्तरीय शिक्षा आजको आवश्यकता भन्ने नारालाई मध्यनजर गर्दै सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् 2030 सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्य (Sustainable Development Goal-SDG) (२०१५-२०३०) का १७ ओटा लक्ष्यमा चौथो लक्ष्यले "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता एवं जीवनपर्यन्त सिकाई अवसर, भन्ने पक्षमा जोड दिएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष्य ४ को नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी विद्यालय क्षेत्र विकास योजना (SSDP) (२०७३/०७४ – २०७९/०८०) ले सबैका लागि शिक्षा (EFA 2004-2009), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP 2003-2008), शिक्षक शिक्षण परियोजना (TEP 2002-2007) र विद्यालय क्षेत्र सुधार योजना (SSRP 2009-2016) मार्फत सबैलाई गुणस्तर शिक्षामा पहुँच सुनिश्चित गर्ने सरकारले गरेको प्रयत्नहरूलाई निरन्तरता प्रदान गर्ने लक्ष्य लिएको छ । सामान्यतया विद्यार्थीले विभिन्न परीक्षामा प्राप्त गर्ने सफलता तथा अङ्कलाई गुणस्तर भन्ने गरीन्छ तर शिक्षाको गुणस्तरलाई परीक्षामा प्राप्त गरेको अंकमा सिमित गर्न सकिदैन । निश्चित तह पुरा गरेपछि विद्यार्थीहरुमा जुन व्यवहार देखिनुपर्छ त्यो देखिएको पाँईदैन । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा गुणस्तरीय शिक्षामा क्षेत्रमा देहायका चुनौतीहरु पहिचान गरीएका छन ।

- पाठ्यक्रमले तोकेका सक्षमताहरु विद्यार्थीहरुमा विकास
- विद्यार्थीहरुमा नैतिकता तथा व्यावहारिक ज्ञानको अभाव विकास
- व्यवहारको सकारात्मक परिवर्तन भएकाले उक्त धारणा बमोजिमको व्यवहार परिवर्तन
- शिक्षकहरुलाई नयाँ शिक्षण पद्धतिसंग अद्यावधिक गराउनु
- विद्यालयमा पुरस्कार र दण्डको कार्यान्वयन ।

### ३.१०.३ उद्देश्य

यस योजनाले गुणस्तरीय सार्वजनिक शिक्षा सम्बन्धी देहायका उद्धेश्यहरु राखेको छः

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु
- विद्यालयको वातावरण भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाई क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु
- ज्ञान र सीपको विकास, शिक्षाका सिद्धान्त र पद्धतिमा आएका परिवर्तनको विषयमा शिक्षकहरुलाई अद्यावधिक गराउनु
- शिक्षण सिकाई प्रकृया बालकेन्द्रित, सहभागितामूलक साथै कृयाकलापमुखि र प्रभावकारी बनाउनु
- विद्यार्थीहरूको मूल्याङ्कन गर्ने परिपाटीलाई स्तरीय र सामयीक बनाउनु
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन गरी बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास गर्ने
- गुणस्तरीय शिक्षाको मापदण्ड निर्धारण गर्नु

### ३.१०.४ रणनितिहरू

गुणस्तरीय सार्वजनिक शिक्षा सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरीनेछनः

- विद्यालय उमेरका बालबालिकालाई आधारभूत तह सम्ममा गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यक्रम संचालनमा ल्याइनेछन् ।
- विद्यालयमा समावेशी सहभागिताको लागि विद्यालयका सम्पूर्ण गतिविधिहरुमा समावेशी सहभागितालाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयलाई बालमैत्री छात्रामैत्रि, अपाङ्गमैत्री, सुरक्षित हिंसारहीत एवं भयरहीत सिकाई केन्द्रको रूपमा विकास गर्ने आवश्यक व्यवस्था गरिनेछ ।
- स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद उत्थानशिल बनाइनेछ ।
- स्थानीय ज्ञान र सीपको विकास तथा सम्बर्द्धनका लागि स्थानिय परिवेश रआवश्यकतामा आधारित स्थानिय पाठ्यक्रम तथा पाठ्यसामाग्री विकास गरिनेछ ।

- शिक्षक र कर्मचारीको वर्तमान परिप्रेक्ष अनुरूप क्षमता अभिवृद्धि गरी दक्ष, योग्य र सीपयुक्त जनशक्तिको व्यवस्थामा विषेश जोड दिइनेछ ।
- विद्यार्थीहरुलाई पुरस्कार, छात्रवृति आर्थिक शैक्षिक सहयोग जस्ता कार्यक्रमद्वारा विद्यार्थीहरुमा पढाइप्रति उत्सुक्ता स्वयं अग्रसर हुने वातावरण सृजना गरिनेछ ।
- मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउन निरन्तर विद्यार्थी मूल्याङ्कनलाई थप व्यवस्थित र प्रभावकारीका साथ कार्यान्वयनमा ल्याइनेछ भने निर्णयात्मक मूल्याङ्कनलाई स्तरीय र सामयीक बनाइनेछ ।
- विद्यार्थी, शिक्षक, अविभावक र विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र भूमिका स्पष्ट रूपमा निर्देश गरी जिम्मेवार बनाइनेछ ।
- शिक्षा सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया गरेर नगरपालिकामा माध्यमिक शिक्षा सम्मको गुणस्तरयीता मापन गर्ने मापदण्डहरु निर्धारण गरिनेछ ।

### ३.१०.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क. उपलब्धी

१. सबैका लागि समावेशी र समतामूलकू गुणस्तरीय शिक्षाको सुनिश्चितता भएको हुनेछ ।
२. विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलापको अभ्यास र नविन शिक्षण विधिहरूको प्रयोग भएको हुनेछ ।
३. विद्यार्थी सकारात्मक व्यवहार र नैतिक चरित्रको विकास भएको हुनेछ ।
४. गुणस्तरीय शिक्षाको मापदण्ड निर्धारण भै लागु भएको हुनेछ ।

#### ख. नतिजा

१. विद्यालय तहको शिक्षामा सबै बालबालिकाको समतामुलक पहुँच भएको हुने ।
२. शिक्षण सिकाई क्रियाकलाप स्वस्थ्य, सुरक्षित, आधारभूत सुविधा सम्पन्न, सौहार्दपूर्ण वातावरणमा सञ्चालन भएको हुने ।
३. आधरभूत तह सम्म स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन भएको हुने हुनें ।
४. विद्यार्थीहरूमा पढाईप्रति रुचि, उत्सुकता र स्वयं अग्रसर हुने वातावरणको सृजना भएको हुने ।
५. विद्यालय तथा शिक्षण संस्थासंग सरोकार राख्ने सम्पूर्ण पक्ष आफ्नो काम, कर्तव्य र भूमिका प्रति उत्तरदायी भएको हुने
६. विद्यार्थीको मुल्याङ्कन प्रणाली स्तरिकरण भएको हुने ।

## ग. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यार्थी भर्ना अभियान सञ्चालन | वडा | १ र २ | ३ र ४ | ५ र ६ | ७ र ८ | ९ र १० | १० | १० | नगरपालिका र विद्यालय |
| २. | घर दैलो कार्यक्रम सञ्चालन | वडा | १ र २ | ३ र ४ | ५ र ६ | ७ र ८ | ९ र १० | १० | १० | नगरपालिका र विद्यालय |
| ३. | अतिरिक्त क्रियाकलापमा समावेशी सहभागितालाई | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| ४ | बालमैत्री विकास | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| ५ | न्युनतम मापदण्ड विकास | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| ६. | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका र विद्यालय |
| १०. | आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | कक्षा | १-३ | ४-८ | ✓ | ✓ | ✓ | ✓ | १०० | नगरपालिका |
| १२. | शिक्षक तथा कर्मचारीहरुका लागि तहगत रूपमा तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| १३ | शिक्षक तथा कर्मचारीहरुलाई कार्य सम्पादनका आधारमा पुरस्कृत | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| १४ | नगर स्तरीय छात्रवृति कार्यक्रम सञ्चालन | प्रतिशत | ५ | ७ | १० | १२ | १३ | १३ | १५ | नगरपालिका |
| १५ | शिक्षकहरुलाई निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिमको व्यवस्था | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |
| १६ | सरोकार पक्षहरुको सहभागितामा अभिमुखिकरण तथा चेतनामूलक कार्यक्रम सञ्चालन | प्रतिशत | १० | १० | १० | १० | ५० | ५० | १०० | नगरपालिका |

## ३.११ आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा

### ३.११.१ परिचय

नेपाल विविधताले भरिपूर्ण देश हो । वेदकोट नगरपालिका पनि यसै देशको एउटा स्थानीय तह भएकाले यहाँ पनि विविधता रहेको छ । व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनुपरेको अवस्था पनि देखिन्छ । केहि विद्यार्थीहरुले बिचैमा पढाई समेत छोडेको पाईन्छ । सबैको शिक्षामा पहुँच पुर्‍याउन नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरीएको छ । विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहश्राब्दि विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरुले समेत समावेशी शिक्षालाई समावेश गरेका छन । विभिन्न समयमा यस सम्बन्धी नीतिगत एवं संस्थागत प्रयास भएका छन । यस नगरपालिका अन्तर्गत आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच पुर्‍याउनको लागि यो नगर शिक्षा योजनाले केहि नीतिगत प्रावधानहरु राखेको छ ।

### ३.११.२ वर्तमान अवस्था

आधारभुत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सुचिमा आईसकेपछि आर्थिक रुपमा पछाडि परेको वर्गको शिक्षामा पहुँच पुर्‍याउन र समावेशी शिक्षालाई कार्यान्वयन गर्नु अब स्थानीय तहको प्रमुख जिम्मेवारी आएको छ । हाल वेदकोट नगरपालिका अन्तर्गत दृष्टिविहिन विद्यार्थीहरुको अध्ययनका लागि आवासिय व्यवस्थासहितको शिक्षण सिकाई क्रियाकलापहरु सञ्चालन गर्ने एउटा विद्यालय रहेको छ । यस नगरपालिका स्तरबाट प्राविधिक शिक्षा छात्रवृत्तिको व्यवस्था गरीएको छ । हाल वेदकोट नगरपालिकामा विद्यालय उमेरका जम्मा ३ प्रतिशत विद्यार्थी बझै विद्यालय बाहिर रहेका छन् । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा क्षेत्रमा देहायका चुनौतीहरु पहिचान गरीएका छन ।

१. सञ्चालनमा रहेको छात्रावासको उपयुक्त व्यवस्थापन गर्ने
२. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउने
३. सबैको माध्यमिक शिक्षामा पहुँच पुर्‍याउने
४. शिक्षामा समावेशीता सुनिश्चितता गर्ने

### ३.११.३ उद्धेश्य

यस योजनाले आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा सम्बन्धी देहायका उद्धेश्यहरु राखेको छः

1. माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु
2. विद्यालय बाहिर रहेका बालवालिकाहरुलाई विद्यालयमा भर्ना गराउनु
3. शिक्षामा समावेशीता सुनिश्चितता गर्नु

### ३.११.४ रणनीति

आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरीनेछनः

1. आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको शिक्षामा पहुँच सुनिश्चिचित गर्न छात्रवृति लगायत थप आर्थिक सहुलियत प्रदान गरिनेछ।
2. आर्थिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आयआर्जनका लागि सीप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय रोजगारी उपलब्ध गराउने गराइनेछ।
3. आवासीय विद्यालयको व्यवस्थापनमा जोड दिइनेछ।
4. विशेष शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास गरिनेछ।

## ३.११.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धी

1. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन।
2. माध्यमिक शिक्षासम्म समावेशीताको आधारमा छात्रवृत्ति वितरण भएको हुनेछन।

### ख. नतिजा

1. आर्थिक रुपमा कमजोर बालबालिकाका अभिभावकहरु स्थानीय रोजगारीमा सहभागि भै आयस्तर बढेको हुने
2. नगरपालिका अन्तर्गत रहेका छात्रावासहरुको उपयुक्त व्यवस्थापन भएको हुने
3. विद्यालयमा विद्यार्थी भर्नादर उल्लेख्य रुपमा बढेको हुने

### ग. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | प्रतिशत | १० | १५ | २० | २५ | ५० | ५० | १०० | नगरपालिका |
| २ | आवश्यकताको आधारमा विद्यालयहरुलाई अनुमति प्रदान | | | | | | | | | नगरपालिका |
| ३ | छात्रवृत्ति कोषको स्थापना र वितरण | प्रतिशत | ५ | ७ | १० | १२ | १३ | १३ | १५ | नगरपालिका |
| ४ | छात्रावासहरुको उपयुक्त व्यवस्थापन | | | | | | | | | |
| ५ | विशेष शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास | प्रतिशत | ५ | ७ | १० | १२ | १३ | १३ | १५ | नगरपालिका र विद्यालय |

## ३.१२ शिक्षामा सुचना प्रविधि

### ३.१२.१ परिचय

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतिय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन सम्प्रेषण संग्रह र प्रवाहलाई बुझिन्छ । आजको युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । यसले सूचनाको  पहुँचमा वृद्धि गर्छ । शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरुमा मात्र भरपर्नु पर्ने आवश्यकताको अन्त्य भएको छ । उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरुको उपयोग गर्न सक्ने भएका छन । सयौं व्यक्तिहरुले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हसिल गर्न सक्छन । अब सिकाइलाई अनलाइन पाठ्यवस्तुको माध्यमबाट चौविसै घण्टा हेर्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरु एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ । भौगोलिक, सामाजिक, साँस्कृतिक तथा पूर्वाधारहरुको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अव रहेन । यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ । शैक्षिक विकासका लागि सुचना तथा सञ्चार प्रविधिको महत्वपुर्ण भुमिका रहने गरी यस योजनामा समावेश गरीएको छ ।

### ३.१२.२ वर्तमान अवस्था

नेपाल सरकारले स्विकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ र विज्ञान तथा प्रविधि नीति, २०७६ ले समेत शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरु उल्लेख गरेको छ । सूचना प्रविधिको तिब्र विकासले नेपाल जस्ता अल्पविकसित मुलुकहरुलाई शिक्षा, स्वस्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सुअवसरहरु प्रदान गरेको छ । यस प्रविधिको व्यापक प्रयोगबाट कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो, तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ । यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रुपमा समेत स्थापित हुन सक्ने देखिन्छ । वेदकोट नगरपालिकाका सवै माध्यमिक विद्यालयहरु सुचना तथा प्रविधिको पहुचमा छन् । तर आधारभूत तहका विद्यालयहरुमा ईन्टरनेट सुविधाको विस्तार गर्न सकिएको छैन ।  तर ६० प्रतिशत संस्थागत विद्यालयहरुमा ईन्टरनेट सुविधाको विस्तार भएको देखिन्छ । अबका दिनमा सवै विद्यालयहरुमा कम्पुटर तथा प्रिन्टरको व्यवस्था अपरिहार्य देखिएको छ । केहि माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्डको व्यवस्थापन समेत भएको देखिन्छ । केही माध्यमिक विद्यालयहरुले CCTV क्यामरा समेत जडान गरेका छन । कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ । द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरु ल्याएको छ । हाल शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्य रुपमा प्रयोग आएको पाइन्छ । केन्द्रिय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली (IEMIS) को विकास गरीएको छ र त्यसको पुर्णतया उपयोग हुन नसकिएको अवस्था छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा शिक्षामा सुचना प्रविधि  क्षेत्रमा निम्न चुनौतीहरु पहिचान गरीएका छन ।

1. सुचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभुत संरचना जस्तै विद्युत, ईन्टरनेट कनेक्टिभिटी, आदिको विस्तार तथा सबै विद्यालयमा स्थापना
2. शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहितको एकिकृत प्रणालीको विकास
3. सुचना तथा सञ्चार प्रविधि सम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको विकास
4. सुचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाईड कम गर्नु
5. अन्तर्क्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच
6. विभिन्न किसिमका अपाङ्गताको लागि प्रयोग हुने गरी सामग्री विकास र प्रयोग
7. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सुचना प्रणाली र लेखा प्रणालीको विकास
8. विभिन्न तहका ईन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य

### ३.१२.३ उद्देश्यहरू

यस योजनाले शिक्षामा सुचना प्रविधि सम्बन्धी देहायका उद्धेश्यहरु राखेको छः

- सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच बृद्धि गर्नु
- विश्वब्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गर्नु
- अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु
- नगरस्तरको शिक्षाको समग्र व्यवस्थापनलाई सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शि र समतामुलक बनाउनु

### ३.१२.४ रणनीति

शिक्षामा सुचना तथा सञ्चार प्रविधि सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरीनेछनः

- ICT को पूर्वाधारको रुपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा जडान गरिनेछ।
- कम्प्युटर, ई–पुस्तकालय तथा ICT ल्याव स्थापना व्यवस्थापनमा जोड दिइनेछ।

- विद्यालयमा कार्यरत जनशक्तिलाई ICT तथा Smart Board को प्रयोग सम्बन्धी आधारभूत तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुलाई केन्द्रिय शैक्षिक व्यवस्थापन सुचना प्रणालीको बढिभन्दा बढि प्रयोग गर्न समय समयमा तालीम कार्यशाला तथा प्रोत्साहित गरिनेछ ।

### ३.१२.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क. उपलब्धी

विभिन्न आधारभुत तथा माध्यमिक विद्यालयहरुमा सुचना तथा सञ्चार प्रविधिको व्यवस्था भई विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकिय क्षेत्रमा प्रयोग गरीएको हुनेछ ।

#### ख. नतिजा

- सबै विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पुर्वाधार विकास भै सबैको पहुँच पुगेको हुने
- विभिन्न कक्षा तथा विषयका शिक्षकहरुको शिक्षणमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास भएको हुने
- सबै माध्यमिक विद्यालयहरुले अनिवार्य रुपमा सिकाई तथा व्यवस्थापकिय कार्यमा सुचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने
- सुचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने
- सुचनामा आधारित एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुने
- सामुदायिक सिकाई केन्द्रमा सुचना तथा प्रविधिको प्रयोगको विस्तार भएको हुने

#### ग. प्रमुख लक्ष्य तथा क्रियाकलापहरु

| क्र. स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | ICT को पूर्वाधारको विकास | प्रतिशत | १० | १५ | २० | २५ | ५० | ५० | १०० | नगरपालिका |
| २ | माध्यमिक विद्यालयमा सुचना तथा सञ्चार प्रविधि ल्याव स्थापना | प्रतिशत | १० | १५ | २० | २५ | ५० | ५० | १०० | नगरपालिका |
| ३ | सामुदायि माध्यमिक तहबाट क्रमशः | **विद्यालय** | | १ | १ | १ | १ | ४ | ८ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहसम्म ई–पुस्तकालयको स्थापना | | | | | | | | |
| ४ | कम्प्युटर, प्रोजेक्टर, स्मार्टबोर्ड, डिजिटल क्यामेरा, स्पीकर ,इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधिको व्यवस्थामा प्रोत्साहन | प्रतिशत | १० | १५ | २० | २५ | ५० | ५० | १०० | नगरपालिका र विद्यालय |
| ५ | शैक्षिक तथ्याङ्क सुचना प्रणालीको प्रयोग, लाइब्रेरी व्यवस्थापन, विद्यार्थी मुल्याङ्कन र बिद्यालयका आर्थिक लगायतका पक्षहरुमा सुचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सो सम्बन्धी जनशक्तिलाई तालिमको व्यवस्था | प्रतिशत | १० | १५ | २० | २५ | ५० | ५० | १०० | नगरपालिका र विद्यालय |
| ६ | सामुदायिक अध्ययन केन्द्रको ICT विस्तार | प्रतिशत | १० | १५ | २० | २५ | ५० | ५० | १०० | नगरपालिका र विद्यालय |

## परिच्छेदः ५
## लगानी र स्रोत व्यवस्थापन

### ५.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाका क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। भविष्यका लागि गुणस्तरीय मानव संसाधन विकास गर्न शिक्षामा लगानी गरिन्छ।यसरी कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ। शिक्षामा सरकारको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनुपर्छ। ती तीन पक्षहरुमा पहिलो सबै बालबालिका तथा नागरिकलाई शैक्षिक अवसर र सहभागिता; दोस्रो सहभागी भैसकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो स्रवतको समतामसलक वितरण र उपयोग रहेका छन्। शिक्षामा गरिने लगानी समाजको आवश्यकता यस सम्बन्धी विश्वव्यापी मान्यता दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान संवंधानिक व्यवस्था आवि पक्षालाई ध्यानमा राखी व्यवस्थापन गरिनुपर्छ। नेपालमा संवैधानिक तथा कानुनी प्रवधान अनुसार विद्यालय शिक्षामा समतामुलक पहुच सहितको गुणस्तरीय शिक्षा सरकारको दायित्व भइको छ। यसका लागि आवश्यक स्रोतको खोजी प्रथमिकिकरण स्रोतको उचित विनियोजन प्रभावकारी कार्यान्वयन अनुगमन तथा मुल्यांकन र प्रतिवेदन व्यवस्था गर्नु आवश्यक छ।नेपालमा संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा संचालनको मुल जिम्मेवारी स्थानीय तहको भएतापनि शक्षा साझा सूचिको विषय भएकाले वित्तीय व्यवस्थापनमा संघ प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यक पर्दछ। नेपालको संविधानमा भएको वित्तीय व्यवस्था अनुसार सशर्त अनुदान समानीकरण अनरदान समपुरक अनुदान विषेश अनुदान र आन्तरिक रिणको व्यवस्था गरेको छ। संघीय सरकारबाट हस्तान्तरण हुने उललेखित अनुदानका साथै वेदकोट नगरपालिकाले शिक्षा क्षेत्रमा वजेट विनियोजन गरिरहेको छ ।

शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाबाट जुटाउने कुन कुन क्षेत्रमा वजेटको विनियोजन गर्ने विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढंगबाट गर्ने भन्ने विषय जति ध्यान पुग्दछ शैक्षिक लगानीको पक्ष उत्तिकै सक्षम र व्यवस्थित हुन्छ। यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी र स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखीएका चुनौतीहरु उल्लेख गरिएको छ। यसमा पहिचान चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

### ५.२ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउनुपर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ। ती सबैजसो दस्तावेजहरुमा कुल राष्टिय वजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख छ।

#### शिक्षामा राज्यको लगानीको अवस्था

नेपालको शिक्षाको लगानीमा बैदेशिक सहायताको पनि महत्वपुर्ण अशं रहेको छ। विगत ५ बर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा बैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको आषत १०.६८ प्रतिशत रहेको छ। विगत ५ बर्षको शिक्षा बजेट देहायबमोजिम रहेको छः

**तालिका १ विगत ५ बर्षको शिक्षा बजेट (संघ) बजेट रु करोडमा**

| आ व | शिक्षा बजेट | बार्षिक बजेट बृद्धि प्रतिशत | कै |
|---|---|---|---|
| २०७३।०७४ | ११६३६ | १७।९६ | |
| २०७४।०७५ | १२६६४ | ८।८४ | |
| २०७५।०७६ | १३४५१ | ६।२१ | |
| २०७६।०७७ | १६३७६ | २१।७४ | |
| २०७७।०७८ | १७१७१ | ४।८६ | |

**स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आवका बजेट पुस्तिकाहरु)**

**तालिका १ विगत ३ बर्षको शिक्षा बजेट (नगरपालिका) बजेट रु लाखममा**

| आ व | शिक्षा बजेट | बार्षिक बजेट बृद्धि प्रतिशत | कै |
|---|---|---|---|
| २०७६।०७७ | २५ | | |
| २०७७।०७८ | ३० | | |
| २०७८।०७९ | २२६०० | | |

**स्रोत: वेदकोट नगरपालिका (सम्बन्धित आवका बजेट पुस्तिकाहरु)**

यसरी माथिको तालिका अनुसार कुल शिक्षा वजेट बार्षिक रुपमा वृद्धि हुदै गएको देखिन्छ ।

## शिक्षामा घर परिवार र निजी लगानी

शिक्षा क्षेत्रमा विकासका लागि घर परिवारको लगानी उल्लेख्य छ भने निजी क्षेत्रले पनि यसमा लागनी गरिरहेको छ । नेपालको संविधान अनुसार आधारभूत तह सम्मको शिक्षा निशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क हुने करा मौलिक हक कै रुपमा समावेश गरेको छ । त्यसै गरी शिक्षालाई नागरिक अधिकारको रुपमा राज्यका नीतिमा उल्लेख छ । यो पक्षबाट शिक्षामा गरिने सार्वजनिक र नीजि लगानीलाई विष्लेश्वण गर्दा शिक्षामा सार्वजनिक लगानी बढाउनुपर्ने अवस्था देखिन्छ ।

विद्यालय तह सम्मको शिक्षाको प्रबन्ध राज्यको दायित्व हुने संवैधानिक प्रत्याभूतिलाई सम्वोधन गर्ने सन्दर्भमा नीजि क्षेत्रको सहभागिता के कसरी हुने भन्ने विषय पनि शिक्षामा लगानी र स्रोत व्यवस्थापनमा महत्वपुर्ण हुन्छ ।नेपालका नीजि क्षेत्रबाट संचालित शिक्षण संस्थामा सरकारी खर्च वा लगानी प्रत्यक्ष रुपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ । यहा प्रति विद्यार्थी सार्वजनिक खर्च र नीजि विद्यालयमा अभिभावकले तिरेको शुल्क लगायतको सबै खर्च समावेश भएको एउटा अध्ययन प्रस्तुत गरिएको छ ।

### तालिका न २

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु | |
|---|---|---|
| | सार्वजनिक | नीजि |
| प्रारम्भिक वालविकास शिक्षा | ३६०२ | १७३३६ |
| आधारभूत तह १–५ | ११५३६ | २०२५४ |
| आधारभूत तह ६–८ | ११२५१ | १९९८४ |
| माध्यमिक  तह ९– १० | १०६८१ | ३१६९६ |
| माध्यमिक तह ११– १२ | १६५५६ | ३५७५२ |

स्रोत NEC Nepal 2018

वेदकोट नगरपालिकाको सन्दर्भमा प्रति विद्यार्थी सार्वजनिक खर्च र नीजि विद्यालयमा अभिभावकले तिरेको शुल्क लगायतको सबै खर्च समावेश भएको एउटा अध्ययन प्रस्तुत गरिएको छ ।

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु |
|---|---|

| | सार्वजनिक बार्षिक | नीजि मासिक |
|---|---|---|
| प्रारम्भिक वालविकास शिक्षा | ५००।०० | १०००।०० |
| आधारभूत तह १– ५ | १५००।०० | १३००।०० |
| आधारभूत तह ६– ८ | १५००।०० | १५००।०० |
| माध्यमिक तह ९– १० | १५००।०० | १९००।०० |
| माध्यमिक तह ११– १२ | १५००।०० | २४००।०० |

निशुल्क विद्यालय शिक्षालाई राज्यको दायित्वका रुपमा कार्यान्वयन गर्नको लागि अहिले कै अवस्थामा पनि संघीय सरकार तथा स्थानीय सरकारले लगानी बढाउन जरुरी देखिन्छ भने समग्रमा शिक्षा प्रवाह सुधार गरी सिकाइमैत्री वातावरणमा सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको प्रबन्धका लागि थप लगानी आवश्यक छ।

सार्वजनिक विद्यालयमा विद्यार्थीको भर्नादर घट्न थालेको र संस्थागत विद्यालयमा बढन थालेको विभिन्न अनुसन्धानहरुले प्रस्ट पार्दछ। वेदकोट नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयको विषेशतःआधारभूत तहमा विद्यार्थी संख्या घट्न थालेको देखिन्छ भने निजीमा बढी रहेको छ। शिक्षामा राज्यको लगानीका दृष्टिले विद्यार्थी संख्या क्रमशः सामुदायिक विद्यालयमा घट्दै जानु र नीजिमा बढ्दै जानुले सार्वजनिक शिक्षामा गरिने लगानीप्रति थप संवेदनशील हुनुपर्ने भएको छ।

शिक्षाका सबै तहमा गुणस्तर र पहुच अभिवृद्धिका विभिन्न कार्यक्रमहरु संचालनका लागि समन्वयात्मक रुपमा स्रोतको खोजी र व्यवस्थापनमा विषेश जोड दिनुपर्ने देखिएको छ। अझै पनि विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन पनि थप लगानी आवश्यक देखिन्छ। साथै दलित महिला विभिन्न प्रकारका परिस्थितिमा रहेका विपन्न तथा अपांग भएकाको शिक्षामा पहुच र सहभागिता बढाइ समावेशिता प्रबर्द्धन गर्ने नीतिगत व्यवस्था कार्यान्वयनका लागि पनि थप लगानी आवश्यक देखिन्छ।

## शिक्षामा लगानीका प्रमुख विषय क्षेत्र

शिक्षामा गरिने लगानी सिकारुका लागि हो। त्यसका लागि शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गर्छ। नेपाल सरकारले भौतिक पूर्वाधार तथा संरचना प्रशासनिक खर्च शैक्षिक सामाग्री छात्रवृत्ति दिवा खाजा त्यसैगरी कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड आदि लगानीका प्रमुख विषय क्षेत्र रहेका छन् । वेदकोट नगरपालिकाले विद्यालय शिक्षामा पहुच र गुणस्तर अभिवृद्धिका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रमको व्यवस्था गर्दै आइरहेको छ। त्यसलाई व्यस्थित गर्नका लागि कार्यविधि तथा मापदण्ड समेत निर्माण गरीसकेको छ। साथै शिक्षामा आर्थिक तथा विपन्न वर्ग तथा दलित, आदिबासी, जनजाती, महिला, विपन्न, गरिव तथा जेहेन्दार विद्यार्थीलाई डाक्टर इन्जीनियर एयर होस्टेज स्टाफ नर्स कृषि विज्ञान अहेव लगायतका क्षेत्रमा निशुरल्क पढाउन छात्रवृतिको व्यवस्था गरीएको छ भने प्राविधिक शिक्षामा पनि सहयोग गर्ने उद्धेश्यले विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरीएको छ। शिक्षामा गरीने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानिको रुपमा लिईन्छ। विद्यालय शिक्षामा गरीने लगानि तथा स्रोत विकास सम्बन्धी विश्लेषणका आधारमा देहाए बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ।

१. विद्यालय शिक्षा सम्बन्धी राष्टिय तथा अन्तराष्टिय परिवेश स्थापित मुल्य मान्यता संवैधानिक प्रत्यानुभूति राष्टिय नीति आदि पक्षलाई उचित सम्बोधन गर्न शिक्षा क्षेत्रमा मा लगानि वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने
२. शिक्षामा लगानीको लागि स्थानीय सरकारलाई जिम्मेवार बनाउने
३. नीजि क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामुलक व्यवसायका रुपमा विकास गर्ने
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुच र गुणस्तर अभिवृद्धिका लागि वित्तीय स्रोत पहिचान र परिचालन पद्यती सुनिश्चित गर्ने

५. विभिन्न संघ संस्थाहरुलाई शिक्षामा लगानि गर्न प्रोत्साहित गर्ने
६. आधुनिक प्रविधि विषेश गरी सुचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण प्रणालीको व्यवस्थापनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने
७. शिक्षाका विभिन्न उपक्षेत्रहरुः प्रारम्भिक वालविकास तथा शिक्षा आधारभूत शिक्षा माध्यमिक शिक्षा उच्च शिक्षा प्राविधिक तथा व्यावसायिक शिक्षा अनौपचारिक तथा निरन्तर शिक्षामा लगानीको संरचना(प्राथमिकता र प्रतिशत)निर्धारण गर्ने।
८. शिक्षामा समावेशीता र समतामा सुधार गर्न आर्थिक रुपमा कमजोर, विपन्न तथा कठिन परिस्थितिमा रहेका र अपाङ्ता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीयताका लागि लगानी प्राप्त गर्ने
९. वित्तिय व्यवस्थापक कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने
१०.गैरसरकारी क्षेत्रको लगानी सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने
११.वित्तीय गतिविधिलाई पारदर्शी जवाफदेही सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने आदि।

## ५.३ उद्धेश्य

योजनाको वित्तिय व्यवस्थापनका प्रमुख उद्धेश्यहरु देहायबमोजिम रहेका छन्।

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बजेटको प्रक्षेपण गर्नु
२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्नु
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमहरुको प्राथमिकताक्रम तोकि कार्यक्रमगत बजेट निर्धारण गर्नु
४. खर्चको प्रक्रिया, भुमिका र दायीत्व स्पष्ठ पार्नु
५. लगानी उपयोगको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु

## ५.४ रणनीतिहरु

योजनाको वित्तिय व्यवस्थापन सम्बन्धी रणनीतिहरु देहाय बमोजिम हुनेछन्

१. नगर सभालाई शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव गरिनेछन्
२. शिक्षकहरूको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरीने र नगरस्तरीय क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।
३. सामुदायिक विद्यालयमा कार्यरत नीजि शिक्षकहरुको लागि पारिश्रमिक तथा प्रोत्साहन बाफतको रकम नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्था मिलाइनेछ ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्न पालिकाले आफ्नो लगानीमा अन्य विद्यालयहरूमा विस्तार गर्ने।
५. उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुलाई व्यवस्थापन तथा क्षमता विस्तारका अनुदान रकमको व्यवस्था गर्ने
६. संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको शसर्त कार्यक्रमहरूको निरन्तरता दिंदै यी कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल गर्ने

७. संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा सशर्त कार्यक्रम नै विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल गर्ने
८. भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६०%, प्रदेश सरकारको २०% र नगरपालिकाको २०% लगानी गर्ने प्रबन्ध मिलाइनेछ।
९. विद्यालयहरुलाई अनुदान प्रदान गरीए पश्चात् लक्षित गुणस्तर सुनिश्चितका लागि सम्बन्धीत विद्यालयलाई नै जिम्मेवार बनाइनेछ
१०. विद्यालयहरुलाई अनुदान प्रदान गर्नुपुर्व जुन शिर्षकमा अनुदान प्रदान गरीएको छ त्यसको खर्चको आधार तथा कार्यविधि तोकिनेछ।
११. विद्यालयका सम्पुर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाइनेछ।
१२. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय, प्रदेश सरकार मार्फत पहल गरिनेछ र सो बाट अपुग रकम नगरपालिकाबाट व्यवस्थापन गरिनेछ।
१३. शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि समानीकरण अनुदानको कम्तिमा २० प्रतिशत लगानी गरिनेछ।
१४. सार्वजनिक सेवा सामाजिक दायित्व वा सेवामुलक व्यवसायका रुपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिनेछ भने नीजि क्षेत्रले सार्वजनिक सेवा सामाजिक दायित्व वा सेवामुलक व्यवसायका रुपमा रहने गरी विद्यालय शिक्षा संचालन गर्न व्यवस्था गरिनेछ।
१५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धती अवलम्बन गरिनेछ।
१६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरिनेछ।

## ५.५ स्रोतको अनुमान र विश्लेषण

आवश्यकता र सामर्थ्यका आधारमा स्रोतको अनुमान तथा विश्लेषण गरीन्छ। नागरीकका अपेक्षा, स्थानीय तहको आवश्यकता र वर्तमान समयको माग बमोजिम स्रोतको छनौट गरीन्छ। त्यसै पहिलो वर्तमान नीति र अपेक्षाहरुलाई ख्याल गरी स्रोतको अनुमान र विश्लेषण गरीन्छ। नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ आदिलाई समेत ख्याल गरेर बजेट तथा कार्यक्रमहरुको तयारी गर्नुपर्ने हुन्छ। यस बाहेक अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास सूचना तथा संचार प्रविधि भौतिक पुर्वाधार विपद् व्यस्थापन दिवा खाजा लगायत विद्यालय स्वास्थ्य पोषण तथा सरसफाइ स्वच्छता लगायतका विषय प्रथमिकताका साथ समावेश गर्नुपर्ने देखिएको छ। त्यसैगरी दोस्रो स्रोतहरुको उपलब्धतालाई ख्याल गरेर बजेटको स्रोतको अनुमान र विश्लेषण गरीन्छ। नगरभित्र राजस्व, नगरपालिकाको आन्तरिक आय र नगरपालिकालाई संघिय सरकारबाट प्राप्त हुने समानिकरण जस्ता स्रोतहरुलाई नीति, कार्यक्रम तथा बजेट बनाउँदा ख्याल गर्नुपर्ने कुरालाई यस योजनामा जोड दिइएको छ। अर्थतन्त्रको हालको अवस्था तथा सम्भाव्य वृद्धिका आधारमा उच्च मध्यम तथा न्युन वृद्धि आकलन गरिएको छ। यस आकलन आधारमा न्युन स्तरको प्रक्षेपित आर्थिक वृद्धिदरका आधारमा यो शिक्षा योजनाका लागि स्रोत पहिचान गरिएको छ।

## ५.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विषेश ध्यान दिइएको छ। भने प्रारम्भिक बालविकास तथा शिक्षामा न्युनतम् सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुने गरी लगानीमा वृद्धि गर्नुपर्ने आवश्यकतालाई ख्याल गरी लागनी वृद्धि गरिएको छ। निशुल्क माध्यमिक शिक्षामा सान्दर्भिकता बढाउन एवम् गुणस्तर सुधार गर्न भर्ना वृद्धि तथा टिकाउदर बढाउन व्यावसायिक तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ

विशेष गरी शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, अभिभावक शिक्षा, प्रारम्भिक कक्षाहरुमा पठन क्षमतामा वृद्धि, शिक्षकको पेशागत क्षमताको विकास जस्ता कुराहरुमा बजेट तथा कार्यक्रमहरु समावेश गरिएको छन् तथा आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्ने भरपुर प्रयास गरिएको छ। त्यसै गरी विकट क्षेत्रका बस्तिमा पहुँच पुग्राउन थप विद्यालय सञ्चालन, शिक्षा दरबन्दी अभाव रहेको सन्दर्भमा नीजि शिक्षकको व्यवस्थापन, निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्न थप अनुदान उपलब्ध गराउनु, वालविकास सहजकर्ताहरुका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु, शिक्षकहरूको क्षमता विकास तालिम, छात्रवृत्ति स्वास्थ्य पोषण तथा सरसफाइ तथा विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुग्राउने खालका विभिन्न कार्यक्रम समावेश गरीएका छन्। यसरी माथि उल्लेखित सम्पुर्ण क्षेत्रहरुलाई समावेश गर्ने गरी आगामि १० वर्षको लागि वेदकोट नगरपालिकाले शिक्षासँग सम्बन्धी प्रमुख क्षेत्रहरुमा समानिकरण अनुदान अन्तर्गत रहने गरी तपसीलको बजेट तथा कार्यक्रमहरु प्रस्तावित गरीएको छ।

**तालिकाः १३ शिक्षा क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट (लाखमा)**

| क्र स | उप क्षेत्र | ७८।७९ | ७९।८० | ८०।८१ | ८१।८२ | ८२।८३ | ५ वर्ष २०८७ सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षा | | ८३५० | ८८६५ | ८५७२ | ९५१५ | १८००० | |
| २ | आधारभुत शिक्षा | | १०५०० | ११२३५ | १२२४६ | १३५९३ | २६८६५ | |
| ३ | माध्यमिक शिक्षा | | १६७२ | १७८९ | १९५० | २१६४ | ४२७७ | |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | | १०५० | ११२४ | १२२५ | १३५९ | २६८७ | |
| ५ | उच्च शिक्षा र माध्यमिक शिक्षासँग सम्बन्ध | | ५२५ | ५६२ | ६१२ | ६८० | १३४३ | |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | | ५२५ | ५६२ | ६१२ | ६८० | १३४३ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | १७३२५ | १८५३८ | २०२०६ | २२४२९ | ४४३२८ | |
| ८ | विद्यालय व्यवस्थापन | | ५२५ | ५६२ | ६१२ | ६८० | १३४३ | |
| ९ | निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारीक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा | | ३१५ | ३३७ | ३६७ | ४०८ | ८०६ | |
| १० | गुणस्तरीय सार्वजनिक शिक्षा | | ६२५ | ६६२ | ७१२ | ७८० | १४४३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच | | ४१५ | ४३७ | ४६७ | ५०८ | ९०६ | |
| १२ | शिक्षामा सुचना प्रविधि | | १०५० | ११३५ | १२५० | १३६९ | २६८९ | |
| १३ | विपद् मा शिक्षा | | ४२० | ४४९ | ४९० | ५४४ | १०७५ | |
| १४ | संस्थागत संरचना र क्षमता विकास | | ५२५ | ५६२ | ६१२ | ६८० | १३४३ | |
| १५ | कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन, समन्वय र सहजिकरण | | २१० | २२५ | २४५ | २७२ | ५३७ | |
| जम्मा | | | ४२८३२ | ४५८३० | ४९९५४ | ५५४४९ | १०९५८९ | |

## ५.६ अपेक्षित उपलब्धी

१. वि.सं. २०८७ (सन् २०३०) सम्म नगरपालिकाले समानिकरण बजेटमा शिक्षामा गर्ने लगानी १५ प्रतिशत पुगेको हुनेछ।
२. आधारभुत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क भएको हुनेछ।
३. प्रविधिमैत्रि शिक्षाको विकास भई शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।
४. शिक्षकहरुको पेशागत विकास भएको हुनेछ।
५. वित्तिय व्यवस्थापन क्षमतामा सुधार भई वित्तिय कार्यकुशलता, पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारी सुनिश्चित भएको हुनेछ।

# परिच्छेद छ

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

प्रभावकारी रुपमा योजनाको कार्यान्वयन भए नभएको हेर्नको लागि यसको पुर्णरुपमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ। यस योजनालाई कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालिन सोच र उद्दश्येहरू पुरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो। नगरपालिका, नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले यस योजनाको कार्यान्वयन गर्नेछ भने नगरस्तरिय शिक्षा समिति लगायतका अन्य सम्बद्ध पक्षहरुले अनुगमन र मूल्याङ्कन निकायले पनि गर्न सक्नेछन।

### ६.१ योजना कार्यान्वयन

वेदकोट नगरपालिका यो दश वर्षे शिक्षा क्षेत्र सुधार योजना तयार पारेको छ। यस योजनाको कार्यान्वयन देहायबमोजिम गरीने छ :

१. नगर शिक्षा ऐन, नियमावली लगायतका आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरीनेछ।

२. विद्यायल शिक्षाको प्रत्येक तहमा पहुँच अभिवृद्धि गर्न अनिवार्य विद्यालय भर्ना र गुणस्तर सुधारका उपायहरु अवलम्बन गरीनेछ।
३. प्रारम्भिक बालबिकास शिक्षाको विस्तार गर्न आगामी वर्ष बजेटको व्यवस्था गरीनेछ।
४. बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि अभिमुखिकरण गरीनेछ।
५. योजना तथा कार्यक्रमहरू विस्तार गर्दा प्राथमिकताका आधारहरु तयार गरी विद्यालयहरूलाई वितरण गरीनेछ।
६. शिक्षकहरूको  पेसागत विकासका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरीनेछ।
७. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीको विकासमा सहयोग पुर्‍याइनेछ।
८. विद्यालयका पदाधिकारीहरुलाई थप जिम्मेवार बनाई विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न सक्रिय गराइनेछ।
९. प्रारम्भिक कक्षाहरुमा विशेष पढाई सीप विकास गर्ने क्रियाकलापहरु सञ्चालन गरीनेछन।
१०. विद्यालय सुधार योजना निर्माण कार्यलाई थप प्रभावकारी बनाई निर्माण र कार्यन्वयनमा जोड दिइनेछ। यसका लागि वि. व्य. स. र शि. अ. सं. लाई जिम्मेवार बनाइनेछ।
११. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न नतिजामा आधारित लगानी पद्धतिको विकास गरीनेछ।
१२. शिक्षाको समग्र विकासका लागि नगर शिक्षा समितिलाई थप जागरुक बनाइ विद्यालयका समस्या र उपयुक्त अवसरको खोजी गर्ने पद्धतिको विकास गरीनेछ।
१३. शिक्षा क्षेत्रमा संघिय सरकार र प्रदेश सरकारका सशर्त बजेटका कार्यहरू सत्यतथ्य  र तिनैसँग निकट सम्बन्ध स्थापना हुने गरी यस नगरपालिकाले योजना तथा कार्यक्रम बनाइ कार्यान्वयनमा ल्याइनेछ।
१४. सामुदायिक अध्ययन केन्द्रको सक्रियता बढाइ निरक्षरको संख्या शून्यमा झार्ने र प्राविधिक तथा व्यवसायीक धारका विद्यालय सञ्चालन गरी सीप विकासमा सहयोग पुग्राउने कार्यक्रमहरु सञ्चालन गरीने छ।
१५. योजनो सफल रुपमा कार्यान्वयनको लागि शिक्षा, युवा तथा खेलकूद शाखाको संयोजकत्वमा योजना कार्यान्वयन समिति गठन गरीनेछ।

## ६.२ योजना अनुगमन तथा मूल्याङ्कन

कुनै पनि योजनाको अनुगमन तथा मूल्याङ्कनबाट योजना कार्यान्वयनको अवस्था, विकासको गति र हामी कता पुग्ने तथा कसरी अगाडी बढ्ने आदि विविध कुराको जानकारी हुन्छ। हामी वर्तमान अवस्था कहाँ छौँ र कहाँ जानुपर्ने हो भन्ने कुराको निर्धारण अनुगमन र मूल्याङ्कनबाट थाहा पाउन सकिन्छ। यस १० बर्षे नगर शिक्षा योजनाको अनुगमन र मूल्याङ्कन गर्न देहायबमोजिमका कार्यक्रम सञ्चालन गरिनेछनः

१. नगर शिक्षा समितिले नगर शिक्षा योजना कार्यक्रमको कार्यान्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन गर्नेछ।
२. नगर शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमनका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा समूह परिचाललन गर्नेछ।
३. शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा योजना अनुगमन तथा मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत अन्य सरोकारवलाहरुलाई प्रविधिक सहयोग उपलब्ध गराइने छ।
४. प्रत्येक विद्यालयले त्रैमासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाइने छ।

५. विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न नगरपालिकामा विशेष समिति रहनेछ जुन समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौति मूल्याङ्कन गरी नगर शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाइनेछ।

६. विद्यालय शिक्षा योजनामा राखिएका अपेक्षित उपलब्धीहरुको अवस्था तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटिको विकास गरीनेछ।

७. समग्र शैक्षिक कार्यक्रमको अध्ययन विशलेषण गर्न शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा एक अनुसन्धान समिति गठन गरीने छ र अनुसन्धान प्रतिवेदनका आधारमा थप कार्यक्रम सञ्चालन गरीनेछ।

८. सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरीनेछ।

९. प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन, शिक्षक परिचालन, विद्यालयका गतिविधिको मूल्याङ्कनमा प्रमुख जिम्मेवार बनाइनेछ।

१०. विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा ल्याइनेछ।

११. विद्यार्थी मूल्याङ्कन र प्रमाणिकरणमा नगरपालिका भरी एकरूपता कायम गरीनेछ।

१२. विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न छात्रवृति, पाठ्यपुस्तक, पोर्टोफोलियो, प्रतिविद्यार्थी लागतमा आधारित अनुदान उपलब्ध गराइने र त्यसको कार्यन्वयनमा जोड दिइने छ।

१३. आवश्यकता अनुसार विद्यार्थीका अभिभावकहरुसँग अभिभावक शिक्षा सञ्चालन गरीनेछ।

## ६.३ समन्वय र सहजीकरण

योजना निर्माण पश्चात कार्यान्वयन चरणमा प्रवेश गर्छ। योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरुको उचित सहयोग र सहकार्यको आवश्यकता पर्दछ। योजना कार्यान्वयनमा कतिपय कार्यक्रमहरू सहजै कार्यान्वयन गर्न सकिने प्रकृतिका हुन्छन भने कतिपय कार्यक्रमहरू विविध समस्याहरु भएपनि वाध्यात्मक रुपमा कार्यान्वयनमा लैजुपर्ने खालका हुन्छन। योजनाको कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र अवसरहरूको उचित निकास निकाल्न सम्बद्ध सरोकारवाला तथा विज्ञ पक्षहरुसँग आवश्यकतानुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ।

हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको अधिकार क्षेत्रमा आधारभूत र माध्यमिक तहको शिक्षाको अधिकारको व्यवस्था गरेको छ। यसै अन्तरगत औपचारिक शिक्षा, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका शैक्षिक अधिकार समेत समावेश गरीएका छन। यी सबै अधिकारको पूर्ण रुपमा लागि नगरपालिका आत्मनिर्भर भई नसकेको अवस्थामा यस्तो महत्वपूर्ण नगर शिक्षा क्षेत्र योजना कार्यान्वयनमा प्रदेश र संघीय सरकारको समन्वय र सहजीकरण आवश्यक हुन्छ। यस योजनाको कार्यान्वयनमा तपसील बमोजिमका निकायहरुसँग समन्वय र सहजिकरण गरीनेछः

१. संघिय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरु
२. प्रदेश सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायहरु
३. शिक्षा सम्बद्ध विभिन्न सरकारी संघ संस्थाहरु
४. शिक्षा सम्बद्ध विभिन्न गैरसरकारी संघसंस्थाहरु
५. शिक्षासँग सम्बन्धीत संघ तथा प्रदेशका अन्य कार्यालयहरु

## परिच्छेद ७
## योजनाको नतिजा खाका

यस योजनाले लिएको दूरदृष्टि दीर्घकालीन सोच योजनाका समग्र उद्देश्यहरु तथा रणनीतिहरुका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरिएको छ। गन्तव्यमा पुग्नका लागि अपेक्षित उपलब्धि तथा उसका सूचकहरु निर्धारण गरिएको छ। नतिजा खाकामा उपलब्धि उपलब्धि सूचकहरु तथा तिनको संख्यात्कम मान सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने संख्यात्मक साधन हो। यसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धी मापन गर्न सकिन्छ। यसले बार्षिक योजना निर्माणका लागि आधार सृजना गर्नुका साथै अनुगमन तथा मुल्यांकनको मापदण्ड निर्धारण गर्न सहोयोग गर्दछ। यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भइ नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। समग्रमा यस योजनाको दीर्घकाली र मध्यकालीन तथा तत्कालीन उपलब्धिहरु उल्लेख गरीएको छ।

**मध्यकालीन उपलब्धिहरु**

| उपलब्धि | नतिजा सूचक | सत्यापनका स्रोत |
|---|---|---|
| गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रुपमा स्थापित भइ सबैका लागि सहज पहुच सहभागिता र निरन्तरताको सुनिश्चितता सहित समावेशिता प्रबर्द्धन हुने | मुख्य कार्यसम्पादन सूचकहरु | ➢ एकीकृत सूचना व्यवस्थापन प्रणाली<br>➢ वार्षिक स्थिति प्रतिवेदन<br>➢ विद्यार्थी उपलब्धि परीक्षण<br>➢ विद्यालय कार्यसम्पादनका प्रतिवेदन<br>➢ विभिन्न विषयगत अध्ययन अनुसन्धान तथा सर्वेक्षण<br>➢ मध्यावधिक तथा अन्तिम मुल्यांकन |

**तत्कालीन उपलब्धिहरु**

| उपलब्धि | नतिजा सूचक | सत्यापनका स्रोत |
|---|---|---|
| ❖ सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने | मुख्य कार्यसम्पादन सूचकहरु | ➢ एकीकृत सूचना व्यवस्थापन प्रणाली<br>➢ वार्षिक स्थिति प्रतिवेदन<br>➢ विद्यार्थी उपलब्धि परीक्षण<br>➢ विद्यालय कार्यसम्पादनका प्रतिवेदन<br>➢ विभिन्न विषयगत अध्ययन अनुसन्धान तथा सर्वेक्षण<br>➢ मध्यावधिक तथा अन्तिम मुल्यांकन |

| | | |
|---|---|---|
| ❖ अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा पहुच र सहभागीता सुनिश्चत भइ गुणस्तर अभिवृद्धि हुने | मुख्य कार्यसम्पादन सूचकहरु | ➢ एकीकृत सूचना व्यवस्थापन प्रणाली<br>➢ वार्षिक स्थिति प्रतिवेदन<br>➢ विद्यार्थी उपलब्धि परीक्षण<br>➢ विद्यालय कार्यसम्पादनका प्रतिवेदन<br>➢ विभिन्न विषयगत अध्ययन अनुसन्धान तथा सर्वेक्षण मध्यावधिक तथा अन्तिम मुल्यांकन |
| ❖ माध्यमिक शिक्षामा सवैको पहुच सुनिश्चत भइ सान्दर्भिकता र गुणस्तरमा सुधार हुने | मुख्य कार्यसम्पादन सूचकहरु | ➢ एकीकृत सूचना व्यवस्थापन प्रणाली<br>➢ वार्षिक स्थिति प्रतिवेदन<br>➢ विद्यार्थी उपलब्धि परीक्षण<br>➢ विद्यालय कार्यसम्पादनका प्रतिवेदन<br>➢ विभिन्न विषयगत अध्ययन अनुसन्धान तथा सर्वेक्षण<br>➢ मध्यावधिक तथा अन्तिम मुल्यांकन |
| ❖ | मुख्य कार्यसम्पादन सूचकहरु | ➢ एकीकृत सूचना व्यवस्थापन प्रणाली<br>➢ वार्षिक स्थिति प्रतिवेदन<br>➢ विद्यार्थी उपलब्धि परीक्षण<br>➢ विद्यालय कार्यसम्पादनका प्रतिवेदन<br>➢ विभिन्न विषयगत अध्ययन अनुसन्धान तथा सर्वेक्षण<br>➢ मध्यावधिक तथा अन्तिम मुल्यांकन |

## परिच्छेद ८

## मुख्य मुख्य क्रियाकलापहरु र उपलब्धी सुचक

### तालिका: १४ मुख्य उपलब्धी सूचकहरू (Key Performance Indicators-KPI)

| क्र स | सुचक | आधार वर्ष २०७७ | २०७९ | २०८२ | २०८७ | सुचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सुचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासको कूल भर्नादर: % | ८३।५ | ८५ | ८८ | ९२ | विद्यालय | IEMIS Flash |
| १.२ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका: % | १०० | १०० | १०० | १०० | विद्यालय | IEMIS Flash |
| २ | आधारभुत शिक्षा कक्षा (१-८) | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रबेश दर:% | ९७.४ | ९८.४ | ९९.४ | १०० | विद्यालय | IEMIS Flash |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबलिकाको कुल प्रवेश दर:% | १०६.३ | १०५.३ | १०४.३ | १०२.३ | विद्यालय | IEMIS Flash |
| २.३ | आधारभूत तह (कक्षा १-५) को खुद भर्नादर:% | ९७.८ | ९८.५ | ९९ | १०० | विद्यालय | IEMIS Flash |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर: % | १०९.४ | १०७ | १०५ | १०० | विद्यालय | IEMIS Flash |
| २.५ | आधारभूत तह कक्षा ५ सम्मको टिकाउदर % | ९३.३ | ९७.५ | ९८ | ९९ | विद्यालय | IEMIS Flash |
| २.६ | आधारभूत तह कक्षा ५ पुरा गर्ने दर% | ९०.६ | ९१.६ | ९३.६ | ९५.६ | विद्यालय | IEMIS Flash |
| २.९ | आधारभूत तह (कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका: % | ९.४ | ८.६ | ७.६ | ५.६ | विद्यालय | IEMIS Flash |
| २.१० | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०३ | १.०२ | १.०० | १.०० | विद्यालय | IEMIS Flash |
| २.११ | आधारभूत तह (कक्षा १-८)मा खुद भर्नादर: % | ९२.०० | ९६ | ९७ | ९९ | विद्यालय | IEMIS Flash |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१२ | आधारभूत तह (कक्षा १-८)मा कुल भर्नादरः % | १११.४ | १०५ | १०३ | १०० | विद्यालय | IEMIS Flash |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर% | ८६।९ | ८८।६ | ९१।५ | ९५।५ | विद्यालय | IEMIS Flash |
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भइ कक्षा ८ पुरा गर्ने दर% | ८२।६ | ८५ | ८७ | ९१ | विद्यालय | IEMIS Flash |
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक समता सूचाङ्क | १.०० | १.०० | १.०० | १.०० | विद्यालय | IEMIS Flash |
| २.१६ | आधारभूत तह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिका % | ८ | ५ | ३ | ० | विद्यालय | IEMIS Flash |
| २.१७ | आधारभूत तह (कक्षा १-८) मा अध्यापनरत शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्याः % | ३७।१ | ४० | ४२ | ४५ | विद्यालय | IEMIS Flash |
| **३** | **माध्यमिक शिक्षा** | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर:% | ६३।४ | ६५ | ६८ | ७१ | विद्यालय | IEMIS Flash |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर:% | ८१।१ | ८३ | ८५ | ८८ | विद्यालय | IEMIS Flash |
| ३.३ | माध्यमिक तह कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | १।०७ | १।०५ | १।०२ | १०० | विद्यालय | IEMIS Flash |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर:% | ९४।५ | | | | विद्यालय | IEMIS Flash |
| ३.५ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्याः % | १५ | १६ | १७ | १८ | विद्यालय | IEMIS Flash |
| ३.६ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्याः % | ५ | ७ | ९ | १० | विद्यालय | IEMIS Flash |
| **३.७** | **कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धी** | | | | | | |
| ३.७.१ | नेपाली | ५७.८ | ५८ | ६० | ६३ | विद्यालय | IEMIS Flash |
| ३.७.२ | गणित | ५२.७ | ५५ | ५८ | ६० | विद्यालय | IEMIS Flash |
| ३.७.३ | विज्ञान | ५७.८ | ५८ | ६० | ६२ | विद्यालय | IEMIS Flash |
| ३.७.४ | अंग्रेजी | ५२.८ | ५४ | ५८ | ६० | विद्यालय | IEMIS Flash |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | जीवन पर्यन्त शिक्षा तथा सिकाई र अनौपचारीक शिक्षा | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि)% | | | | | सा सि के | परिचालिका |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) % | | | | | सा सि के | परिचालिका |
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष उमेर समूह) | | | | | सा सि के | परिचालिका |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा, सीप विकास र तालिम | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति % | | | | | वडा कार्यालय | वडासचिव/ वडाध्यक्ष |
| ५.२ | प्राविधिक तथा व्यवसायीक शिक्षा (कक्षा ९-१२ डिप्लोमा, प्रि डिप्लोमा वा सोसरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | | | | | वडा कार्यालय | वडासचिव/ वडाध्यक्ष |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | २३.७६ | | | | विद्यालय | IEMIS Flash |
| | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ५०.३७ | | | | | |
| ६.२ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ४८.५ | | | | विद्यालय | IEMIS Flash |
| | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ७३.४६ | | | | | |
| ७ | कुल बजेटको शिक्षा क्षेत्रमा बिनियोजित बजेट | ५.७२ | ८ | १३ | २० | नगरपालिका | आर्थिक शाखा |

**तालिका: १५ कार्यक्रम तथा नतिजा खाका (Programmes & Results Framework-PRF)**

| क्र स | सुचक | आधार वर्ष २०७७ | २०७९ | २०८२ | २०८७ | सुचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सुचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरु मध्ये आवश्यक खोप प्राप्त गरेका बालवालिका दरः% | १०० | १०० | १०० | १०० | विद्यालय | IEMIS Flash |
| १.३ | प्रारम्भिक बालबिकास शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता (%) | ९८ | ९९ | १०० | १०० | विद्यालय | IEMIS Flash |
| **२** | **आधारभुत शिक्षा कक्षा (१-८)** | | | | | | |
| २.१ | मातृभाषामा पठनपाठन हुने विद्यालय ( संख्या ) | ० | ० | १ | २ | विद्यालय | IEMIS Flash |
| २.२ | आधारभुत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षकः% | १०० | १०० | १०० | १०० | विद्यालय | IEMIS Flash |
| ३.१ | माध्यमिक तह ( ९ – १२ ) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्रप्त शिक्षकहरु (%) | ९६ | ९७ | ९८ | १०० | विद्यालय | IEMIS Flash |
| **५** | **प्राविधिक तथा व्यावसायिक शिक्षा, सीप विकास र तालिम** | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यवसायीक सीप विकास तालिम (छोटो अवधि) प्राप्त गरी सीप परीक्षण उत्तीर्ण जनशक्ती (वार्षिक संख्या) | १०० | १५० | ३०० | ५०० | वडा | वडाध्यक्ष/ वडासचिव |
| ५.२ | Internet उपयोग गर्न सक्ने आर्थीक रुपले सक्रिय जनशक्ति (%) | ६० | ६५ | ८० | ९५ | विद्यालय | प्र अ |
| ५.३ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाण चिन्ह प्राप्त गरी सञ्चालनमा रहेका प्राविधिक तथा व्यवसायीक शिक्षा तथा सीप विकास तालिम कार्यक्रमहरु (%) | ० | १ | ५ | १० | विद्यालय | प्र अ |
| **५.४** | **पूर्व सिकाइ अनुभवहरु (Prior Learning) का आधारमा सीप परीक्षण भई औपचारिक प्रमाणपत्र प्राप्त (Recognition of Prior Learning) प्राविधिक जनशक्ति (संख्या)** | | | | | | |
| ५.४.१ | महिला | | | | | वडा | वडाध्यक्ष/सचिव |
| ५.४.२ | पुरुष | | | | | वडा | वडाध्यक्ष/सचिव |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.१ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्पुटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय (%) | २० | ३० | ५० | ७५ | विद्यालय | प्र अ |
| ६.२ | आधारभूत तह (१-८) मा छात्रवृति प्राप्त गर्ने विद्यार्थी (%) | | | | | विद्यालय | प्र अ |
| ६.३ | माध्यमिक तह (९- १२ ) मा छात्रवृति प्राप्त गर्ने विध्यार्थी (%) | | | | | विद्यालय | प्र अ |
| ६.४ | आधाभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक (%) | २० | ३० | ५० | ७५ | विद्यालय | प्र अ |
| ६.५ | प्रचलित कानूनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय (%) | ३० | ४० | ५० | ७५ | विद्यालय | प्र अ |
| ६.६ | बालबालिकालाई आधारभूत जीवन सीप सहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने आधारभूत तहको विद्यालय ( %) | ६० | ७५ | ८० | १०० | विद्यालय | प्र अ |
| ६.७ | विद्युतको पहुँच पुगेका विद्यालयहरु (%) | १०० | १०० | १०० | १०० | विद्यालय | प्र अ |
| ६.८ | Internet सुविधा पुगेका विद्यालयहरु (%) | ५० | ६० | ७० | ९० | विद्यालय | प्र अ |
| ६.९ | खानेपानी , शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालयहरु (%) | ८० | ८५ | ९५ | १०० | विद्यालय | प्र अ |
| ६.१० | अपाङ्गमैत्री विद्यालय (%) | ५ | ८ | १५ | २० | विद्यालय | प्र अ |
| ६.११ | मुख्य विषयहरुमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय संख्या (%) | १० | १५ | ३० | ५० | विद्यालय | प्र अ |
| **३.७** | **कक्षा ८ को विद्यार्थी सिकाइ उपलब्धी** | | | | | | |
| ३.७.१ | नेपाली | ५८.८ | | | | विद्यालय | IEMIS Flash |
| ३.७.२ | गणित | ५९ | | | | विद्यालय | IEMIS Flash |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.७.३ | विज्ञान | ५८.७ | | | | विद्यालय | IEMIS Flash |
| ३.७.४ | अंग्रेजी | ५८.८ | | | | विद्यालय | IEMIS Flash |
| ३.७.५ | सामाजिक अध्ययन | ५८ | | | | | |
| **३.७** | **कक्षा ५ को विद्यार्थी सिकाइ उपलब्धी** | | | | | | |
| ३.७.१ | नेपाली | ६२.५ | | | | | |
| ३.७.२ | गणित | ६०.८ | | | | | |
| ३.७.३ | विज्ञान | ६२.९ | | | | | |
| ३.७.४ | अंग्रेजी | ६२.५ | | | | | |
| ३.७.५ | सामाजिक अध्ययन | ६१.४ | | | | | |

**सन्दर्भ सामग्रीहरू**


शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं।

शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं

शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं।

अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं।

अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं।

अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं।

अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं।

राष्ट्रिय योजना आयोग (२०७१), तेह्रौं योजना २०७०/७१–२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं।

राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं।

राष्ट्रिय योजना आयोग (२०७५) पन्ध्रौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७७) शिक्षा क्षेत्र योजना २०७७–२०८७, लेखक: सिंहदरबार, काठमाण्डौं

सामाजिक विकास मन्त्रालय(२०७७) शिक्षा क्षेत्र योजना २०७७–२०८७, लेखक: धनगढी , कैलाली।

वेदकोट नगरपालिका (२०७७) घरधुरी सर्वेक्षण २०७७, लेखक: वेदकोट नगरपालिका, कंचनपुर।

वेदकोट नगरपालिका (२०७७) आर्थिक सर्वेक्षण २०७७, लेखक: वेदकोट नगरपालिका, कंचनपुर।

Center of Education and Human Resource Development, FLASH I Report 2076 , Author: Sanothimi, Bhaktapur.

Center of Education and Human Resource Development, FLASH I Report 2077 , Author: Sanothimi, Bhaktapur.

Center of Education and Human Resource Development, FLASH I Report 2078 , Author: Sanothimi, Bhaktapur.

नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np

शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४-२०७९/८०, लेखक: सिंहदरबार, काठमाण्डौं।

## अनुसुचि १

### नगर शिक्षा योजना निर्माण समितिमा सहभागि सदस्यहरु

| क्र स | नाम | पद | कार्यरत निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | | संयोजक | उपसचिव, वेदकोट नगरपालिका | |
| २ | | सदस्य | | |
| ३ | | सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | | सदस्य | | |
| ५ | | सदस्य | | |
| ६ | | सदस्य | | |
| ७ | | सदस्य | | |
| ८ | | सदस्य | | |
| ९ | | सदस्य | | |
| १० | | सदस्य | | |
| ११ | | सदस्य | | |
| १२ | | सदस्य | | |
| १३ | | सदस्य सचिव | | |